सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश

०७७-WC-००९९

विषयः उत्प्रेषण।

कपिलवस्तु जिल्ला, शुद्धोदन गाउँपालिका वडा नं. ६ स्थायी घर भई ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता शैलेन्द्र प्रसाद अम्बेडकर............१

बाँके जिल्ला, नेपालगञ्ज महानगरपालिका वडा नं. ८ घर भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता मोहना अन्सारी ..................१

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं.........१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ...........................................१

प्रदेश नं. १ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगर..........१

प्रदेश नं. २ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम......१

बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौंडा ..................१

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पोखरा ...................१

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बुटवल.....................१

सुदुरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी ............१

Grant

०७७-WC-०१००

हुम्ला जिल्ला, खार्पुनाथ गाउँपालिका वडा नं. ५ भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने अधिवक्ता रामबहादुर शाही......................१
बैतडी जिल्ला, दशरथचन्द नगरपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने अधिवक्ता तेजकुमार लोहया.......१
ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १३ बस्ने अधिवक्ता दिपक दुवे.....१
ऐ.ऐ. बस्ने अधिवक्ता त्रिलोकबहादुर चन्द ........................................................................१

निवेदक

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं.............१
राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौं ........................................................१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................................................१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौं ...............................................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ....................................................१
नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ...........................१
नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ....१
नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालय, सिंहदरबार, काठमाडौं..१

विपक्षी

०७७-WC-०१०१

ओखलढुङ्गा जिल्ला, साबिक भदौरे गा.वि.स. वडा नं. ७ हाल चिशंखुगढी गाउँपालिका वडा नं.६ स्थ ठेगाना भएको अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा..........................................१
काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.-५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र.....१

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौं ..........................................................१
उपराष्ट्रपतिको कार्यालय, लैनचौर, काठमाडौं ...............................................................१
सम्माननीय प्रधान्मन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदर काठमाडौं.........................................................................................................१
सम्माननीय प्रतिनिधिसभाका सभामुखज्यू, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं ..१
सम्माननीय राष्ट्रियसभाका अध्यक्षज्यू, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं ......१
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ..................................१

Grant

मानननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यू, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ................१
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ....................................................................१

### ०७७-WC-०१०२

रुपन्देही जिल्ला स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी .......................................................१ — निवेदक

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं..........१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ................................................१
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं .............१
नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाडौं .........................१ — विपक्षी

### ०७७-WC-०१०३

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ३ बाट हाल परिवर्तित ऐ.ऐ. वडा नं. ९ बस्ने अधिवक्ता हरिराम लवजू ...........................................................................१ — निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौं, नेपाल ..............................................१
नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ..................................................................................................१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............................................१
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ............१
नेपाल सरकार, खानी तथा भुगर्भ विभाग, लैनचौर, काठमाडौं .................................१
नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाडौं .........................१
नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौं ............................१
नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग, बबरमहल, काठमाडौं ..............१
नेपाल सरकार, वातावरण विभाग, बबरमहल, काठमाडौं ..............................................१
नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............१
नेपाल सरकार, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं..........१ — विपक्षी

### ०७७-WC-०१०४

ललितपुर जिल्ला, धोबिघाटस्थित केन्द्रीय कार्यालय रहेको नेपालका लागि नेपाली पार्टीको अख्तियार प्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ बस्ने अधिवक्ता आतिस कार्की ........................................................१ निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ..............................१
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ...................................................................१
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ................................१ विपक्षी
वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................................................१
राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर .....................१

०७७-WC-०१०५

काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ बस्ने अधिवक्ता विक्रम नगरकोटी ...............................................................................................१
काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ बस्ने अधिवक्ता सन्तोष भण्डारी ...............................................................................................१
काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ बस्ने प्रकृति खड्का...........१ निवेदक
काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ बस्ने रोशन बुढाथोकी..........१
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने अधिवक्ता रमेश कुमार के.सी. ...............................................................................................१

विरूद्ध

सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं .............१
सम्माननीय राष्ट्रपतिको कार्यालय, शितलनिवास, महाराजगञ्ज, काठमाडौं ...................१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं .........................१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............................................१
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, १ नं. प्रदेश, विराटनगर ...........................१ विपक्षी
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, २ नं. प्रदेश, धनुषा .................................१
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, हेंटौडा..............................१
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ..............................१
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा ................................१

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ................................१
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदुर पश्चिम प्रदेश, धनगढी ........................१
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................................१

०७७-WC-०१०९

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ अनामनगरमा कार्यालय रहेको ईन्भाईरोमेन्ट ल सोसाईटी नेपालको तर्फबाट अख्तियार प्राप्त सञ्चालक अधिवक्ता धनन्जय खनाल ..........................................................................................१ निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शितलनिवास, महाराजगञ्ज, काठमाडौं ......................................१
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ........१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................................................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ...................................................१
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............१
नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........................१
नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं...१ विपक्षी
नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं .......................................१
नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१
नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............................................१
खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौं ..............................................................१
उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ........................................................................१
वातावरण विभाग, बबरमहल, काठमाडौं .....................................................................१

आर्थिक वर्ष २०७८/०७९ को राजस्व र व्ययको वार्षिक अनुमान अर्थात्आ.व. २०७८/०७९ को वार्षिक बजेट एवम् सोसँग सम्बन्धित सम्पूर्ण कामकारवाहीसमेत संविधानको धारा १३३(१),(२),(३) बमोजिम उत्प्रेषण समेतको उपयुक्त आदेश जारी गरी प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरी पाँऊ भनी यस अदालतको संवैधानिक इजलासमा

विभिन्न मितिमा दायर गरेका रिट निवेदनहरुमा सबै निवेदनहरुको मुख्य मागदाबी एकै किसिमको भएकोले रिट निवेदनमा र लिखित जवाफमा उल्लेख भएका मूल कुराहरु समेत मिलाई एकैसाथ राखिएको छ। सो गर्दा यस इजलाससमक्ष पेश हुन आएका प्रस्तुत रिट निवेदनहरुको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छः-

तथ्यगत व्यहोरा

१. रिट निवेदनहरुको साझा संक्षिप्त व्यहोराः-

सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७८।०२।१५ गतेमा गर्नुभएको राष्ट्रका नाममा गरिएको सम्बोधन, सो सम्बोधनमा उल्लेखित नीति तथा कार्यक्रमका आधारमा नेपाल सरकार मन्त्रिपरिषदको सिफारिसमा सम्माननीय राष्ट्रपतिज्युबाट मिति २०७८।२।१५ मा आर्थिक अध्यादेश २०७८, विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ जारी भएको अवस्था छ। आर्थिक अध्यादेश, २०७८ को दफा २ को उपदफा २ मा निकासी हुने मालवस्तुमा अनुसूची २ बमोजिम भन्सार महसुल लगाइने र असुल गरिनेछ भन्ने व्यवस्था छ। उक्त अनुसूची २ को खण्ड १ को शिर्षक नं. २५.०५, २५.१५ र २५.१७ लगायतमा बालुवा, ढुङ्गा, रोडा, गिट्टीसमेत नेपालबाट विदेशमा निकासी हुने मालवस्तु र सोमा लाग्ने निकासी भन्सार महसुल उल्लेख छ। त्यस्तै उक्त अध्यादेशको दफा ३८ मा भन्सार ऐन, २०६४ मा संशोधन गरी ऐनको दफा ८९(घ) मा अन्तराष्ट्रिय ब्यापार वा निकासी एकद्वार प्रणालीको विकास गरिने उल्लेख छ। नेपाल सरकारका अर्थमन्त्रीज्यूले मिति २०७८।२।१५ मा सार्वजनिक गर्नुभएको आ.व. २०७८/०७९ को आयब्ययको सार्वजनिक जानकारी बक्तव्यको बुँदा नं. २ मा सम्माननीय राष्ट्रपतिज्यूबाट भएको विनियोजन अध्यादेश, आर्थिक अध्यादेश र राष्ट्र ऋण उठाउने अध्यादेश कानूनहरुमा उल्लिखित मुलभूत विषय आयव्ययको वक्तव्यमा समावेश गरेको उल्लेख भएको र सोही वक्तव्यको बुँदा नं. १९९ मा वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा खानीजन्य ढुङ्गा, गिट्टी र बालुवा निकासी गरी व्यापार घाटा न्युनिकरण गरिनेछ। निकासी गरिने खानीजन्य निर्माण सामाग्री परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था मिलाएको बेहोरा उल्लेख छ। सोही वक्तव्यलाई नै आधार मानी मिति २०७८।२।१९ गते अर्थ मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तीमा चुरेक्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा खानी उत्खनन गर्ने नीतिगत दृष्टिकोण प्रस्तुत गरिएको बेहोरा उल्लेख भएको तथा

नेपाल सरकार, खानी तथा भुगर्भ विभागले चुरेक्षेत्रको मोरङ, उदयपुर, मकवानपुर, चितवन, डोटी, डडेल्धुरा लगायतका नेपालका १४ जिल्लाका ९२ स्थानबाट खानी उत्खनन्गरेर ढुङ्गा, गिट्टी र बालुवा निर्यातको योजना बनाइसकेको समाचारसमेत सार्वजनिक भएको अवस्था छ। यी उल्लेखित व्यहोराहरुले नेपालको चुरेक्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा खानी उत्खनन गर्ने, चुरेक्षेत्रमै उत्खनन्, प्रशोधन उद्योगहरु सञ्चालनमा ल्याउन दिने र सो उद्योगदेखि निकासी बिन्दुसम्म उक्त मालवस्तु निकासीको लागि रोप-वे परिवहन मार्ग निर्माण गर्ने तथा रोप-वे निर्माण गर्न लाग्ने सम्पूर्ण सामानहरुको आयातमा भन्सार छुट गरी उक्त चुरेक्षेत्रको खानीजन्य प्राकृतिक स्रोतहरु ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने व्यवस्था गरिएको देखिन्छ। सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन, आर्थिक अध्यादेश, २०७८ को दफा २ को उपदफा २ सँग कानूनी व्यवस्था र अनुसूची २ को खण्ड १ को शिर्षक नं. २५.०५, २५.१५ र २५.१७, अर्थ मन्त्रालयबाट जारी उक्त आयब्ययको सार्वजनिक जानकारी बक्तब्यको बुँदा नं. २ र १९९ तथा मिति २०७८।२।१९ को अर्थ मन्त्रालयको प्रेश विज्ञप्तिमा उल्लेखित व्यहोराहरु र खानी तथा भुगर्भ विभागबाट चुरेक्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने योजना सबै एकअर्कोमा अन्तरसम्बन्धित भई आर्थिक अध्यादेश, २०७८ कै अभिन्न अंग भएकोमा प्रष्ट छ।

आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी बक्तब्यको बुँदा नं. १९९ नं. कार्यन्वयन भएर चुरे क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवाको निकासी यही रफ्तारमा रह्यो भने खास गरी तराई मधेशका कृषि योग्य भुमिहरु मरुभुमीमा परिणत हुनेछ। सिंचाईको अभाव भएर बालीनाली नष्ट हुनेछन्। चुरेको दोहन भएको कारण नदी खोलाको पानीमा तेज बहावको कारण तराई-मधेशको हजारौं गाउँहरु बाढीले बगाउन सक्ने खतरा बढेको अवस्था छ। मुलुकको कुनै हिस्साको भू-बनोटमा हेरफेर भयो भने फेरि त्यसलाई साबिककै अवस्थामा फर्काउन सकिदैन तर त्यसको पीडा/असर पुस्तौंसम्म रहिरहन्छ। साथै जलाशयमा रहने जीवजन्तु लोप हुने, जीवाणु, वनस्पतिहरु नष्ट हुनुको साथै तिनीहरुको बासस्थानसमेत नष्ट भई पारिस्थितिको पद्धतिमा समेत असर पर्ने भएको छ। चुरे मासियो भने तराई-मधेश क्षेत्रको कृषि, आजीविका, संस्कृति, पारम्परिक ज्ञान, बसोबास सबै संकटमा पर्छ। "चुरे आफैं बोल्न सक्दैन, उ स्वयंमा मुक छ तर त्यसको उपयोगिताले आफैंमा अनेकौं कुरा सम्प्रेषण गरिरहेको हुन्छ। चुरे पहाड भूजैविक, भौगर्भिक आदि दृष्टिले कमलो, संवेदनशील, वातावरण तथा वन

वनस्पतिको भण्डार रहिआएको छ, जसको पछिल्ला केही दशकदेखि तीव्र दोहन भइरहेको छ। चुरे पहाड तराईको रक्षा कवचको रुपमा रहेको छ। तराईका जनता प्रतिवर्ष बाढी पहिरो, पानीको समस्या र कृषि उपज समेतको समस्याबाट ग्रसित हुँदै आएको छ। चुरेक्षेत्रको कमजोर भू-बनौटका कारण यहाँका ढुँगा, गिट्टी निकालियो भने नदीको बहाव तीव्र हुने र तीव्र बहावले बगाएर ल्याउने बालुवा मधेशमा थुप्रिँदै जाने प्रायः निश्चित नै छ। चुरेक्षेत्र बालुवा गिट्टीको स्रोत मात्र नभई प्राकृतिक सम्पदामा समेत धनी छ। यहाँको प्रदेश सरकार मातहत रहेको वन सम्पदाको ठूलो हिस्सा चुरे भावर क्षेत्रमा नै रहेकोले चुरे दोहनले सबै प्राकृतिक सम्पदाले आफ्नो वासस्थान गुमाउने निश्चित छ। नेपाल सरकारको यस्तो निर्णयले देशकै अन्न भण्डारको रुपमा रहेको तराईको सम्पूर्ण भू-भाग मरुभूमिकरण भई शतप्रतिशत जनताको बिल्लीबाठ हुने निश्चित छ। त्यसकारण वन विनाश, वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षण, पानी मुहान संरक्षणको साथै तराईलाई मरुभूमिकरण हुनबाट जोगाउने कार्यप्रति सरकार सजग हुनुपर्छ। सरकारले व्यापार घाटा न्यूनिकरण गर्ने अन्य थुप्रै उपायहरु हुँदाहुँदै पनि देशको माटो, ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी अन्य मुलुकलाई बेच्नु भनेको अत्यन्तै दुःखद हो। छिमेकी मुलुकसँग आफ्नो सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले चुरेक्षेत्रको दोहन गर्नको लागी बजेट भाषणको बुँदा नं.१९९ ल्याउने कार्यले वातावरण विनाश हुने, प्राकृतिक सम्पदाहरु नष्ट हुने, बाढी पहिरो आउने, भुक्षय हुने, सिचाईको अभाव हुने, बाढी आउने र बस्तिहरु बगाउने, कृषि योग्य भुमिहरु मरुभुमिकरण हुनुको साथै पानीको सतह सुक्ने र खानेपानीको समेत अभाव हुने अवस्था छ। यस्तो निर्णय गैरसंवैधानिक र अन्तराष्ट्रिय हुनुका साथै तराई-मधेस र भावी सन्तति माथिको अपराधसमेत रहेको छ। प्राकृतिक स्रोत, साधन, पर्यावरण जस्ता विषयलाई संसद्मा छलफलसम्म नगराई अध्यादेशबाट बजेट ल्याएर जुन खालको निर्णय गरियो, यो राष्ट्रघाती छ। सदनमा लामो छलफल गरेर के गर्दा मुलुकको हित हुन्छ, आफ्नो देशमा उपयोग कसरी गर्ने, वैज्ञानिक रूपमा निकासी कसरी गर्न सकिन्छ भन्नेबारे छलफल हुनुपर्थ्यो। कानून बनाएर वैज्ञानिक ढंगले काम गर्नुपर्थ्यो तर केही नगरी आफ्नो सत्ता स्वार्थका लागि गर्न नहुने काम सरकारबाट भएको छ।

नेपालको संविधान २०७२ को धारा ३० को उपधारा (१) माः- प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ नै वातावरणमा बाँच्न पाउने हक हुनेछ। तर अहिले बजेटमा ल्याइएको १९९

नम्बरको नीति लागू गरिने हो भने संविधानले दिएको मौलिक हक खोसिने अवस्था छ। संविधानको धारा ५ को उपधारा (२) मा राष्ट्रहित प्रतिकुलको आचरण र कार्य संघीय कानून बमोजिम दण्डनीय हुनेछ भन्ने उल्लेख गरिएको छ। त्यस्तै धारा १६ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ भनिएको छ। यदि यो बदनियतपूर्ण तवरले ल्याइएको नीति लागू हुने हो भने संविधानले प्रद्धत गरेको मौलिक हक अधिकार कुण्ठित हुने र वातावरणीय सन्तुलन बिग्रिन गई ठूलो रुपमा देशले क्षति व्यहोर्नुपर्ने अवस्था सिर्जना हुन्छ। बिगतमा राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास समिति गठन गरेर चुरे क्षेत्रको दोहन रोक्न र चुरे संरक्षण गर्न विकास समितिमार्फत विभिन्न मापदण्ड निर्धारिण गरेको थियो। सो निति र निर्णयलाई विस्थापित गर्दै व्यापार घाटा न्युनिकरण गर्न भन्ने नारा दिएर ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्नु तराई तथा समग्र देशलाई नै दीर्घकालीन विनासतिर धकेल्नु हो।

वातावरण संरक्षण ऐन, २०७६ को प्रस्तावनामा नै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने उल्लेख छ। यो नीति र निर्णय कार्यन्वयनमा आएमा चुरे क्षेत्रमा मनपरि रुपमा दोहन हुने र त्यसको दिर्घकालीन प्रभावले पहाड र सिमाका क्षेत्रमा समेत ठूलो विनाश निम्त्याउने सरकारको आत्मघाती यो नीति बदरयोग्य छ। यस्तो आत्मघाती नीति लिएर सरकारले स्वच्छ वातावरणको हक, आधुनिक मानव अधिकार र चौथो पुस्ताको मानव अधिकार मानिने वातावरणीय हक तथा यसलाई सुनिश्चित गर्ने नीति, कानून, अदालती नजिर, क्षेत्रीय सन्धी, अन्तर्राष्ट्रिय महासन्धिलाई वेवास्ता र नजरअन्दाज गरेको छ।

एक राष्ट्रले मात्र प्रयास गरेर वातावरणीय सम्वर्द्धन संरक्षण गर्न सकिदैन। औद्योगिकीकरण, वन विनास जस्ता कारणले वातावरणीय क्षयीकरण भएर मानवीय स्वास्थ्य, जीवजन्तुको बासस्थान, हिमालय, समुद्र, नदिनाला, जलवायु जस्ता क्षेत्रमा नकरात्मक असर पर्ने भएकाले यसलाई जोगाई राख्न विश्वमा विभिन्न घोषणापत्र, प्रस्तावहरु तथा अन्तराष्ट्रिय सन्धि महासन्धि भएका छन्। जुन सन्धि महासन्धिमा पक्षराष्ट्रका रुपमा नेपाल पनि छ। पक्ष राष्ट्र भएको नाताले यी सन्धि महासन्धिहरु नेपालमा पनि बन्धनकारी हुन्छन्। यो नीतिले चुरेपहाडको विनाश भई तराईको उव्जाउ जमिन बिकराल बाढी, कटान र डुबानले अन्ततः मरुभूमि बन्न

सक्छ। त्यसैले सरकारबाट नीति निर्देशन राष्ट्र र नागरिक हितमा हुनका साथै संविधान र कानूनसम्मत हुन अपरिहार्य छ। संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको भनी स्पष्ट उल्लेख गरेको छ। यस्तो असंवैधानिक र कानूनको विपरीत गतिविधिमा स्वयम् राष्ट्रपति र प्रधानमन्त्री नै अग्रसर हुने हो भने देशको भौगोलिक अखण्डता, राष्ट्रियता र राष्ट्रिय सूरक्षा समेतमा खलल पुग्ने भएकाले आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्य मार्फत चुरे दोहनलाई मार्ग प्रशस्त गर्न लिएको १९९ नम्बरको नीति नेपालको संविधान २०७२ को धारा ३० सँग बाझिन गएकोले धारा १३३(१), (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर गरी संविधान र कानून बमोजिम उक्त आर्थिक वर्ष २०७८/०७९ को बजेटको १९९ नम्बरबाट हुने सम्पुर्ण कामकारवाही नगर्नु नगराउनु भनी परमादेशसमेत जारी गरी पाँऊ भन्ने सबै रिट निवेदकहरुको मुख्य रिट निवेदन दाबी रहेको।

__१.१ रिट नं. ०७७-WC-०१०१ को रिट निवेदनको थप निवेदन बेहोरा:__

नेपाल सरकारको तर्फबाट मिति २०७८।०२।१५ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थ मन्त्रालय, सिंहदरबारबाट आर्थिक वर्ष २०७८/२०७९ को बजेटलाई संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेश गर्नुपर्ने, बजेट संसद्को बैठकमा पेश नगरी संसद्भन्दा बाहिरबाट सार्वजनिक गरिएको छ र हाल संसद्मा पेश हुने अवस्था छैन। तर संविधानसभामार्फत्जारी गरिएको नेपालको संविधानमा प्रतिनिधिसभा विघटित भएको अवस्थामा नेपाल सरकारका तर्फबाट प्रत्येक वर्षको जेठ १५ गते अनिवार्य रुपमा प्रस्तुत गर्नै पर्ने आयव्ययको अनुमान अर्थात्बजेट संसद्को प्रतिनिधिसभा नभएको वा विघटन भएको अवस्थामा कहाँ कुन प्रक्रियाद्वारा प्रस्तुत गर्ने भन्ने कुनै व्यवस्था गरिएको छैन। यस्तो अवस्थामा नेपाल सरकारद्वारा राज्य सञ्चालन, आम नागरिकको मौलिक हकको कार्यान्वयन तथा राष्ट्रहितसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आर्थिक प्रशासनसँग तथा संविधान एवं कानून कार्यान्वयनसँग जोडिएको गहन विषयवस्तुको रुपमा रहेको सरकारको आय व्ययको अनुमानलाई संसद्भन्दा अन्यत्रबाट अन्य ढंगले "पूरक बजेट वा आकस्मिक बजेट" सम्म पनि नभई आर्थिक वर्षको पूर्ण बजेटको रुपमा बजेट प्रस्तुत गरिएको हुँदा अध्यादेशको अवधिभित्र संसद् बस्न नसकेमा वा प्रतिनिधिसभा गठन नभएमा वा अध्यादेशको अवधि सकिएपछि पुनः अध्यादेशमार्फत्नै बजेटको कार्यान्वयन गरिएमा वा अध्यादेशमार्फत्ल्याएको

बजेट संसद्ले अनुमोदन नगरेमा वा बजेट संशोधन गरिएमा वा रद्द गरिएमा वा प्रतिस्थापन आदि जेसुकै गरिएमा समेत त्यस्तो आयव्ययको अनुमानको संवैधानिक तथा कानूनी वैधता के हुने ? संसद्को प्रतिनिधिसभा पुनःस्थापना भए पनि नभए पनि वा संसद्ले अनुमोदन गरे पनि नगरे पनि संसदीय व्यवस्था अपनाएको हाम्रो देशको संसद्को हैसियत वा भूमिका के हुने भन्नेसमेत सम्बन्धमा संविधान तथा प्रचलित कानूनमा कुनै व्यवस्था नभएको र उपरोक्त बमोजिम घोषणा गरिएको बजेटको वैधानिकता सम्बन्धमा तत्काल व्याख्या नहुने हो भने संघीय सरकार र राज्यका अन्य इकाईद्वारा उपरोक्त बमोजिम संसद् वा सम्बन्धित सभा बाहिरबाट तथा अध्यादेशमार्फत प्रस्तुत गरिएको/गरिने बजेटको वैधता र निरन्तरतामा गम्भीर संकट उत्पन्न हुन जाने, मूल कानूनको रुपमा रहेको संविधानको उल्लङ्घनले निरन्तरता पाई कानूनी शासन र राज्यका मुख्य अङ्गहरुको रुपमा रहेका व्यवस्थापिका र कार्यपालिका समेतको शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तमा आघात पर्ने र सरकार एवं संसद् तथा सभाको जिम्मेवारीपन तथा जवाफदेहिता क्षीण हुनुको साथै यसबाट आम नागरिक तथा राष्ट्रलाई गम्भीर तथा अपूरणीय क्षति पुग्ने भएकोले यस्तो राष्ट्रिय सार्वजनिक सरोकारको महत्वपूर्ण, गम्भीर तथा संवेदनशील विषयको रुपमा रहेको बजेट प्रस्तुत गर्ने बाध्यात्मक संवैधानिक व्यवस्थासँग सम्बन्धित प्रस्तुत रिट निवेदनको विषयवस्तुको सम्बन्धमा अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारको अभाव भएकोले संविधानको धारा ४६ र धारा १३३ (१), (२), (३) समेत बमोजिम उत्प्रेषण, परमादेश लगायतका उपयुक्त आदेश जारी गरी प्रभावकारी न्यायिक उपचार पाँऊ।

संविधानको धारा ११९ बमोजिम नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको बजेटको व्ययभार हुने आवश्यक रकमहरू र संघीय विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू समेतका विषयहरुहरु समेत खुलाई राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको पन्ध्र गते वार्षिक अनुमान पेश गर्नुपर्ने, त्यसरी वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। धारा १२० मा विनियोजन ऐन बमोजिम व्यय हुने रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिने व्यवस्था छ। त्यसैगरी प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३८ र राष्ट्रिय सभा नियमावली, २०७४ को नियम १३० मा

संविधानको धारा ११९ बमोजिम अर्थ मन्त्रीले संघीय संसद्को संयुक्त बैठकमा राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्ने, सो बमोजिम राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत भएपछि बसेको बैठकमा अर्थ मन्त्रीले राजस्व र व्ययको वार्षिक अनुमानको एक प्रति टेबुल गर्ने, राजस्व र व्ययको वार्षिक अनुमान टेबुल गरिएको दिन त्यसमा छलफल नगरिने व्यवस्था छ। साथै प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १३९ मा, अर्थमन्त्रीले बैठकमा आर्थिक विधेयक प्रस्तुत गर्ने अनुमतिको लागि प्रस्ताव प्रस्तुत गर्नुअघि राजस्व र व्ययको वार्षिक अनुमान माथि सामान्य छलफल गर्नको निमित्त सभामुखले प्रधानमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको अन्य कुनै मन्त्रीसँग परामर्श गरी दिन तथा समयावधि तोक्ने, त्यसरी तोकिएको दिन र समयावधिभित्र राजस्व र व्ययको वार्षिक अनुमान माथि सामान्य छलफल गरिने व्यवस्था गरिएको छ। त्यसैगरी, नियम १४२ मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयकको सम्बन्धमा यस परिच्छेदमा लेखिए बमोजिमको कार्यविधि अपनाइनेछ भन्ने व्यवस्था गर्नुको साथै, विनियोजन विधेयक प्रस्तुत गर्न पूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल गरियोस्‌भनी अर्थ मन्त्रीले प्रस्ताव राख्ने, त्यसरी गरिने छलफलको कार्यविधि कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले निर्धारण गरे बमोजिम हुने र छलफल बैठकमा राजश्व र व्ययको बार्षिक अनुमान प्रस्तुत हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै समाप्त भइसक्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३१ मा राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्नको निमित्त अध्यक्षले प्रधानमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको अन्य कुनै मन्त्रीसँग परामर्श गरी दिन तथा समयावधि तोक्ने र त्यसरी तोकिएको दिन र समयावधिभित्र राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरिने व्यवस्था गरिएको छ। साथै, नियम १६ मा विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल गरियोस्‌भनी अर्थमन्त्रीले प्रस्ताव राख्ने व्यवस्था गरिएको छ। यसरी नेपाल सरकारको आय व्यय अनुमान वा बजेट संसद्को संयुक्त सदनमा प्रस्तुत गरिने भए तापनि बजेटमा प्रतिनिधिसभाको विशेष भूमिका रहेको देखिन्छ। तर प्रतिनिधिसभा नचलेको अवस्थामा वा प्रतिनिधिसभा रहे तापनि प्रतिनिधिसभा नबोलाई वा प्रतिनिधिसभाको विघटन

भएको अवस्थामा वा संसद्को कुनै एक सदनमा मात्रै वा राष्ट्रिय सभामा मात्रै वा संसद्भन्दा बाहिर बजेट पेश गर्न सकिने सम्बन्धमा कहिँकतै कुनै कानूनी व्यवस्था भएको देखिँदैन। संविधानको व्यवस्था बमोजिम आयव्ययको विवरण प्रतिनिधिसभामै पेश गर्नुपर्ने हो तर प्रतिनिधिसभा विघटन भएको अवस्थामा के कसरी बजेट सार्वजनिक गर्ने भन्ने मूल कानूनको रुपमा रहेको संविधान तथा अन्य प्रचलित कानूनमा कुनै व्यवस्था नभएको र सो सम्बन्धमा सम्माननीय राष्ट्रपतिबाट कुनै अध्यादेशसमेत जारी नभएको अवस्थामा बजेट सार्वजनिक गरिने काम संविधानमा भएको व्यवस्था विपरीत भएको देखिन्छ। यसरी संविधानको कार्यान्वयनमा समस्या उत्पन्न भएको वर्तमान अवस्थामा संविधानको धारा ७६ ले प्रतिनिधिसभा विघटन हुन सक्ने परिकल्पना गरेको तर धारा ११९ ले प्रतिनिधिसभा विघटन हुन सक्ने कुरालाई अनदेखा गरी प्रत्येक आर्थिक वर्षको बजेट जेठ १५ गते संसद्को दुवै सदनको संयुक्त बैठकमा पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको अवस्थामा प्रतिनिधिसभा नरहेको वा विघटन भएको अवस्थामा बजेट कसरी पेश वा सार्वजनिक गर्ने भन्ने संवैधानिक विवादको व्याख्या हुनुपर्ने आवश्यकता देखिन्छ। संविधानमा व्यवस्था भएबमोजिम संघीय संसद्को प्रतिनिधिसभा नरहेको अवस्थामा वा प्रदेशसभा वा गाउँ वा नगरसभा समेतका अन्य स्थानीय सभाभन्दा बाहिरबाट नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट कसैले आयव्यय अनुमान विवरण पेश गर्न पाउने नपाउने वा पेश गरेमा त्यसको कार्यविधि, प्रक्रिया र परिणाम के हुने वा संघीय बजेट जेठ १५ गते बाहेक अन्य दिनमा पेश भएमा वा सार्वजनिक गरिएमा के हुने तथा प्रदेशसभामा बजेट पेश गर्न पर्ने संवैधानिक बाध्यता हो कि गर्न सक्ने मात्र हो भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले धारा ११९ को सम्बन्धमा स्पष्ट कानून निर्माण गरी लागु गर्नू गराउनू भनी विपक्षीहरुका नाउँमा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाँऊ भन्नेसमेत बेहोराको निवेदन।

१.३ रिट नं. ०७७-WC-०१०४ को निवेदनको थप निवेदन बेहोरा:

नेपाल राज्य भित्रका सम्पूर्ण नदीनाला, खोलाहरुको उत्खनन गर्न कुनै स्वीकृति दिने वा सो कार्यहरु गर्न गराउन दिन अघि सबै खोलानालाहरुको प्राकृतिक रुपमा सो वस्तुहरु उत्पादन गर्न सक्ने क्षमताबारे अनुसन्धान गरी गराई उक्त क्षमताभन्दा बढी उत्खनन हुन नदिनु र सो को सुनिश्चितता गर्न आवश्यक मापदण्ड बनाउनु, उक्त मापदण्ड पालन भएको नभएको भनी अनुगमन निरीक्षण गर्न गराउन र मापदण्ड विपरीत भएका उत्खननका कार्यहरु उपर

आवश्यक कारवाही गर्न गराउन व्यवस्था मिलाउने कार्यहरु यथाशिघ्र गर्नु गराउनु भनी प्रत्यर्थी नं. १, २, ३ र ४ का नाममा परमादेशको आदेश जारी गरी पाँऊ।

नेपाल राज्य भरिका पहाड (चुरे, महाभारत र उच्च पहाडी क्षेत्र) मा गिट्टी, ढुङ्गा, बालुवा जस्ता न्युन मूल्यका वस्तुहरु उत्खनन गर्ने गराउने, पहाडबाट उत्खनन गरी यस प्रकारका वस्तुहरु आन्तरिक वा वैदेशिक बजारमा निकासी, ढुवानी, निर्यात गर्ने गराउने लगायतका कार्यहरु नगर्नु नगराउनु र यस प्रकारका कार्यहरु रोक्न यथाशिघ्र आवश्यक व्यवस्था मिलाई सोको अनुगमन, निरीक्षण गर्न व्यवस्था मिलाउनु र सो विपरीत हुने कार्यहरुलाई कानून बमोजिम कारवाही गर्न गराउन व्यवस्थासमेत मिलाउने कार्य यथाशिघ्र गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा प्रतिशेधात्मक परमादेशको आदेश जारी गरी पाँऊ।

चुरे क्षेत्रका पहाडमा कुनै पनि प्रकारका उत्खनन कार्य नगर्नु नगराउनु, हुन नदिनु र सो को अनुगमन र निरीक्षण गरी सो विपरीत भएका कार्यहरु कानून बमोजिम कारवाही गर्न आवश्यक व्यवस्था मिलाउनु भनी प्रत्यर्थीहरुका नाममा प्रतिशेधात्मक परमादेशको आदेश जारी गरी पाँऊ।

नेपाल राज्यभरका सम्पूर्ण नदीनाला, खोला, पहाड, हिमाल लगायतका प्राकृतिक सम्पदा र स्रोतमा दिर्घकालीन असर पर्ने प्रकृतिक कुनै कार्य, योजना आदि संचालन गर्न अघि तयार हुने वातावरण प्रभाव मुलायाङ्कन (EIA) प्रतिवेदनहरु सार्वजनिक रुपमा प्रकाशन गर्नु गराउनु र यसको नियमन र निरीक्षणको प्रभावकारी व्यवस्थापन गरी जनतालाई समय समयमा सोबारे सूचना दिन आवश्यक कार्यहरु यथाशिघ्र गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश जारी गरी पाँऊ भन्नेसमेत बेहोराको निवेदन।

<u>१.३ ०७७-WC-०१०९ को निवेदनको थप निवेदन बेहोराः</u>

नेपाल तथा भारत सरकारका बीचमा सन् २००९ मा भएको व्यापार सन्धिको Article IV को आधारमा सोही सन्धिको Protocol to the Treaty of Trade को धारा IV को उपधारा (१) को खण्ड (१), (२) र (१५) मा नेपालबाट Forest produce, Minerals which have not undergone any processing र Stone aggregate, boulder, sand and gravel विदेश निर्यात गर्ने गरी सम्झौता गरिएको देखिन्छ। उक्त सन्धिमा उल्लेखित सो व्यवस्था हाल कार्यान्वयनमा ल्याउने मनसायले बजेट वक्तव्यको बुँदा नं. १९९ मा राखिएको प्रष्ट देखिन्छ। उक्त सन्धि हुँदाको अवस्थामा लागू भएको अन्तरिम संविधान, २०६३ को धारा १५६ मा भएको

व्यवस्था बमोजिम उक्त सन्धि व्यवस्थापिको संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन हुनु पर्नेमा हालसम्म उक्त सन्धिको अनुमोदन भएको छैन। अन्तरिम संविधानको सो व्यवस्था र हालको नेपालको संविधानको धारा २७९ को उपधारा (२) को खण्ड (घ) बमोजिम प्रकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषय रहेको र उक्त बमोजिमको सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्ने बाध्यात्मक संवैधानिक व्यवस्थालाई अनदेखा गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ५ को प्रकृया र कार्यविधिसमेत पूरा नगरी लागू भएको व्यापार सन्धिका आधारमा बजेट वक्तव्यमा समावेश गरेको कारणले मात्र विदेश निर्यात गर्ने छुट नेपाल सरकारलाई नभएको हुँदा संविधानको उक्त धारासँग बाझिएको देखिन्छ। तसर्थ, चुरेभावर तथा महाभारत क्षेत्रको समग्र पर्यावरणीय प्राकृतिक प्रणालीको विनास हुनलाई रोकी सो क्षेत्रको वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखी आवश्यक व्यवस्था गर्नका साथै देहाय बमोजिमका आदेश जारी गरी पाँऊ।

२७ अक्टोबर, २००९ मा भएको व्यापार सन्धिको Article IV को आधारमा सोही सन्धिको Protocol to the Treaty of Trade को धारा IV उपधारा (१) को खण्ड (१)(२) र (१५) का व्यवस्थाहरु र मिति २०७८।०२।१५ को बजेट बक्तव्यको बुँदा नं. १९९ र २०० लाई बदर गरी पाँऊ।

(क) नेपाल सरकारले मिति २०७१।०३।१६ मा राजपत्रमा सूचना प्रकांशित गरी चुरे-तराईका क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरेको अवस्था विद्यमान रहेको हुँदा सो सूचनाले समेट्न नसकेका भित्री मधेश तथा महाभारत पहाडको क्षेत्रलाई समेत वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम वातावरण संरक्षण क्षेत्र घोषणा गरी पाउन नेपाल सरकारको नाममा परमादेश जारी गरी पाँऊ।

(ख) चुरेभावर क्षेत्र, भित्रि मधेश तथा महाभारत क्षेत्रको भौगोलिक अवस्थिति, मानव बसोबासको तथ्याङ्क, जलस्रोत तथा जलाधार क्षेत्र साथै सिमसार क्षेत्रको पहिचान, जैविक बिविधता, सरकारी तथा सामुदायिक वनको क्षेत्र, संरक्षण क्षेत्र, लोपोन्मुख प्रजातिको विवरण, विश्व सम्पदा सूचीमा परेका क्षेत्र र वनको अवस्थाको बारेमा अध्ययन गर्न राष्ट्रपति चुरे संरक्षण विकास समिति, सरोकारवाला निकाय तथा स्वतन्त्र

विज्ञहरु समावेश भएको एक अध्ययन समिति गठन गर्न परमादेशको आदेश गरी पाँऊ।

(घ) उक्त गठित समितिले चुरेभावर क्षेत्र, भित्रि मधेश तथा महाभारत क्षेत्रमा हाल सञ्चालनमा रहेका ढुङ्गा, गिट्टी, बालुवाका खानी तथा उद्योगहरुको अवस्था, अनुमती लिएर वा नलिई सञ्चालन भएका उद्योगको अवस्था, त्यस्ता उद्योगहरुको नविकरणको अवस्था साथै IEE/EIA गरे नगरेको र गरेको भए कार्यान्वयनको अवस्था समेतको अध्ययन गर्ने कायदिश तोकी पाँऊ।

(ङ) चुरेभावर क्षेत्र र महाभारत क्षेत्रमा वन ऐन, २०७६ को दफा ४४ बमोजिम वातावरण सेवाको व्यवस्थापन गर्न दफा ४६ अनुसार सशस्त्र वन रक्षक साथै वातावरण निरीक्षक सहितको चोरी निकासी एवं गैरकानूनी र अनियन्त्रित दोहन नियन्त्रण र संरक्षणका लागि विशेष स्थायी प्रकृतिको संयन्त्र गठन गर्ने आदेश जारी गरी पाँऊ।

(च) ने.का.प.२०६७ नि.नं.८५२१ मुद्दामा वातावरण इजलास गठन गर्ने गरी निर्देशात्मक आदेश भएकोमा उक्त आदेश हालसम्म कार्यान्वयन नभएको हुँदा सम्मानित सर्वोच्च अदालतमा वातावरण इजलासको गठन गरी प्रदेश स्तरमा वातावरणको मुद्दा हेर्नको लागि वातावरण न्यायाधिकरण (Green Tribunal) गठन गर्न नेपाल सरकारको नाममा परमादेश जारी गरी पाँऊ।

(छ) वातावरण संरक्षण ऐन, २०७६ तथा अन्य प्रचलित ऐनहरुमा समेत गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन् र उपयोगको स्पष्ट कानूनी व्यवस्था नभएकाले वातावरण संरक्षण ऐन, २०७६ मा गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन् र उपभोग तथा नियमनको सम्बन्धमा विशेष व्यवस्था गर्न ऐन संशोधन गरी लागू गर्नका लागि नेपाल सरकारको नाममा परमादेश लगायत उपर्युक्त आदेश जारी गरी पाँऊ भन्नेसमेत बेहोराको निवेदन।

२. यस अदालतबाट भएका आदेश

३.१ रिट नं. ०७७-WC-००९९ को रिट निवेदनमा भएको आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोका म्यादबाहेक ७ दिनभित्र प्रत्यर्थी नं. १, २ को हकमा

महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य प्रत्यर्थीहरुको हकमा सम्बन्धित प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी प्रत्यर्थीहरुलाई यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, मिति २०७८।२।८ मा प्रतिनिधि सभा विघटन भएपछि मिति २०७८।२।१५ मा अध्यादेशबाट बजेट प्रस्तुत भएको तथ्यमा विवाद रहेन। नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक अध्यादेश, २०७८ मिति २०७८।२।१५ मा सम्मानित राष्ट्रपतिबाट प्रमाणीकरण भई आ.व. २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी बक्तव्य आएको देखिन्छ। सो नेपाल सरकारको आ.व. २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी बक्तव्यको बुँदा नं. १९९ मा "वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिनेछ। निकासी गरिने खानीजन्य निर्माण सामाग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने व्यवस्था मिलाएको छु" भन्ने उल्लेख भएको देखिन्छ।

नेपालको संविधानको धारा ३० को उपधारा (१) मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ" भन्ने मौलिक हकको व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी नेपालको संविधानको धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति उल्लेख भएको देखिन्छ। जसमा राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने समेतका विभिन्न नीतिहरुको व्यवस्था छ। यस अदालतबाट प्राकृतिक स्रोत साधनको उपयोगसमेतका सम्बन्धमा यस अघि साधनको उत्खनन् प्रयोगमा दिशानिर्देश गरेको पनि पाइन्छ। खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्नु पर्ने कारण सम्बन्धमा सो बुँदा नं. १९९ मा व्यापार घाटा कम गर्ने उद्देश्य लिएको देखिन्छ। राष्ट्रको प्राकृतिक स्रोतको उपयोगमा अन्तरपुस्ता समन्यायलाई र वातावरणीय अनुकुलतालाई महत्वका साथ हेरिनु पर्दछ। ढुङ्गा, बालुवा, गिट्टी जस्तो प्राकृतिक स्रोत साधन उत्खनन् गरी निकासी गर्ने कार्यबाट राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव,

वन्यजन्तु, पशुपंक्षी, वनस्पति समेतका जैविक विविधतामा असर पुगी दुरगामी असर पार्ने र उक्त प्राकृतिक स्रोत साधनमा स्थायी सार्वभौम अधिकार (Permanent sovereignty over natural resources) जस्तो आत्मनिर्णयको अधिकार राष्ट्रमा हुने र सो को उपयोगको विषयमा सार्वभौम संसद्बाट कुनै ऐन नबनेको स्थितिमा अध्यादेशबाट उक्त बुँदा नं. १९९ को व्यवस्था गरेको देखिन आयो। नेपालको संविधानको धारा ११४ को व्यवस्था "तत्काल केही गर्न आवश्यक परेमा" अध्यादेश जारी गर्न सकिने वा मिल्ने अवस्था हो। दुरगामी असर पार्ने प्राकृतिक स्रोत साधन जस्तो दीर्घकालीन महत्वको विषयमा अध्यादेशबाट उक्त कार्य गरिदा विधायिकाको अधिकार र प्रभावकारितामा हस्तक्षेप हुन जाने सन्दर्भ तथा सुविधा सन्तुलनका दृष्टिले अहिले नै उक्त बुँदा नं. १९९ कार्यान्वयन गरिनु उपयुक्त देखिएन। तसर्थ, आ.व. २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी बक्तव्यको बुँदा नं. १९९ को व्यवस्था प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम प्रत्यर्थीहरुको नाउँमा अन्तरिम आदेश जारी गरी दिएको छ। आदेशको जानकारी तत्काल प्रत्यर्थीहरुलाई दिनू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७८।३।४ मा भएको आदेश।

**३.२. रिट नं. ०७७-WC-०१००, ०७७-WC-०१०१, ०७७-WC-०१०२, ०७७-WC-०१०३, ०७७-WC-०१०४, ०७७-WC-०१०५, ०७७-WC-०१०९ मा भएका आदेशः -**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोका म्यादबाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी प्रत्यर्थीहरुलाई यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धमा यसै विषयवस्तुसँग सम्बन्धित निवेदक अधिवक्ता शैलेन्द्र प्रसाद अम्बेडकर )हरिजन (समेत भएको लगाउको ०७७-WC-००९९ रिट निवेदनका सन्दर्भमा आज अन्तरिम आदेश जारी भएको छ। सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकारको आ.व .२०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारी बक्तव्यको बुँदा नं .१९९ को व्यवस्था प्रस्तुत रिट निवेदन अन्तिम

किनारा नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिम राखु भनी सर्वोच्च अदालत )संवैधानिक इजलास सञ्चालन (नियमावली, 2072को नियम 19को उपनियम )४ ( बमोजिम प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी तत्काल प्रत्यर्थीहरुलाई दिनू। प्रस्तुत निवेदन 077-WC- 0099को निवेदन साथै राखी नियमानुसार गर्नू भन्नेसमेत बेहोराको आदेश।

३. प्रत्यर्थीहरुबाट पेश भएको लिखित जवाफको व्यहोराः

३.१ नेपाल सरकार, अर्थ मन्त्रालय र सोही का अर्थमन्त्रीको लिखितजवाफ (सबै रिट निवेदनमा):

संविधानको धारा ११० को उपधारा (१) मा अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत हुने व्यवस्था रहेको छ। मिति २०७८।२।८ मा प्रतिनिधि सभा विघटन भई सो सभामा बजेट प्रस्तुत हुन नसकेकोले संवैधानिक व्यवस्था बमोजिम नै सम्माननीय राष्ट्रपतिबाट आर्थिक अध्यादेश, २०७८, विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ जारी भएका छन्। संविधानको धारा ५१ को खण्ड (घ) द्वारा व्यवस्था गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गतको उपखण्ड (२) मा अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने राज्यको नीति र उल्लिखित अध्यादेशमा गरिएका प्रबन्धसमेत समावेश गरी मिति २०७८।२।१५ मा आर्थिक वर्ष २०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारी बक्तव्य सार्वजनिक भएको हो। संविधानको धारा ५१ मा व्यवस्था गरिएको राज्यका नीतिहरुको कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था धारा ५५ ले गरेको हुँदा सो नीतिको कार्यान्वयनका सन्दर्भमा उक्त बजेट बक्तव्य सार्वजनिक गरिएको हुनाले सो विषयमा सम्मानित अदालतमा प्रश्न उठाउन नसकिने विषय लिई रिट निवेदक सम्मानित अदालतमा प्रवेश गरेको देखिन्छ।

बजेट बक्तव्यको बुँदा नं. १९९ मा व्यवस्था गरिएको विषय निर्यात व्यवस्थापनको लागि पूर्वाधार तयार गरी रोप-वे सञ्चालन गर्न सहुलियत प्रदान गर्ने सम्बन्धमा व्यवस्था गरिएको हो। यो नितान्त नीतिगत विषय हो भने ढुङ्गा, गिट्टी, बालुवालाई निकासी गर्ने भन्ने विषय कानूनी प्रक्रिया पुरा भएको अवस्थामा मात्र हुने हो। संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संघ, प्रदेश तथा स्थानीय तहको अधिकारक्षेत्र अन्तर्गत वातावरण संरक्षण र व्यवस्थापनका

कार्यहरु समेत राखिएको छ। त्यसैगरी पन्ध्रौं योजनाले वातावरण संरक्षण सम्बन्धी नीति निर्धारण गरेको छ। आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न वातावरण संरक्षण ऐन, २०७६ जारी भई लागु भएको छ। उक्त ऐनले मुख्य रुपमा प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नुपर्ने काम प्रभावकारी रुपले गर्न गराउन निर्धारित प्रक्रिया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्ने गरी व्यवस्था गरिएको छ। उल्लिखित संवैधानिक, कानूनी एवं नीतिगत व्यवस्थाका अधीनमा रही वातावरण संरक्षणका कार्यहरु भएका छन्। नेपालमा स्थापना हुने उद्योग लगायतका जुनसुकै कार्यमा वातावरण संरक्षण ऐन, २०७६ को प्रावधान विपरीत कार्य हुने अवस्था हाल छैन।

बजेट बक्तव्यको बुँदा नं. १९९ मा चुरेक्षेत्रको कहीकतै पनि उल्लेख भएको छैन। चुरे-तराई क्षेत्रबाट चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्‌गर्न दिदा अधिक दोहन हुन गई मानव, पशुपन्छी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएमा त्यस्ता स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्‌र निकासी हुने होइन। यो मुलुकको सबै स्थानबाट निकासी हुने नभई प्रचलित कानून बमोजिम प्रक्रिया पूरा भएपछि अनुमति प्राप्त उद्योगहरुले मात्र निकासी गर्ने हो। त्यसरी निकासी गर्ने सम्बन्धमा रोप-वे मार्फत्‌हुने निकासीको लागि रोप-वे स्थापनाको लागि आयात हुने वस्तुको आयातमा सहुलियत तथा छुट दिने सम्बन्धी व्यवस्था गरिएको छ। यस सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा मात्र खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिने कुरा प्रष्ट छ। प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, दोहन र उत्खनन्‌गर्न सकिन्छ, सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने, चुरेक्षेत्र, निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा विदेश निकासी गर्न नदिने,

सो क्षेत्रबाहेक अन्यत्रका वनजन्य र नदीजन्य पदार्थका हकमा मूल्य अभिवृद्धि गरी कम्तीमा एक तह प्रशोधन गरेर मात्र निकासी गर्न दिने, अप्रशोधित रुपमा ढुङ्गा(बल्डर) गेग्रान विदेश निकासी नगर्ने लगायतका विषयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७० सालमा नै निर्णय भएको थियो। नेपाल सरकारले यसअघि नै गरेको निर्णयको कार्यान्वयनलाई थप व्यवस्थित गर्ने उद्देश्यबाट प्रस्तुत व्यवस्था उल्लेख भएको हो।

चुरेक्षेत्रको संरक्षण र सम्बर्धन गरी चुरेक्षेत्र र सोसँग प्रभावित हुने नागरिकको जीवन, पर्यावरण संरक्षणमा नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको छ। चुरेक्षेत्र संरक्षणका सन्दर्भमा नेपाल सरकारबाट यथोचित प्रयासहरु भएको, सो क्षेत्रको संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सो क्षेत्रको संरक्षणमा पर्याप्त ध्यान दिइएको छ। ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्एवं निकासी गर्दा प्रचलित कानूनले निर्दिष्ट गरेको विधि र प्रक्रिया बमोजिम नै गरिने हो। यो जहाँको पनि जुनसुकै तरिकाले निकासी हुने नै होइन। यो रोप-वेको माध्यमबाट निकासी हुने हो। निकासीको लागि रोप-वेको स्थापना हुँदा वातावरण संरक्षण हुने र प्रदुषण कम हुने गरी गरिने हो। वर्षेनी नदीमा आउने बाढी, पहिरोबाट जम्मा हुन गएको नदीजन्य स्रोतको निश्चित मात्रा निकाल्नु नै पर्दछ। सोको उकास गरी सही मार्गमा बहन दिनुपर्ने भएकोले नदीजन्य पदार्थको सङ्कलन अनिवार्य नै हुन्छ। सो सङ्कलित पदार्थलाई मुलुकको आवश्यकता पूर्ति गरी बाँकी हुने वस्तुलाई निकासी गर्न दिदा त्यसबाट मुलुकको वर्षेनी रुपमा बढ्दै गएको व्यापार घाटा कम गर्न सकिने हुन्छ।

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ ले निकासी तथा पैठारी उपर नियन्त्रण लगाउने वा नलगाउने भन्ने अधिकार नेपाल सरकारलाई दिएको छ। सो ऐनको दफा ३ को खण्ड (क) देखि खण्ड (द) सम्मको उद्देश्य प्राप्तिका लागि निकासी पैठारीमा नियन्त्रण गर्न आवश्यक देखेमा नेपाल सरकारले सो दफा बमोजिम निकासी वा पैठारी मनाही गर्न वा सो उपर परिमाणात्मक बन्देज लगाउन सक्ने स्पष्ट व्यवस्था छ। यसरी नेपाल सरकारलाई कानूनले नै निकासी गर्न सक्ने अधिकार प्रदान गरेको अवस्था हो। सोही व्यवस्था बमोजिम कुनै नदीजन्य पदार्थको निकासी अव्यवस्थित भएमा वा निकासी गर्न दिदा अधिक दोहन हुन गई मानव, पशुपन्छी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएको अवस्थामा नेपाल सरकारले तत्काल आवश्यक नियन्त्रण गर्ने नै हुँदा बजेट बक्तव्यमा भएको व्यवस्था

कार्यान्वयन प्रक्रियामा नजादै अहिले नै वातावरण प्रदुषण गर्न खोजियो भनी नीतिगत विषयमा आदेश जारी गरी पाँऊ भन्ने दाबी कानूनसम्मत र तर्कसङ्गत छैन।

खानी तथा खनिज पदार्थ ऐन, २०४२ लगायतका कानूनी व्यवस्थाको कार्यान्वयन गर्नका लागि नेपाल सरकारले बजेट बक्तव्यको उक्त बुँदा नं. १९९ मा ढुङ्गा, गिट्टी र बालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिने व्यवस्था गरिएको हो। त्यसरी ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्दा उल्लिखित खानी तथा खनिज पदार्थ ऐन, २०४२, वातावरण संरक्षण ऐन, २०७६ लगायतका प्रचलित कानूनी व्यवस्थभित्रै रहेर मात्र गरिने हुँदा यसबाट कोही कसैको संवैधानिक एवं कानूनी हक, अधिकारमा आघात पुग्न सक्ने र राज्यलाई कुनै हानी नोक्सानी हुने अवस्था नरही राज्यलाई फाइदा पुग्न जाने हुन्छ। सम्मानित अदालतबाट आदेश जारी भई यस कार्यमा रोकावट भएमा बढ्दो व्यापार घाटा न्यूनिकरण हुन नसकी अर्थतन्त्रमा थप नकारात्मक असर पर्ने भएकाले कानून बमोजिम हुने कार्यलाई रोक्ने गरी कुनै आदेश जारी हुनु नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाँऊ।

**३.२ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ (सबै रिट निवेदनमा):**

नेपालको संविधानको धारा ११९ मा नेपाल सरकारका अर्थ मन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राजश्वको अनुमान, सन्चित कोषमाथी व्ययभार हुने आवश्यक रकमहरु र संघीय विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरु समेत खुलाई वार्षिक राजश्व र व्ययको अनुमान संघीय संसद्का दुवै सदनमा प्रत्येक वर्षको जेठ महिनाको पन्ध्र गते पेश गर्नु पर्ने व्यवस्था गरिएको छ। संविधानको धारा ११० को उपधारा (१) मा अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत हुने व्यवस्था रहेको छ। मिति २०७८।२।८ मा प्रतिनिधि सभा विघटन भई आगामी २०७८ कार्तिक २६ तथा मंसिर ३ गते प्रतिनिधि सभाको निर्वाचनको मिति घोषणा भएकोले प्रतिनिधि सभामा बजेट प्रस्तुत हुन सक्ने अवस्था थिएन। त्यसैले संवैधानिक व्यवस्था बमोजिम नै अध्यादेशमार्फत बजेट जारी गर्नु पर्ने भई सोही बमोजिम मिति २०७८।२।१५ मा माननीय अर्थ मन्त्रीले बजेट सार्वजनिक गर्नु भएको हो। संविधानको धारा ११४ मा संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै ऐ. को

उपधारा (२) मा त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसद्‌को दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्कृय हुनेछ। राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र त्यसरी निष्कृय तथा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्कृय हुनेछ भन्ने व्यवस्था रहेकोले अध्यादेश बमोजिम जारी बजेटको सम्बन्धमा प्रश्न उठ्ने स्थान भनेको संघीय संसद् रहेको हुँदा संघीय संसद्‌को क्षेत्राधिकारको विषयमा सो पूर्व नै अदालतबाट यसका व्यवस्थाका विषयमा न्यायीक उपचार माग गर्न मिल्दैन। यस्तो विषयमा अदालतबाट क्षेत्राधिकार ग्रहण गर्नु भनेको शक्तिको पृथकीकरण, नियन्त्रण तथा सन्तुलनको सिद्धान्त विपरीत हुन्छ।

संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुने छ भन्ने व्यवस्था रहेको छ। ऐ. को उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ भनी व्यवस्था गरेको छ। त्यस्तै ऐ. को उपधारा (३) ले नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने गरी व्यवस्था गरेको छ। संविधानको प्रस्तुत व्यवस्था बमोजिम मुलुकको दैनिक प्रशासन सञ्चालन गर्न, सञ्चित कोषमाथिको व्ययभार व्यहोर्न तथा राजश्व परिचालनको लागि संविधान तथा कानून बमोजिम बजेट सार्वजनिक गर्नु पर्ने हुन्छ। तसर्थ अध्यादेशको व्यवस्था बमोजिम नै संघीय सरकारको बजेट जारी भएको हो। यो आवश्यकताको उपज हो। संविधानको धारा ११४ मा अध्यादेश सम्बन्धी व्यवस्था भइसकेपछि सो व्यवस्था बमोजिम जारी भई कार्यान्वयन हुने विषयका हकमा संविधान विपरीत भन्न मिल्दैन।

संविधानको धारा ५६ को उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने छन्‌भनी किटानीका साथ व्यवस्था गरिएको छ। तसर्थ राज्य शक्तिको प्रयोगको सम्बन्धमा संविधान तथा कानून बमोजिम नै हुने हुँदा संविधान तथा कानूनको परिधिभित्र रही संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट बजेट सार्वजनिक हुनै पर्छ। कानून बमोजिम नै यी सबै निकायबाट आर्थिक अधिकारको प्रयोग हुने हो। प्रतिनिधिमूलक व्यवस्था नै मुलुकले अङ्गिकार गरेकोले कार्यकारिणी निकायबाट हुने कार्यको जाँच जनप्रतिनिधिमूलक निकायबाट नै परीक्षण हुने हुँदा संघीय बजेट, प्रदेश सरकारको बजेट तथा स्थानीय तहका बजेट सम्बन्धित निकायका

व्यवस्थापिकाबाट नै अन्तिममा उचित वा अनुचितका सम्बन्धमा परीक्षण हुन सक्ने हुन्छ। संविधानको धारा २०७ तथा २३० मा वार्षिक अनुमान पेश गर्न सक्नेछ भन्नुको अर्थ उल्लिखित प्रदेश सरकार तथा स्थानीय तहमा बजेट पेश नगरेपनि हुने भन्ने होइन। तत्काल केही गर्नु पर्ने अवस्थामा जारी हुने अध्यादेश आफैमा कानून भएकाले उक्त संवैधानिक व्यवस्थाको कार्यान्वयनबाट भएका कार्यलाई अन्यथा भनी दाबी गर्न मिल्दैन।

संघ, प्रदेश तथा स्थानीय तहको सम्बन्धको विषयमा नेपालको संघीयता समन्वय, सहकारिता र सहअस्तित्वको सिद्धान्तमा आधारित हो। संघ, प्रदेश तथा स्थानीय तहको सम्बन्धलाई व्यवस्थित गर्नको लागि नै संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ जारी भएको छ। यस बाहेक अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र सालबसाली रुपमा जारी हुने विनियोजन ऐन लगायतका कानूनबाट तीन तहका अन्तर सम्बन्धका विषय व्यवस्थित हुँदै आएका छन्। संविधान तथा प्रस्तुत ऐन बमोजिम नै समन्वय भई कार्य सम्पादन हुदै जाने भएकोले बजेटमा अन्यथा हुन गएमा के हुने भन्ने आशंका गरिरहनु पर्ने छैन।

रिट निवेदकले दाबी गर्नु भए जस्तो प्रतिनिधि सभा नभएको अवस्थामा विधायनी सुन्यता नहोस् भनेर नै संविधानको धारा ११४ मा अध्यादेश सम्बन्धी व्यवस्था भएको हो। उक्त व्यवस्था वमोजिम अध्यादेश जारी हुन सक्ने नै भएकोले सोही संवैधानिक व्यवस्था बमोजिम २०७८/०७९ को बजेट जारी भएको हो। संविधानले संघीय संसदको अधिवेशन नबसेको अवस्थामा तत्काल केही गर्न आवश्यक भएको अवस्थामा अध्यादेश जारी हुन सक्ने प्रबन्ध गरिसकेपछि अध्यादेशबाट बजेट ल्याउन पाइदैन, बजेटमा गिट्टी, ढुङ्गा तथा बालुवा जस्ता वस्तुहरु निकासीका व्यवस्था राख्न मिल्दैन भन्ने दाबी नै संविधान विपरीत छ। संविधानको धारा ५९ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने र बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था सुनिश्चित गरिसकिएको र सोही बमोजिम प्रदेशको हकमा धारा २०७ तथा स्थानीय तहको हकमा धारा २३० मा राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था भई उक्त संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम नै बजेट सार्वजनिक भइरहेको अवस्थामा बजेट पेश नगरी कार्य गर्न नपाउने व्यवस्था गरी पाउन कुनै आदेश हुनु पर्ने नै देखिदैन।

संविधानको भाग ४ मा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्ग निर्देशनका रुपमा रहने छन्भन्ने व्यवस्था रहेको छ। त्यस्तै धारा ५० मा निर्देशक सिद्धान्तहरु, धारा ५१ मा राज्यका नीतिहरुको व्यवस्था रहेको छ। उक्त धाराको खण्ड (घ), अर्थ उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत बुँदा नं. १० मा आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन सम्बन्धी नीति निर्धारण भएकै छ। त्यस्तै अर्थतन्त्रमा निजी क्षेत्रको भुमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने नीति उक्त खण्डको बुँदा नं. २ मा उल्लेख गरिएको छ भने धारा ५२ मा यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७८/०७९ को बजेटको बुँदा नं. १९९ मा व्यवस्था गरिएको विषय निर्यात व्यवस्थापनको लागि पूर्वाधार तयार गरी रोप-वे सञ्चालन गर्न सहुलियत प्रदान गर्ने सम्बन्धमा व्यवस्था गरिएको हो। यो नितान्त नीतिगत विषय हो भने ढुङ्गा, गिट्टी, बालुवालाई निकासी गर्ने भन्ने विषय कानूनी प्रक्रिया पूरा भएको अवस्थामा मात्र हुने हो। त्यसैले नीति विश्लेषण भई नीतिगत विषयमा कार्यान्वयन हुनेमा सो पूर्व नै अदालतबाट हस्तक्षेप गरी कार्यकारिणी कार्यलाई संकुचन गर्ने गरी कुनै आदेश जारी हुन मिल्दैन।

संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ। सो हक अन्तर्गत वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति बापत पीडितले प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने र राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ५१ ले जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने तथा वातावरण प्रदुषण गर्नेले सो बापत दायित्व व्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्व सूचित सहमती जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त

अवलम्बन गर्ने लगायतको नीति लिएको छ। वातावरण संरक्षण ऐन, २०७६ मा सो सम्बन्धमा आवश्यक व्यवस्था भएकै छ।

आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न वातावरण संरक्षण ऐन, २०७६ जारी भई लागू भएको छ। उक्त ऐनले मुख्य रुपमा प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नु पर्ने काम प्रभावकारी रुपले गर्न गराउन निर्धारित प्रकृया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्ने गरी व्यवस्था गरिएको छ। प्रस्तुत कानूनी व्यवस्थालाई पूरा गरी व्यवस्थित र भरपर्दो रुपमा खानीज़न्य वस्तुको रुपमा रहेको गिट्टी, ढुङ्गा तथा बालुवाको निकासी गरिने गरी आर्थिक वर्ष २०७८/०७९ को बजेटको बुँदा नं.१९९ मा नीतिगत रुपमा व्यवस्था गरिएको हो।

संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संघ, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत वातावरण संरक्षण र व्यवस्थापनका कार्यहरु समेत राखिएको छ। यसै गरी पन्ध्रौं योजनाको आधारपत्रले वातावरण संरक्षण सम्बन्धी नीति निर्धारण गरेको छ। उल्लिखित संवैधानिक, कानूनी एवं नीतिगत व्यवस्थाका अधिनमा रही वातावरण संरक्षणका कार्यहरु भएका छन्। तसर्थ, नेपालमा स्थापना हुने उद्योग लगायतका जुनसुकै कार्यमा वातावरण संरक्षण ऐन, २०७६ को प्रावधान विपरीत कार्य हुने अवस्था नै छैन।

रिट निवेदकले दाबी गर्नु भएको बजेटको प्रस्तुत व्यवस्थाले चुरेको विनास हुने, वातावरण संरक्षणमा असर पर्ने तथा संविधानको धारा ३० समेतको हकको उल्लङ्घन हुने होइन। निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा नेपाल सरकारले सूचित आदेशद्वारा कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन सक्ने तथा उपदफा (२) मा उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्ने

व्यवस्था रहेको छ। चुरे-तराई क्षेत्रबाट चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्‌गरी नेपाल बाहिर निकासी गर्न दिदा अधिक दोहन हुन गई मानव, पशु, पन्छी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएको अवस्थामा त्यस्ता स्थानबाट निकासी हुने होइनन्। यो मुलुकको सबै स्थानबाट निकासी हुने नभै प्रचलित कानून बमोजिम प्रक्रिया पूरा भएपछि अनुमति प्राप्त उद्योगहरुले मात्र निकासी गर्ने हो। त्यसरी निकासी गर्ने सम्बन्धमा रोप-वे मार्फत हुने निकासीको लागि रोप-वे स्थापनाको लागि आयात हुने वस्तुको आयातमा सहुलित तथा छुट दिने सम्बन्धी व्यवस्था प्रस्तुत बजेटको बुँदा नं. १९९ मा गरिएको हो। नदीजन्य वस्तुको निकासीको यसरी बजेटमा व्यवस्था गरिएको नै होइन। यसको लागि निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को व्यवस्था नै काफि छ। तसर्थ बजेटको बुँदा नं.१९९ को व्यवस्था संविधानसँग बाझियो भन्ने दाबी नै अनुचित छ। नेपालले चाहेको समृद्धि उपलब्ध प्राकृतिक स्रोत र साधनहरुको सन्तुलित र दिगो प्रयोगद्वारा हुन सक्छ। भौतिक विकासका क्रियाकलापहरु सञ्चालन गरी तिब्र आर्थिक वृद्धिदर हासिल भएमा मात्र समृद्धि सम्भव हुन सक्छ। नेपालका नदीनालाहरुबाट वर्षेनि रुपमा बग्ने ढुङ्गा, गिट्टी तथा बालुवा महत्वपूर्ण प्राकृतिक स्रोत मात्र नभै विकास निर्माणका लागि अनिवार्य सामाग्रीसमेत हुन्। यसलाई पर्यावरणीय रुपमा सुरक्षित गरी दिगो रुपमा उत्खनन्‌भएमा मात्र वातावरणको संरक्षण हुन्छ। नदीजन्य पदार्थको व्यवस्थित रुपमा उत्खनन्‌गर्दा नेपालको आन्तरिक खपतका लागि भन्दा धेरै गुणा बढी प्राप्त हुन सक्ने प्राविधिक रुपमा आँकलन भएको छ। जसको कारण यसको निकासीलाई स्वाभाविक रुपमा लिनु पर्ने हुन्छ। हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विकास र वातावरण बीचको सन्तुलन कायम गर्दै भौतिक विकासका क्रियाकलाप सञ्चालन गर्न अनिवार्य हुन्छ। यस अवस्थामा पूर्णतः कार्यकारिणी अधिकार अन्तर्गत नीतिगत रुपमा गरिएको र प्रचलित कानून बमोजिम कार्यान्वयन हुने विषयलाई अनुमानको आधारमा विभिन्न तर्क गरी पेश भएको रिट निवेदन न्याय निरुपण योग्य नभै खारेजभागी छ।

<u>३.३ गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ (रिट नं ०७७-WC-०९९ र ०७७-WC-०१०५ मा)</u>

यस कार्यालयको कुन कामकारवाहीबाट विपक्षी रिट निवेदकहरुले दाबी गरेको नेपालको संविधानको धारा ३०(१), वातावरण संरक्षण ऐन, २०७६ को दफा २(ज) र (ट), ३, ६, ७, १५ र ३५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को देफा ११(घ) र (छ), भू तथा

जलाधार संरक्षण ऐन, २०३९ को दफा १०(क), (घ) र (ङ) तथा जलस्रोत ऐन, २०४९ को दफा ७, १९ र २० समेतको उल्लङ्घन भएको हो ? प्रस्तुत रिट निवेदनमा कँहीकँतै पनि खुलेको नदेखिएकोले यस कार्यालयको हकमा रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाँऊ।

**३.४ बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौंडाको लिखितजवाफ (०७७-wc-००९९,०७७-wc-०१०५ मा):**

नेपालको संविधानको धारा ३० को उपधारा (१) मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ" भन्ने मौलिक हकको व्यवस्था गरिएको छ। धारा ५१(छ) मा रहेको राज्यका निर्देशक नीतिहरुमा देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्यजन्तु, वनस्पति तथा जैविक विवधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने जस्ता विषय उल्लेख रहेको छ। त्यसैगरी वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७, भु तथा जलाधार संरक्षण ऐन, २०३९, जलश्रोत ऐन, २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत प्राकृतिक तथा वातावरणीय सम्पदाको संरक्षण गर्दै दिगो विकास गर्नुपर्ने विषय उल्लेख गरिएको छ। नेपालको संविधान र प्रचलित कानूनले निर्धारण गरेको वातावरण संरक्षण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्ने विषयमा यस प्रदेश सदैब क्रियाशील र प्रतिवद्ध रहेको छ। नेपाल सरकारको आ.व. २०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारी बक्तब्यको बुँदा नं. १९९ मा उल्लेखित व्यवस्था कार्यान्वयन नगराउनका लागि विपक्षी रिट निवेदकले सम्मानित अदालत सामु रिट निवेदन दर्ता गराएकोमा संघीय सरकारले ल्याउने वार्षिक बजेटमा यस प्रदेशको क्षेत्राधिकार नहुने विषय सर्वविदितै छ। प्रचलित कानूनले प्राकृतिक सम्पदाको दोहन गर्न नहुने, त्यसको संरक्षण र सम्बर्धन गर्नुपर्ने विषय प्रष्ट रुपमा उल्लेख गरेको र प्रदेश सरकारले कानून विपरीतको कार्य गर्न नहुने विषयमा जोड दिएको हुँदा रिट निवेदकले जिकिर लिए बमोजिमको कुनै पनि कार्य यस कार्यालयबाट भए गरेको नहुनाले रिट निवेदन यस कार्यालयको हकमा खारेज गरी पाँऊ।

**३.५ मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवलको लिखितजवाफ (रिट नं. ०७७-wc-००९९ र ०७७-wc-०१०५ मा):**

रिट निवेदकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको के कस्तो काम कारवाहीबाट नेपाली नागरिकको संविधान प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुगेको भन्ने कुनै बेहोरासम्म पनि उल्लेख नगरी यस कार्यालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन आधारहीन र हचुवा छ। जहाँसम्म खानीजन्य ढुङ्गा, गिट्टी, बालुवाको निकासीको विषय छ, उक्त विषय नेपालको संविधानको अनुसूची-६ बमोजिम खानी अन्वेषण र व्यवस्थापन तथा प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको एकल अधिकारको सूचीमा रहेको र अनुसूची-८ बमोजिम खानी तथा खनिज पदार्थको संरक्षण स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको विषय भएकोले प्रदेशले बनाएको ऐन, कानून बमोजिम प्रदेश र स्थानीय तहबाट व्यवस्थापन हुने, निकासी हुने विषय भएकोले संघीय सरकारको बजेट बक्तव्यमा परेकै आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी हुन नसक्ने भएको र प्रदेशको वातावरण संरक्षण ऐन बमोजिमको प्रकृया पूरा गरेर मात्र त्यस्तो खानीजन्य पदार्थ उत्खनन गरिने हुँदा निवेदक दावी बमोजिम वातावरणमा प्रतिकूल प्रभाव पर्ने अवस्था हुँदैन। वातावरण संरक्षण ऐन, २०७६ को प्रतिकूल नहुने गरी वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा वातावरणमा प्रतिकूल प्रभाव हुन नपाउने मापदण्ड अपनाई राष्ट्रिय व्यापार घाटा न्यूनिकरण गरिने र चुरेको संरक्षणमा सरकार संवेदनशील भएकोले नै "राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण कार्यक्रम" लागू भै सञ्चालन भैरहेको हुँदा संविधान र कानूनको भावना विपरीत ढुङ्गा, गिट्टी, बालुवाको निकासी नगरिने भएकोले रिट निवेदन खारेज गरी पाँऊ।

<u>३.६ प्रदेश नं. १ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगरको लिखितजवाफ (रिट नं. ०७७-WC-००९९ र ०७७-WC-०१०५ मा)</u>

प्रदेश नं. १ अन्तर्गतका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन्का लागि सम्बन्धित निकायबाट अनुमति लिएर वा नलिएर अवैध उत्खनन्भइरहेको जिकिर गरिएको विषयमा प्रदेश नं. १ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्तिपरिषद्को कार्यालय, विराटनगरको के कस्तो संलग्नता रहेको हो ? साथै, यस कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन्भएको हो ? भन्ने सम्बन्धमा रिट निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। आ.व. २०७८/०७९ को बजेट बक्तव्यको बुंदा नं. १९९ मा उल्लेख भएको निकासी गरिने खानीजन्य निर्माण सामाग्रीको परिवहनका

लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था उल्लेख भएकोमा भन्सार, अन्तः शुल्क, मूल्य अभिवृद्धि कर र अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन जस्ता विषय नेपालको संविधान बमोजिम संघको अधिकार क्षेत्रभित्र पर्दछ। सोही बमोजिम संघीय सरकारले निकासी गरिने खानीजन्य निर्माण सामाग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने गरी गरेको निर्णयमा प्रदेश सरकार र यस कार्यालयको कुनै संलग्नता नरहने स्पष्ट नै छ। तसर्थ, संघीय सरकारले निर्णय गरी बजेट बक्तव्यमा उल्लेख गरेका विषयमा प्रदेश नं. १ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, विराटनगरलाई विपक्षी बनाउनु पर्ने कुनै कारणसमेत नभएकोले रिट निवेदन खारेज गरी पाँऊ।

<u>३.७ सुदुरपश्चिम प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखितजवाफ (रिट नं. ०७७-WC-००९९ र ०७७-WC-०१०५ मा):</u>

रिट निवेदनमा उठाइएको विषयवस्तु नेपाल सरकारका तत्कालीन अर्थमन्त्री बिष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारी बक्तव्यको बुँदा नम्बर १९९ मा उल्लेख भएको खानीजन्य निर्माण सामाग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था यस कार्यालयसँग सम्बन्धित र सरोकार रहेको नदेखिंदा प्रस्तुत रिट निवेदन खारेजभागी छ।

<u>३.८ राष्ट्रपतिको कार्यालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१००, ०७७-WC-०१०१, ०७७-WC-०१०३, ०७७-WC-०१०५ र ०७७-WC-०१०९ मा):</u>

नेपालको संविधानको धारा ६६ को उपधारा (२) मा राष्ट्रपतिले आफ्नो अधिकार र कर्तव्यको पालना गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै नेपालको संविधानको धारा ११४ को उपधारा (१) मा "संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को

सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था छ। अतः संविधानको धारा ११४ को उपधारा (१) मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था स्पस्ट रूपमा उल्लेख भएको सन्दर्भमा निवेदकले उठान गरेको विषय आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यको रूपमा आएको र सो बजेट बक्तव्यमा उल्लेख भएको उक्त विषय आर्थिक अध्यादेशसँग सम्बन्धित रहेको देखिन्छ। अतः निवेदकले उठान गरेको विषय समावेश भएको "आर्थिक अध्यादेश, २०७८" जारी हुन नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएको र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भई आएकोले संविधानको उल्लेखित राष्ट्रपतिज्युबाट "आर्थिक अध्यादेश, २०७८" जारी भएको हो। संविधानको धारा ११४ को उपधारा (१) मा भएको बाध्यात्मक व्यवस्थालाई सम्माननीय राष्ट्रपतिज्यूबाट कार्यान्वयन मात्र भएको हुँदा अध्यादेश जारी गर्ने कार्य संविधानसम्मत छ। उक्त संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न राष्ट्रपतिको कार्यालयबाट भएको कार्य उपर यस कार्यालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन बदरभागी हुँदा खारेज गरी पाँऊ।

**३.९ नेपाल सरकार, गृह मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१००, र ०७७-WC-०१०९ मा):**

नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा प्रचलित कानूनको पालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकहरुको संविधान तथा कानून प्रदत्त हक हितको संरक्षण, सम्बर्द्धन गर्दै राष्ट्रहित कायम र प्रवर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ। रिट निवेदन अध्ययन गर्दा आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यको बुँदा नं.१९९ को व्यवस्था नेपालको संविधानसँग बाझिन गएकोले उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर गरी पाँऊ भनी मुख्य जिकिर लिएको देखिन्छ। साथै उक्त रिट निवेदनमा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार तथा कारणसमेत उल्लेख भएको देखिदैन। रिट निवेदनमा यस मन्त्रालयको के कस्तो कामकारवाही तथा निर्णयबाट संविधान तथा कानून प्रदत्त हक अधिकारको उल्लङ्घन हुन गएको हो ? सो कुरा रिट निवेदनमा कहिकतै उल्लेख भएको छैन। रिट निवेदकले कुनै पनि ठोस आधार कारण बिना यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाँऊ।

## ३.१० नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१००, ०७७-WC-०१०५ र ०७७-WC-०१०९ मा):

नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुरक्षित गरिएको छ। सोही धाराको उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था गरी विकासका लागि उपलब्ध स्रोत साधनको सन्तुलित उपयोग गर्न सकिने कुरा प्रष्ट छ। त्यसै गरी वातावरण संरक्षण गर्ने सम्बन्धमा विशेष कानूनको रुपमा वातावरण संरक्षण ऐन, २०७६ जारी भई कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्नका लागि तयार गरिएको प्रस्तावको सम्बन्धमा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई प्रस्तावको कार्यान्वयन गर्न नहुने लगायतको सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था गरिएको छ। जहाँसम्म आर्थिक वर्ष २०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. १९९ को विषय सम्बन्धमा उल्लिखित बुँदाको शुरुमा नै वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा भन्ने उल्लेख गरिएकोले वातावरणीय प्रभाव मूल्याङ्कन गरी हुने कामकारवाहीको विषयलाई अनावश्यक आशंका गरी रिट निवेदन दायर गर्न मिल्ने पनि हुँदैन। राज्यमा उपलब्ध साधन स्रोतको समुचित उपयोग गरी व्यापार घाटा न्यूनीकरण गर्न सरकारले लिएको नीतिलाई अन्यथा भन्न मिल्ने हुदैन। जहाँसम्म नेपालको चुरे क्षेत्र विनाश भई तराईमा मरुभूमिकरणसमेत हुन सक्ने आशंका रिट निवेदनमा व्यक्त भएको छ, सो सम्बन्धमा चुरेक्षेत्रको संवेदनशीलतालाई मध्यनजर गरी चुरेक्षेत्रको संरक्षण सम्बन्धी नीति तर्जुमा गर्न तथा सो सम्बन्धी कार्यक्रमको कार्यान्वयनका लागि समन्वय तथा अनुगमन गर्न राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ जारी भई कार्यान्वयनमा रहेको हुँदा रिट निवेदन खारेज गरी पाँऊ भन्नेसमेत एकै मिलान बेहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको दायर लिखितजवाफ।

**३.११ नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिखितजवाफ रिट नं. ०७७-WC-०१०० र ०७७-WC-०१०९ मा):**

ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन्कार्यलाई व्यवस्थित गरी विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र त्यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गर्न यस मन्त्रालयले निर्माण गरेको मापदण्ड मिति २०७७।४।५ को नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट स्वीकृतसमेत भइसकेको छ। नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई जारी उक्त "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" मा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले वातावरणीय अध्ययन प्रतिवेदन समेतको आधारमा खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गरिने क्षेत्र निर्धारण गर्नु पर्ने, उत्खनन्को कार्य गर्न प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिएको हुन पर्ने लगायतका व्यवस्था गरेको छ। त्यसैगरी चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्दा राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा मात्र गर्न पाइने व्यवस्था छ। त्यस्तै ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण सम्बन्धी प्रावधान पनि सो मापदण्डमा व्यवस्थित गरिएको छ। साथै, नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री सम्वन्धी प्रकृयाको अनुगमन गर्न जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा अनुगमन समितिको व्यवस्थासमेत उक्त मापदण्डमा गरिएको छ। यसरी खानीजन्य पदार्थको उत्खनन् र बिक्री वितरणलाई व्यवस्थित गर्न यस मन्त्रालयले मापदण्डको निर्माण गरी सबै स्थानीय तहहरूलाई पत्राचारसमेत गरिसकेको छ। उक्त कार्यबाट यस मन्त्रालय वातावरण संरक्षणको कार्यप्रति सचेत र प्रतिबद्ध रहेको स्पष्ट देखिन्छ। तसर्थ, विपक्षीको निवेदन जिकिर निरर्थक देखिंदा रिट निवेदन खारेज गरी पाँऊ।

**३.१२ नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०० मा):**

विपक्षीले रिट निवेदनमा उल्लेख गरे जस्तो नेपालका प्राकृतिक स्रोत तथा साधनहरुको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य र दायित्व भएको कुरामा कसैको दुईमत हुन सक्दैन। नेपालका प्राकृतिक स्रोत साधनको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा यस मन्त्रालय सदा सजग र तत्पर रहेको छ। नेपालको संविधान एवं प्रचलित नियम, कानूनको यस

मन्त्रालयले सदा पालना गर्दै आइरहेको छ भने अब उप्रान्त पनि गर्न प्रतिबद्ध रहेको छ। रिट निवेदनमा दाबी लिएजस्तो यस मन्त्रालयबाट चुरे दोहनलाई मार्ग प्रशस्त गर्न कुनै पनि प्रकारको काम कारवाही भएको छैन। विपक्षी रिट निवेदकले दाबी लिनु भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यमार्फत सार्वजनिक गरेको बुँदा नं. १९९ को व्यवस्था नेपाल सरकार कार्य विभाजन नियमाली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने र यस सम्बन्धमा यस मन्त्रालयको कुनै पनि भूमिका नरहेको, यस मन्त्रालयबाट पेश गरिएको यस मन्त्रालयसँग सम्बन्धित नीति तथा योजनामा समेत सो विषय उल्लेख नगरिएको हुँदा सरोकार नै नरहेको विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरी पाँऊ।

३.१३ उपराष्ट्रपतिको कार्यालय, लैनचौर, काठमाडौंको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०१ मा):

नेपालको संविधानको धारा ६७ को उपधारा (२) मा राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रपतिबाट सम्पादन गरिने संवैधानिक व्यवस्थासमेत भएको, रिट निवेदकलाई नेपालको संविधान तथा प्रचलित कानूनद्वारा प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुग्ने गरी यस कार्यालयबाट कुनै कामकारवाही नभएको, मुलुकको हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, वातावरण र पर्यावरणको संरक्षण, वनजङ्गल प्राकृतिक स्रोत साधन र खनिजको राष्ट्र हितमा समुचित सदुपयोग गर्ने नै उद्देश्यले आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान प्रसारित तथा प्रकाशित गरिएकोले रिट निवेदनमा उल्लेख गरिए जस्तो चुरेक्षेत्रको वातावरण र जैविक विविधतामा असर पुग्ने गरी ढुङ्गा, बालुवा र गिट्टी उत्खनन्‌गरी विदेशमा निकासी गर्ने कार्य नगरी वातावरण संरक्षण ऐन र नियमावलीको कानूनी व्यवस्था बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरी गराई वातावरणमा नकारात्मक असर वा प्रभाव नपर्ने भएमा मात्र आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान अर्थात आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेटको बक्तव्यको बुँदा नं.१९९ को कार्यान्वियन हुने हुँदा यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु।

३.१४ राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०१ मा):

रिट निवेदकले संविधानमा व्यवस्था भए बमोजिम संघीय संसदको प्रतिनिधि सभा नरहेको अवस्थामा वा प्रदेशसभा वा गाउँ वा नगरसभा समेतका अन्य स्थानीय सभाभन्दा बाहिरबाट नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट कसैले आयव्यय अनुमान विवरण पेश गर्न पाउने नपाउने वा पेश गरेमा त्यसको कार्यविधि, प्रक्रिया र परिणाम के हुने वा संघीय बजेट जेठ १५ गते बाहेक अन्य दिनमा पेश भएमा वा सार्वजनिक गरिएमा के हुने तथा प्रदेशसभामा बजेट पेश गर्न पर्ने संवैधानिक बाध्यता हो कि गर्न सक्ने मात्र हो भन्ने सम्बन्धमा संविधानमा स्पष्ट व्यवस्था नभएकोले तत्सम्बन्धमा नेपाल सरकारबाट सो अनुरुपको विधेयकको मस्यौदा संघीय संसदमा प्रस्तुत भएमा संसदीय विधि र प्रकृया बमोजिम विधेयक पारित गर्ने सन्दर्भमा मबाट आवश्यक प्रशासकीय सहयोग रहने नै हुँदा मेरो नाममा रिट निवेदकको माग बमोजिमको कुनै पनि आदेश जारी हुनु पर्ने होइन। रिट निवेदन खारेज गरी पाँऊ।

<u>३.१५ प्रतिनिधि सभाका सभामुख अग्निप्रसाद सापकोटाको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०१ मा):</u>

जनताको सार्वभौमसत्ता निहित हुने निकाय संसद् हो। जनताको प्रतिनिधिको स्वीकृती बिना कुनै कर नलगाइने (No taxation without representation) भन्ने सिद्धान्त रहेको र कर सम्बन्धी विषय जनताद्वारा प्रत्यक्ष रुपमा निर्वाचित भई आएका प्रतिनिधिहरु रहेको प्रतिनिधि सभामा प्रस्तुत गर्ने संवैधानिक व्यवस्था गरिएको हुँदा दुषित मनसाय राखी अध्यादेशबाट बजेट ल्याउदा गलत परम्परा स्थापित हुन गई संवैधानिक संकट हुने देखिन्छ। जहाँसम्म रिट निवेदकले संविधानमा व्यवस्था भए बमोजिम संघीय संसदको प्रतिनिधि सभा नरहेको अवस्थामा वा प्रदेशसभा वा गाउँ वा नगरसभा समेतका अन्य स्थानीय सभाभन्दा बाहिरबाट नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट कसैले आयव्यय अनुमान विवरण पेश गर्न पाउने नपाउने वा पेश गरेमा त्यसको कार्यविधि, प्रक्रिया र परिणाम के हुने वा संघीय बजेट जेठ १५ गते बाहेक अन्य दिनमा पेश भएमा वा सार्वजनिक गरिएमा के हुने तथा प्रदेशसभामा बजेट पेश गर्न पर्ने संवैधानिक बाध्यता हो कि गर्न सक्ने मात्र हो भन्ने सम्बन्धमा संविधानमा स्पष्ट व्यवस्था नभएकोले तत्सम्बन्धमा नेपाल सरकारबाट सो अनुरुपको विधेयकको मस्यौदा संघीय संसदमा प्रस्तुत भएमा संसदीय विधि र प्रकृया बमोजिम,

विधेयक पारित गर्ने सन्दर्भमा मबाट आवश्यक प्रशासकीय सहयोग रहने नै हुँदा मेरो नाममा रिट निवेदकको माग बमोजिमको कुनै पनि आदेश जारी हुनु पर्ने देखिदैन।

३.१६ नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-wc-०१०२, ०७७-wc-०१०३, ०७७-wc-०१०४, ०७७-wc-०१०५ र ०७७-wc-०१०९ मा):

भौगर्भिक रूपमा महाभारत पर्वत श्रृङ्खलामा अध्ययन कार्य भएको, खनिज उत्खनन्गर्ने क्षेत्र भौगर्भिक रूपले चुरेक्षेत्रमा नपरेको, केही क्षेत्र राष्ट्रिय वन क्षेत्रमा परेको र केही भाग आंशिक रूपमा आवादी क्षेत्रमा परेको हुँदा विपक्षीको दाबी बमोजिम चुरे क्षेत्रको वातावरण, जैविक विविधता इत्यादिमा असर पर्ने गरी कुनै प्रतिकूल कार्य नहुने हुँदा चुरेक्षेत्रको क्षति हुने सम्भावनासमेत छैन। प्रचलित कानून बमोजिम निर्माणमुखी खनिज उत्खनन्गर्दा प्राकृतिक स्रोतहरूको संरक्षणलाई प्राथमिकतामा राखी वातावरण संरक्षणकै लागि नेपाल सरकारबाट आ.व. २०७८/०७९ को आय व्ययको सार्वजनिक जानकारीको बुँदा नं. १९९ मा उल्लिखित "वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने, निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने" भनी बजेटमार्फत नीतिगत निर्णय भएको हो। उक्त निर्माणमुखी खनिज प्रवर्धन भएपछि एकीकृत रूपमा खानी तथा क्रसर स्थापना गरी चुरे तथा तराई भेगको खोलामा मात्र रहेको निर्भरतामा कमी आई आन्तरिक मागको पूर्ति हुने र सोबाट बढी भएको परिमाण मात्र वाह्य निकासी गर्न सकिनेसमेत अवस्था रहन्छ। ढुङ्गा, गिट्टी, बालुवा लगायतको निर्माणमुखी खनिज पदार्थको माग अत्याधिक बढेको अवस्थामा अवैध दोहनलाई दुरूत्साहन, रोकथाम र नियन्त्रण गरी दिगो विकासमा आधारित निर्माणमुखी खनिज पदार्थको प्रवर्धन, उत्खनन्र नियमन गर्ने उद्देश्यले नेपाल सरकारको निर्णय समेतका आधारमा प्रवर्द्धनात्मक कार्य गरिने, अन्वेषण क्षेत्र भौगर्भिक रूपमा चुरे क्षेत्रमा नपर्ने र माइनिङ्ग सम्बन्धी विधि अपनाई नियमनकारी निकायहरूबाट यथोचित नियमन गरी निर्माणमुखी खनिजसमेत भौगर्भिक र वातावरणीय क्षति व्यवस्थापन गरी गर्न सकिने हुँदा रिट निवेदन खारेजभागी छ।

३.१७ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, बबरमहलको लिखितजवाफ (रिट नं. ०७७-wc-०१०३ र ०७७-wc-०१०९):

रिट निवेदनमा उल्लेख गरेको सम्माननीय प्रधानमन्त्रीज्यको सम्बोधन, आर्थिक अध्यादेश, २०७८ को दफा २ को उपदफा २ सँग सम्बन्धित कानूनी व्यवस्था, उक्त अध्यादेशको अनुसूची २ को खण्ड १ को शिर्षक नं. २५.०५, २५.१५ र २५.१७, अर्थ मन्त्रालयबाट जारी आ.व. २०७८/०७९ को बजेट बक्तव्यको बुँदा नं. २ र १९९ तथा मिति २०७८।२।१९ को अर्थ मन्त्रालयको प्रेश विज्ञप्तीमा उल्लेखित बेहोराहरु र उक्त नीतिगत तथा कानूनी व्यवस्थाको आधारमा चुरेक्षेत्रबाट ढुंगा, गिट्टी र बालुवा भारततर्फ निकासी गर्ने योजना लगायतका नीतिगत तथा कानूनी विषय नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को नियम ५ को अनुसूची २ बमोजिम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं अर्थ मन्त्रालय समेतको कार्यक्षेत्रसँग सम्बन्धित विषय भएको र उक्त विषय यस विभागको कार्यक्षेत्र भित्र नपर्ने हुनाले असम्बन्धित निकाय यस विभागलाई विपक्षी बनाई दायर रिट निवेदन निरर्थक देखिँदा खारेज गरी पाँऊ।

**३.१८ नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०३ मा):**

रिट निवदेनमा उल्लेख गरे बमोजिमको मुलुकको हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, वातारण र पर्यावरणको संरक्षण, वन जङ्गल प्राकृतिक स्रोत साधन र खनिजको राष्ट्र हितमा समुचित सदुपयोग गर्ने कुरामा यस मन्त्रालय सधै सचेत रहदै आएको छ। यस मन्त्रालयबाट चुरेक्षेत्रबाट ढुङ्गा, बालुवा र गिट्टी उत्खनन गरी विदेशमा निकासी गर्ने, वातावरण प्रदुषण गर्ने, प्राकृतिक स्रोत साधनमा ह्रास आउने किसिमको कुनै कार्य नगरिएको र नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यको नं. १९९ को व्यवस्थाले मुलुकको आर्थिक विकास एवं सम्बृद्धि र समुन्नत राष्ट्र निर्माण तथा दिगो विकासका सघाउ पुग्न सक्ने देखिन्छ। रिट निवेदनमा उल्लेख भए अनुसार चुरेक्षेत्रबाट ढुङ्गा, बालुवा र गिट्टी उत्खनन गरी विदेशमा निकासी गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा समेत नपर्ने देखिएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ।

**३.१९ नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०३ र ०७७-WC-०१०९ मा):**

नेपाल सरकार (मन्त्रिपरिषद्) आर्थिक तथा पूर्वाधार समितिको मिति २०७१।०४।११ को निर्णयानुसार नदिजन्य ढुङ्गा, बालुवाको दिर्घकालीन उपयोग गर्न, सोको दिर्घकालीन वैकल्पिक

स्रोतको रुपमा चुरेक्षेत्रभन्दा माथि पर्ने गरी महाभारत पर्वत श्रृखला क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवाको दीर्घकालीन रुपमा आपूर्ति गर्ने व्यवस्थाका लागि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय यस खानी तथा भूगर्भ विभागलाई जिम्मेवारी दिइएको थियो। सोही निर्देशन बमोजिम यस विभागबाट प्रारम्भिक रुपमा देशका विभिन्न १४ वटा जिल्लाहरुको १६ गा.वि.स. हरुमा गुणस्तर र परिमाण पहिचान गरिएको हो। वन क्षेत्र न्यून रहेको क्षेत्रमा अन्वेषण र सोको कार्ययोजना अन्तर्गत फिल्ड सर्भे, भौगर्भिक अध्ययन, माइनिङ्ग स्कीम, प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी ती क्षेत्रका ९२ स्थानमा निर्माणमुखी खनिजको प्रस्तावित उत्खनन् प्रकृयाको लागि प्रस्ताव गरिएको हो। यस साधारण निर्माणमुखी खनिज उत्खनन् अनुमतिको लागि उक्त ९२ वटा खानी क्षेत्रहरुको माइनिङ्ग स्कीम विभागीय निर्णयबाट र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७२।०५।१७ को निर्णयानुसार स्वीकृत सहमति प्रदान गरिएको थियो। ती खनिज उत्खनन गर्ने क्षेत्र भौगर्भिक रुपले चुरेक्षेत्रमा नपर्ने तथा केही क्षेत्र राष्ट्रिय वन क्षेत्रमा पर्ने र केही भाग आंशिक रुपमा आवादी क्षेत्रमा पर्ने व्यहोरा अनुरोध छ। भौगर्भिक रुपमा महाभारत पर्वत श्रृखलामा अध्ययन कार्य भएको र सो प्रस्तावित खानीमा रहेको चट्टान भौगर्भिक रुपमा चुरेमा नपाइने चट्टान रहेको छ।

विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ४ को उपदफा २ ले यस विभागलाई खनिज कार्य (खोजतलास, उत्खनन कार्य) गर्न पाउने अधिकार प्रत्यायोजन गरिएको छ। निर्माणमुखी खनिज प्रवर्धन भएपछि एकिकृत रुपमा खानी तथा क्रसर स्थापना गरी चुरे तथा तराई भेगको खोलामा भएको आत्मनिर्भरतामा कमी आउने छ। ढुङ्गा, गिट्टी, बालुवा लगायतको निर्माणमुखी खनिज पदार्थको अत्याधिक माग बढेको, साधारण निर्माणमुखी खनिज पदार्थको अवैध दोहन ओसारपसार हुँदै आएको छ। यस्ता अवैध दोहनलाई दुरुत्साहन, रोकथाम, नियन्त्रण गरी दिगो विकासमा आधारित निमार्णमुखी खनिज पदार्थको, प्रबर्धन, उत्खनन्, नियमन गर्ने उद्देश्य साथ नेपाल सरकारको निर्णय समेतका आधारमा प्रबर्धनात्मक कार्य हुँदै आएको छ। अन्वेषण क्षेत्र भौगर्भिक रुपमा चुरेक्षेत्रमा नपर्ने देखिन्छ। यीनै तथ्यहरु तथा कानूनी आधारमा ऐन, नियम बमोजिम नै उपरोक्त खनिज पदार्थको प्रवर्धनका कार्यहरु भइरहेकोले प्रस्तुत रिट निवेदन बदर भागी छ।

### ३.२० नेपाल सरकार, वन तथा भू-संरक्षण विभागको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०३ मा):

रिट निवेदनमा लिएको जिकिरको सम्बन्धमा वन, वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संबर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने गरी जारी भएको वन ऐन, २०७६ को परिच्छेद १२ (विकास आयोजना सम्वन्धी व्यवस्था) मा राष्ट्रिय वनको कुनै पनि भाग वनक्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी प्रयोग गरिने छैन। तर पूर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई उपलब्ध गराएको वनंक्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन। साथै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृती दिन सक्नेछ। साथै उक्त योजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तिमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ साथै त्यस्तो जग्गा उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो आयोजनाको सञ्चालकले वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्नेछ। साथै वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिंदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गरी दिनु पर्नेछ भनी भएको कानूनी व्यवस्थामा निवेदकले दावी गरिएको विषयमा वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना संञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृती दिन सक्नेछ भनी वन ऐन, २०७६ मा सो सम्बन्धमा आवश्यक व्यवस्था भएकै छ।

नेपालको समृद्धि उपलब्ध प्राकृतिक स्रोत र साधनहरुको सन्तुलित र दिगो प्रयोगद्वारा हुन सक्छ। भौतिक विकासका क्रियाकलापहरु सञ्चालन गरी तिव्र आर्थिक वृद्धिदर हासिल भएमा मात्र समृद्धि सम्भव हुन सक्छ। नेपालका विभिन्न स्थानहरुमा भएका उपलब्ध ढुङ्गा, गिट्टी तथा बालुवा महत्वपूर्ण प्राकृतिक स्रोत मात्र नभै विकास निर्माणका लागि अनिवार्य सामाग्रीसमेत हुन्। यसलाई पर्यावरणीय रुपमा सुरक्षित गरी दिगो रुपमा उत्खनन्भएमा मात्र वातावरणको संरक्षण हुन्छ। हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विकास र वातावरण बीचको सन्तुलन कायम गर्दै भौतिक विकासका क्रियाकलाप सञ्चालन गर्न अनिवार्य हुन्छ। यस अवस्थामा पूर्णतः कार्यकारिणीय अधिकार अन्तर्गत नीतिगत रुपमा गरिएको र प्रचलित कानून बमोजिम कार्यान्वयन हुने विषय हुनाले उक्त रिट निवेदन खारेजभागी छ।

<u>३.२१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहलको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०३ मा):</u>

प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषेधित कार्य अन्तर्गत खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन पाउने छैन यदि कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गरेमा बिगो कायम भएकोमा बिगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र बिगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानूनी व्यवस्था छ। यस विभागको के कुन कार्य र अवस्थाले निवेदकको के कुन हक हनन्भएको भनी निजले रिट निवेदनमा कहीकतै उल्लेख गर्न सकेको अवस्था छैन। माननीय अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले मिति २०७८।२।१५ मा सार्वजनिक गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ बजेटको बुँदा नं.१९९ मा उल्लेखित विषयमा यस विभागको कुनै संलग्नता नभएको हुँदा यस विभागको कुनै संलग्नता नरहने कुराको जानकारी नै नराखी यस विभागलाई विपक्षी बनाइएको हुँदा उक्त रिट निवेदन खारेजभागी छ।

<u>३.२२ नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०३ मा):</u>

विपक्षी रिट निवेदकले दाबी गरेको चुरे क्षेत्रबाट गिट्टी र बालुवा उत्खनन् गर्ने, उत्खनन् उद्योग सञ्चालन गर्ने, परिवहन मार्ग रोप-वे निर्माण गर्ने, ढुङ्गा, गिट्टी र बालुवा विदेश निकासी

गर्ने लगायतका प्रचलित कानून विपरीत वन, वातावरण, जैविक विविधता, प्राकृतिक स्रोत साधन, वन्यजन्तु, चराचर समेतको संरक्षण र रक्षा गर्ने कार्यमा आघात पुग्ने गरी यस मन्त्रालयबाट कुनै निर्णय, आदेश वा कामकारवाहीसमेत केही गरिएको छैन। यस मन्त्रालयको के कुन कामकारवाही, कुन निर्णयबाट रिट निवेदकको संविधान एवं कानून प्रदत्त के कुन हक अधिकारमा के कस्तो आघात परेको हो सो कुरा निवेदकमा उल्लेख गर्नसमेत सक्नु भएको छैन। जहाँसम्म रिट निवेदकले दाबी लिनु भएको आ.व. २०७८/०७९ को आयव्ययको सार्वजनिक बजेट बक्तव्यको बुँदा नं.१९९ को विषय छ, सो विषय यस मन्त्रालयको क्षेत्राधिकार भित्र पर्दैन। प्रस्तुत रिट निवेदन खारेजभागी छ।

३.२३ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको लिखितजवाफ (रिट नं. ०७७-WC-०१००, ०७७-WC-०१०१, ०७७-WC-०१०३, ०७७-WC-०१०४ र ०७७-WC-०१०९ मा):

आर्थिक वर्ष २०७८/०७९ को बजेटको बुँदा नं. १९९ मा व्यवस्था गरिएको विषय निर्यात व्यवस्थापनको लागि पूर्वाधार तयार गरी रोप-वे सञ्चालन गर्ने सहुलियत प्रदान गर्ने सम्बन्धमा नीतिगत व्यवस्था भएको हो। यस्तो ढुङ्गा, गिट्टी, बालुवालाई निकासी गर्ने भन्ने नीतिगत व्यवस्थाका सम्बन्धमा उचित कानूनी प्रक्रिया पूरा भएको अवस्थामा मात्र निकासी गर्न सकिने हो। प्रचलित वन ऐन, २०७६ को दफा ४९ मा कसूर सम्बन्धी कानूनी प्रावधान रही कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कामकारवाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ भन्ने व्यवस्था भएको र सोही ऐनको दफा ४९ को खण्ड (झ) बमोजिम वनक्षेत्रबाट बग्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चुन पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा संकलन गर्ने र खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने काम गरेमा त्यस्तो काम गर्ने व्यक्तिलाई बिगोको आधारमा कैद वा जरिवाना वा दुवै सजाय हुने भएकोले वनक्षेत्रबाट बग्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चुन पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा संकलन खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने कार्य प्रचलित वन ऐन, २०७६ को दफा ४९ विपरीतको कसुर गरेको मानिने कानूनी व्यवस्था भएको छ। यसरी वनक्षेत्रबाट बग्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने कार्य कानून बमोजिमको कसूर मानिन्छ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा नेपाल सरकारले सूचित आदेशद्वारा कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन सक्ने तथा उपदफा (२) मा उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्ने व्यवस्था रहेको छ। निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ बमोजिम चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्‌गरी त्यस्तो वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउने वा खुला गर्ने भन्ने विषय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय भएकोले सो विषयमा यस मन्त्रालयलाई बिपक्षी नै बनाई रहनु पर्ने होइन। सो विषयका सम्बन्धमा निवेदन मागदाबी यस मन्त्रालयको हकमा खारेजभागी छ भन्ने।

<u>३.२४ राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति, ललितपुरको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०४ मा):</u>

आर्थिक वर्ष २०७८/०७९ बजेटको बुदाँ नं. १९९ मा उल्लेख भएको विषयमा राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समितिको के, कस्तो संलग्नता रही राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समितिको के, कुन, कामकारवाहीबाट के, कसरी विपक्षीले निवेदनमा उल्लेख गरे बमोजिमको नेपाल प्रचलित संविधान, कानून तथा नेपाल पक्ष रहेको अन्तराष्ट्रिय सन्धि सम्झौता विपरीत भएको हो सो तथ्य युक्तिगत तथा तर्कसंगत रुपमा विपक्षीले उल्लेख गर्न सक्नु भएको छैन। आर्थिक वर्ष २०७८/०७९ को वजेटको बुदा नं. १९९ मा व्यवस्था गरिएको विषय निर्यात व्यवस्थापनको लागि पूर्वाधार तयार गरी रोपवे सञ्चालन गर्न सहुलियत प्रदान गर्ने सम्बन्धमा नीतिगत व्यवस्था भएको देखिन्छ। यस्तो ढुङ्गा, गिट्टी, बालुवालाई निकासी गर्ने भन्ने नीतिगत व्यवस्थाका सम्बन्धमा उचित कानूनी प्रक्रिया पूरा भएको अवस्थामा मात्र निकासी गर्न सकिने हो। जहाँसम्म संविधान प्रदत्त स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक र वातावरणीय प्रभाव मूल्याङ्कनको विषय हो, आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दीगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट

वातावरण संरक्षण गर्न वातावरण संरक्षण ऐन, २०७६ जारी भई लागू भएको छ। उक्त ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएर मात्र कुनै प्रस्ताव कार्यन्वयन हुने व्यवस्था छ। साथै उक्त ऐनले मुख्य रुपमा प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नु पर्ने काम प्रभावकारी रुपले गर्न गराउन निर्धारित प्रकृया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्ने गरी व्यवस्था गरिएको छ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा नेपाल सरकारले सूचित आदेशद्वारा कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन सक्ने तथा उपदफा (२) मा उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्ने व्यवस्था रहेको छ। अतः निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ बमोजिम चट्टान, माटो, ढुङ्गा, गिटी, बालुवा उत्खनन्‌गरी त्यस्तो वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउने वा खुला गर्ने भन्ने विषय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय भएकोले सो विषयमा यस राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समितिलाई विपक्षी नै बनाई रहनु पर्ने होइन। रिट निवेदन खारेज गरी पाँऊ।

**३.२५ नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबारको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०९ मा):**

यस मन्त्रालयको के कस्तो कामकारवाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन् भएको हो ? त्यस्को स्पष्ट एवम् वस्तुगत आधार सहितको जिकिर लिएको पाइदैन। रिट निवेदकले उठान गर्नु भएको विषयमा यस मन्त्रालयको तर्फबाट कुनै कार्य नभएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने हैन। तसर्थ, प्रस्तुत रिट निवेदन यस मन्त्रालयको हकमा खारेजभागी छ।

**३.२६ राष्ट्रिय योजना आयोगको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०९ मा):**

नेपालको संविधानको भाग-४, धारा ४९ मा "यस भागमा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्ग निर्देशनका रुपमा रहनेछन्, राज्यले यस भागमा उल्लिखित सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधनको परिचालन गर्ने गराउने छ" भन्ने व्यवस्था रहेको छ। त्यस्तै धारा ५० मा निर्देशक सिद्धान्तहरु, धारा ५१ मा राज्यका नीतिहरुको व्यवस्था रहेको छ। उक्त धारा ५१ को खण्ड (घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गतको उपखण्ड (२) मा अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने नीति उल्लेख छ। यस्तै उपखण्ड (१०) मा राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन सम्बन्धी नीति निर्धारण भएको छ। त्यसैगरी धारा ५५ मा यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको छ। बजेट बक्तव्यको बुँदा नं. १९९ मा व्यवस्था गरिएको विषय निर्यात व्यवस्थापनको लागि पुर्वाधार तयार गरी रोप-वे सञ्चालन गर्न सहुलियत प्रदान गर्ने सम्बन्धमा व्यवस्था गरिएको हो। यो नितान्त नीतिगत विषय हो भने ढुङ्गा, गिटी, बालुवालाई निकासी गर्ने भन्ने विषय कानूनी प्रक्रिया पूरा भएको अवस्थामा मात्र हुने हो। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संघ, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत वातावरण संरक्षण र व्यवस्थाका कार्यहरुसमेत राखिएको छ। ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् एवं निकासी गर्दा प्रचलित कानूनले निर्दिष्ट गरेको विधि र प्रक्रिया बमोजिम नै गरिने हो। निकासी पैठारी नियन्त्रण ऐन, २०१३ ले निकासी तथा पैठारी उपर नियन्त्रण लगाउने वा नलगाउने भन्ने अधिकार नेपाल सरकारलाई दिएको छ। सो ऐनको दफा ३ को खण्ड (क) देखि खण्ड (द) सम्मको उद्देश्य प्रासिका लागि निकासी पैठारीमा नियन्त्रण गर्न आवश्यक देखेमा नेपाल सरकारले सो दफा बमोजिम निकासी वा पैठारी मनाही गर्न वा सो उपर परिमाणात्मक बन्देज लगाउन सक्ने स्पष्ट व्यवस्था छ।

**३.२७ उद्योग विभाग, त्रिपुरेश्वरको लिखितजवाफ (रिट नं. ०७७-WC-०१०९ मा):**

नेपाल सरकारले आ.व. २०७८/०७९ को निति/कार्यक्रम र बजेटमा ढुङ्गा, गिट्टी, बालुवाको निकासी गरी व्यापार घाटा न्यूनिकरण गर्ने भन्ने उल्लेख भएको छ। सरकारले वातावरण संरक्षण ऐन, २०७६ र सोको नियमावली, २०७७ विपरीत कानूनी प्रकृया नपुऱ्याई निकासी गर्न खोजेको होइन। प्राकृतिक स्रोतहरुको उत्खनन्, प्रशोधन तथा विदेश निकासी गर्दा कुनै

हानी नोक्सानी नहुने गरी EIA/IEE लगायतका प्रकृया पूरा गरी कार्य गरिने भएकोले सरकारको उक्त कार्य चुरे र चुरे भावर क्षेत्रलाई प्रतिकूल प्रभाव पार्ने होइन। सरकारले प्रचलित कानूनमा भएका प्रावधानहरुको पालना गरेर नै ढुङ्गा, गिट्टी निकासी गरी व्यापार घाटा कम गर्ने नीति अवलम्बन गर्न खोजेको विषयलाई रिट निवेदकले गलत अर्थ लगाई प्रस्तुत रिट दायर गर्नु भएको छ। उद्योग विभागको कुनै पनि निर्णयबाट निवेदकको हक अधिकारमा आघात पर्न गएको छैन। तसर्थ, यस विभागलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरी पाँऊ।

## ठहर-खण्ड

४. नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएका प्रस्तुत रिट निवेदनहरुमा निवेदकहरुका साथै निजहरुको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरु र प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता तथा विद्वान् अधिवक्ताले देहाय बमोजिम बहस प्रस्तुत गर्नु भयो:-

५. निवेदकहरुको तर्फबाट निवेदक विद्वान् अधिवक्ताहरु श्री शैलेन्द्रप्रसाद अम्वेडकर र श्री मोहना अन्सारी तथा श्री पंकजकुमार कर्णले रिट नं. ०७७-WC-००९९मा, निवेदक विद्वान् अधिवक्ताहरु श्री रामबहादुर शाही, श्री दिपक दुवे तथा श्री त्रिलोकबहादुर चन्दले रिट नं. ०७७-WC-०१०० मा, निवेदक विद्वान् अधिवक्ताद्वय डा. श्री पुण्यप्रसाद खतिवडा र श्री दिपकविक्रम मिश्र तथा विद्वान् अधिवक्ताहरु श्री मनोहर लामिछाने, श्री खड्कबहादुर राई र श्री सोनम मोक्तानले रिट नं. ०७७-WC-०१०१ मा, निवेदक विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी तथा विद्वान् अधिवक्ता श्री कृतिनाथ शर्मा पौडेलले रिट नं. ०७७-WC-०१०२ मा, निवेदक अधिवक्ता आतिस कार्की निवेदक विद्वान् अधिवक्ता श्री सन्तोष भण्डारीले रिट नं. ०७७-WC-०१०५ मा, विद्वान् अधिवक्ता श्री विष्णु लुइटेलले रिट नं. ०७७-WC-०१०९ मा बहस प्रस्तूत गर्दै नेपालको संविधानको धारा ११९ मा नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसदका दुवै सदनको संयुक्त वैठकमा वार्षिक आय व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था गरेको छ। संविधानमा संसद बाहिर बजेट पेश हुने व्यवस्था रहेको देखिदैन। तर आर्थिक वर्ष २०७८/०७९ बजेट सिहदरबारबाट जारी गरिएको छ। जेठ १५ गते बजेट पेश हुन नसकेमा के हुने ? भन्ने सम्बन्धमा कुनै व्यवस्था छैन। त्यस्तै प्रदेश तथा स्थानीय तहको हकमा संविधानको धारा २०७ तथा २३० मा आय

व्ययको अनुमान पेश गर्न सक्नेछ भन्ने व्यवस्था भएको आय व्ययको अनुमान पेश हुन नसकेमा के हुने भन्नेमा पनि द्विविधा देखिन्छ। बजेटको सम्बन्धमा बाध्यात्मक व्यवस्था हुनु पर्नेमा सक्नेछ भन्ने व्यवस्थाको व्याख्या हुनु जरुरी देखिन्छ। यसै बीच मिति २०७८।२।८ मा प्रतिनिधि सभा विघटन भयो भने मिति २०७८।०२।१५ मा नेपाल सरकारका अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट सार्वजनिक गर्नु भयो। बजेट प्रस्तुत हुनु अघि सम्माननीय राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा बजेट सम्बन्धी तीन वटा अध्यादेश जारी गर्नुभएको छ। संविधानमा भएको व्यवस्थाभन्दा बाहिर गई अध्यादेशमार्फत बजेट प्रस्तुत गरेकाले आर्थिक वर्ष २०७८/०७९ को आयव्ययको अनुमान (वार्षिक बजेट) को संवैधानिक तथा कानूनी वैधानिकता छैन। त्यस्तै बजेटको बुदा नं.१९९ बमोजिम कार्य हुन दिने हो भने चुरेको संरक्षण नभै चुरेको दोहन हुने, बहुमुल्य वस्तु विदेश जाने तथा तराई मरुभूमीकरण हुन पुग्छ। राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव, वन्यजन्तु, पशुपंक्षी, वनस्पति समेतका जैविक विविधतामा असर पर्न जाने हुन्छ जसका कारणले त्यस क्षेत्रमा बस्ने नागरिकको मात्र होईन नेपालको अन्य क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जनजीवनमा असर पर्न जान्छ। तसर्थ, धारा ११९, २०७ तथा २३० का सम्बन्धमा कानूनी जटिलता सिर्जना भएकोले उक्त बजेटहरुको वैधताको व्याख्या हुन तथा धारा ११९ को सम्बन्धमा स्पष्ट कानून निर्माण गरी लागु गर्नू गराउनू भनी परमादेशको आदेश जारी गरी पाँऊ। साथै चुरे क्षेत्रको समस्या दिर्घकालीनरुपमा संवोधन भएन भने आउने दिनमा त्यस क्षेत्रमा बस्ने नागरिकको मात्र होईन नेपालको अन्य क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जनजिवनमा असर पर्न जान्छ। राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव, वन्यजन्तु, पशुपंक्षी, वनस्पति समेतका जैविक विविधतामा असर पर्न जाने हुँदा उक्त अध्यादेशबाट जारी बजेटको बुँदा नं. १९९ उत्प्रेषणको आदेशले बदर गरी पाँऊ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

६. प्रत्यर्थी नेपाल सरकारका निकायहरुका तर्फबाट सह-न्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मीले नेपाल सरकार वातावरण संरक्षणमा आफै संवेदनसील रहेको छ। चुरे भावरबाट मात्र ढुङ्गा, गिटी, बालुवा निकाल्ने भन्ने होईन। अध्ययन गरेर कहाँबाट के कति श्रोत उत्खनन् गरी निकासी गर्न सकिन्छ भन्ने हो। २०७० सालमा नै अध्ययन भईरहेको विषयलाई बजेट वक्तव्यद्वारा निति तथा कार्यक्रममा समावेश गरिएको स्थिति हो। यसकारण निवेदन माग

बमोजिम आदेश जारी हुनुपर्ने अवस्था नरहेकोले रिट निवेदन खारेज गरी पाँऊ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

७. प्रत्यर्थी उपराष्ट्रपतिको कार्यालयका तर्फबाट(रिट नं. ०७७-WC-०१०१ मा) विद्वान् अधिवक्ता श्री ख्यामनारायण सापकोटाले नेपालको संविधान तथा प्रचलित कानूनद्वारा प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुग्ने गरी यस कार्यालयबाट कुनै काम कारवाही नभएको, मुलुकको हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, वातावरण र पर्यावरणको संरक्षण, वनजङ्गल प्राकृतिक स्रोत साधन र खनिजको राष्ट्र हितमा समुचित सदुपयोग गर्ने नै उद्देश्यले आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान प्रसारित तथा प्रकाशित गरिएकोले रिट निवेदनमा उल्लेख गरिए जस्तो चुरेक्षेत्रको वातावरण र जैविक विविधतामा असर पुग्ने गरी ढुङ्गा, बालुवा र गिट्टी उत्खनन्गरी विदेशमा निकासी गर्ने कार्यमा उपराष्ट्रपति र सोही को कार्यालयको कुनै संलग्नता नरहेकोले रिट निवेदन खारेज गरी पाँऊ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

८. उपर्युक्तानुसारको तथ्य एवम् निवेदन जिकिर रहेको प्रस्तुत रिट निवेदनमा दुवै पक्षका कानून व्यवसायीहरु तथा सरकारी वकीलको समेत बहस सुनी तथा मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आयो।

क. नेपालको भौगोलिक, भौगर्भिक र वातावरणीय अवस्थिति र संवेदनशीलताको सन्दर्भमा संविधानले अङ्गिकार गरेको वातावरण संरक्षण र विकास सम्वन्धी नीतिहरु के हुन्? यी नीतिहरु मार्फत वर्तमानका चुनौतीहरुलाई के कसरी संवोधन गर्न जरुरी छ।

ख. विकास र वातावरणको संरक्षणमा यस अदालतले हालसम्म खेलेको भूमिका के कस्तो छ? विशेष गरेर ढुङ्गा गिटी वालुवाको उत्खनन, दोहन तथा निकासीको विषयलाई यस अदालतले के कसरी हेरेको छ?

ग. वर्तमानमा नदीजन्य र खानीजन्य प्राकृतिक स्रोत तथा ढुंगा गिट्टि बालुवाको उत्खनन, उपयोग र निकासीको सन्दर्भमा वढि चाप परेको क्षेत्र कुन हो, उत्खनन, उपयोग र निकासीको सन्दर्भमा आकर्षित हुने कानूनी संरचना तथा नितिगत व्यवस्थाहरु के हुन्? तिनको कार्यान्वयनको अवस्था के छ?

घ. राज्यको स्वरुप संघीय रहेको सन्दर्भमा ढुङ्गा गिट्टि वालुवाको उत्खनन र त्यसले पार्ने असर समेतको सन्दर्भमा के कस्तो कानूनी संरचना आवश्यक हुन्छ?

ङ. प्रस्तुत विवादमा निवेदकको माग वमोजिम आदेश जारी गर्नुपर्ने अवस्था छ वा छैन। विपक्षीहरुको नाममा कुनै आदेश वा निर्देश जारी गर्नुपर्ने अवस्था छ वा छैन?

९. उपर्यक्त प्रश्नहरुको निरुपण गर्ने सन्दर्भमा हेर्दा यस इजलास समक्ष न्याय निरुपणकोलागि पेश भएका प्रस्तुत सवै रिट निवेदनहरु नेपालको संविधानको धारा १३३ अन्तरगत सार्वजनिक हक र सरोकारको विषय भनी दर्ता भएको पाइन्छ। निवेदकहरु मध्ये अधिकांश अधिवक्ताहरु हुनुहुन्छ र वातावरण, मानव अधिकार र सार्वजनिक हित र सरोकारको रक्षामा संलग्न व्यक्तिहरु हुनुहुन्छ। मुलुकको प्रकृतिक संपदाको निकासीको विषयमा आर्थिक वर्ष २०७८।७९ को वजेट वक्तव्यको वुदा नं १९९ मार्फत गर्न लागिएको व्यवस्था नेपालको संविधान अनुकुल भयो वा भएन भन्ने विषय वहाँहरुले उठाउनु भएको देखिंदा र यो विषय मुलुकको वातावरणीय स्वास्थ्य र नागरिकको जीविका र दिगो विकाससंग सम्वन्धित हुँदा नेपाली नागरिकको तर्फवाट यस्तो विषयलाई न्याय निरुपणको लागि उठाउने हकदैया वहाँहरुलाई भएकै मान्नुपर्ने हुन आयो।

१०. निवेदकहरुले नेपालको संविधानको धारा १६, १८, ३०, ३६ का साथै राज्यका निर्देशक सिद्दान्त, नीति तथा दायित्वसंग सम्वन्धित धारा ५१ का कुराहरु समेतको परिप्रेक्षमा अध्यादेश मार्फत आर्थिक वर्ष २०७८।७९ को वजेटको वुदा नं १९९ को व्यवस्थालाई असंवैधानिक घोषित गरिनुपर्छ भन्ने जिकिर लिएको पाइन्छ। यद्दपि यस अदालतको अन्तरिम आदेशबाट अध्यादेश मार्फत गर्न खोजिएको निकासी रोकिएपछिको वजेट वक्तव्य र आर्थिक ऐनमा सो कुरा नपरेकोले एक किसिमवाट हेर्दा यो विषय टुङ्गिई सकेको भन्न सकिने स्थिति छ। तर सरकारवाट सोच समझका साथ ल्याइएको यो विषय संविधान र कानूनको रोहमा के कति उपयुक्त छ भन्ने कुराको निरुपण नगरिएमा आध्यादेश मार्फत गर्न खोजिएको कुरा आर्थिक ऐन वा अन्य ऐन मार्फत गरिएमा के होला भन्ने प्रश्न यथावत रहन्छ। तसर्थ माथि उठाइएका प्रश्नहरुको निरुपण गर्नु पर्ने देखियो।

११. अब ढुङ्गा, गिट्टि, वालुवा निकासीको बिषय पटक पटक उठन सक्ने सम्भावना समेतलाई दृष्टिगत गरी नेपालको भौगोलिक, भौगर्भिक र वातावरणीय अवस्थिति र संवेदनशीलताको

सन्दर्भमा संविधानले अङ्गिकार गरेको वातावरण संरक्षण र विकास सम्वन्धी नीतिहरु के हुन्? यी नीतिहरु मार्फत वर्तमानका चुनौतीहरुलाई के कसरी संवोधन गर्न जरुरी छ भन्ने पहिलो प्रश्न वारेमा हेरौं। हिमालय क्षेत्र, अझ भन्ने हो भने मध्य हिमालय क्षेत्रको नेपाल एउटा सानो मुलुक हो[1]। उत्तर र दक्षिणमा भौगोलिकरुपमा ठूला मुलुकहरुले घेरिएको नेपाल भौगर्भिक रुपमा अस्थीर, भौगोलिकरुपमा जटिल र वातावरणीय रुपमा संवेदनशील छ। चाहे तिव्वती पठारको आवहवा भएका डोल्पा, हुम्ला, मुस्ताङ वा मनाङ सहितको उच्च हिमाली क्षेत्र होस, वा पहाडी वा चुरिया क्षेत्र वा दक्षिणको भावर र तराई मधेश क्षेत्र नै किन नहोस, नदि प्रणाली, जनजीवन, प्रकृति र जैविक विविधता, समेतको हिसाववाट मुलुकका सवै क्षेत्रहरु एक अर्कासंग अन्योन्याश्रित एवं अन्तरनिर्भर भई अति नै संवेदनशील अवस्थामा रहेका छन्। हिमालय क्षेत्रको भौगर्भिक वनोट, हिमाल र पहाड निरन्तर अग्लिदै गएको स्थिति, अग्ला र चुच्चिदै गएका पहाडबाट खस्ने ठूला ठूला पहिराहरु, चुरिया सृङ्खला (यसपछि ठाउँ ठाँउमा चुरे पनि भनिएको) मा हुने भु-क्षय, समस्त क्षेत्रमा समय समयमा जाने भुकम्प, उत्तर दक्षिण छोटो दुरी (करिव १५० देखि २५० किमि) मा रहेको उचाईको विविधता वीच उत्तरवाट दक्षिण तर्फ तीव्र वेगकासाथ वग्ने नदिहरुको कारण वर्षेनी जसो वर्षादमा वाढि पहिरोले धनजन, प्राणी र वनस्पतिमा गम्भीर क्षति पुर्‍याइरहेको अवस्था छ। साथै पछिल्लो समयमा दीर्घकालीन सोच वेगर वनेका सडक सञ्जाल, मौसम परिवर्तनको कारण हिमनदीको विष्फोट, डढेलोको वढोत्तरी, वनस्पति, जैविक विविधतामा थपिएको चाप, वाढि पहिरोसमेतको कारण नेपालमा वातावरणीय संवेदनशीलता वढेर गएको छ। यहि संवेदनशीलताको वीचमा नेपाली

---

[1] वास्तवमा हिमालय क्षेत्रको पश्चिम साँध तिव्वत तिरवाट उत्तरी पाकिस्तानमा रहेको नंगा पर्वत (८,१२५ मिटर) को आडवाट गल्छि पार्दै दक्षिण पाकिस्तान तर्फ वग्ने इन्डस नदि र पुर्वमा तिव्वत तिरवाटै भारतको अरुणान्चल प्रदेशमा रहेको नाम्चे वरुवा (७,७७७ मिटर) को आडवाट दक्षिण पश्चिम वग्ने ब्रम्हपुत्र नदिले काटेको क्षेत्र भित्रको करिव १५०० माइल आर्कको आकृतिमा फैलिएको भुभागलाई हिमालय भनिन्छ। यसको उत्तरी सीमा तिव्वतमा तर्फ पुर्व पश्चिम भै वग्ने यिनै दुई नदिले छुटयाएको हिमालयको उत्तरी पानी ढलो र दक्षिणी सीमा गंगाको उत्तरी मैदानलाई मानिन्छ। नेपाल मध्य हिमालय क्षेत्रमा पर्छ भने नेपाल भन्दा पश्चिमको हिमालयको क्षेत्रलाई पश्चिम हिमालय र पुर्व तर्फको सिक्किम, दार्जलिंग, भुटान, आसाम र अरुणान्चलको क्षेत्रलाई पुर्वी हिमालय भनिन्छ। हेर्नुहोस Jack Ives, HIMALAYAN PERCEPTIONS (London: Routledge, 2004) at p 29, 31; S.S. Negi, A HANDBOOK OF THE HIMALAYA (New Delhi, Indus Publishing Co., 1990) at p 13

जनताले संविधान मार्फत राखेको "विकाश र समृद्धिको आकंक्षा" पुरा गर्ने मार्ग पत्ता लगाउदै वातावरणीय मुद्दाहरुको संवोधन समेत गर्नु पर्ने चुनौती हामीसामु विद्यमान छ।

१२. चाखलाग्दो कुरा के छ भने नेपालको संविधानमा राखिएको "विकाश र समृद्धिको आकंक्षा" पुरा गर्ने मार्ग पनि संविधानले नै तय गरेको छ। संविधानले तय गरेको यो मार्ग लोकतान्त्र र अधिकारमा आधारित मार्ग हो। यो मार्गमा हिंडदा नागरिकका सम्मानपूर्ण जीवन, समानता, स्वास्थ्य, शिक्षा, खाद्य, आवास तथा स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हकहरुको सम्मान अनिवार्य हुन्छ। यी हकहरु मध्ये वातावरणको हक प्रत्याभूत गर्ने क्रममा संविधानमा "स्वच्छ तथा स्वस्थ वातावरण" भन्ने शव्दहरु प्रयोग भएको छ, जुन अत्यन्त अर्थपूर्ण छ। यसले मानव मात्र होइन, वातावरण समेत स्वच्छ तथा स्वस्थ रहनु पर्ने कुरालाई अनिवार्य वनाएको छ। अर्थात स्वच्छ तथा स्वस्थ वातावरण, स्वच्छ तथा स्वस्थ जीवनको आधार हो र यसको पँहुच आधारभूत मौलिक अधिकार हो भन्ने मान्यतालाई संविधानले अङ्गिकार गरेको छ। यसै सन्दर्भमा पछिल्लो समयमा स्वच्छ तथा स्वस्थ वातावरण मानवको मात्र होइन प्रकृति र वातावरण समेतको अन्तरनीहित हक हो भन्ने कुराले मान्यता समेत पाउन थालेको छ। यद्दपि अधिकार र कर्तव्यको खाका (Right-Duty Framework) भित्र राखेर हेर्दा यो अवधारणाको विषयमा केही प्रश्नहरु नउठ्ने होइनन्[2] तर प्रकृतिसंगको समन्वयपूर्ण सम्बन्धमा मानव रहनु पर्छ भन्ने अर्थमा प्रकृति र वातावरणको स्वतन्त्र अस्तित्वको अधिकार रहन्छ भन्ने स्विकार गरिनु वातावरणीय न्यायको मान्यता अनुरुप नै हुन्छ। *प्रकाशमणी शर्मा*को रिट निवेदनमा यस अदालतले "प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ। हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ। कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन" पनि भनेको छ।[3] यो कुरालाई पनि हामीहरुले विर्सन मिल्दैन। संविधानले एका तर्फ स्वच्छ तथा स्वस्थ वातारणमा रहन पाउने हक प्रत्याभूत गरेको छ भने अर्को तर्फ राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व अन्तरगत "पर्यावरणीय दिगो

---

[2] Stockholm Declaration on Human Environment, Principle 1 stating "Man has the fundamental right to freedom, equality and adequate conditions of life, in an environment of a quality"; Rio Declaration on Environment and Development, Principle 1 stating "Human beings are at the center of concerns for sustainable development. They are entitled to a healthy and productive life in harmony with nature."

[3] अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. नेपाल सरकार, मन्त्री परिषद सचिवालय समेत ने.का.प २०७३ निन ९५७५ पृ ६१२

विकास"(Environmentally Sustainable Development) को मार्ग अवलम्वन गर्न निर्देश गरेको छ। यसका अतिरिक्त "अन्तरपुस्ता समन्याय" (Inter-generational equity), "वातावरण प्रदुषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने" (responsibility of the polluter of the environment to pay) पूर्वसावधानी (precaution) तथा पूर्वसूचित सहमति ( prior-informed consent)का सिद्दान्तहरुलाई जनाउने शव्दावलीहरु पनि सुत्रवद्द रुपमा निर्देशक सिद्दान्तमा राखिएका छन्[4]। सो भन्दा पनि अघि वढेर संविधानले अझ मुखरितरुपमा राष्ट्रिय हित अनुकुल "देशमा उपलव्ध प्राकृतिक स्रोत साधनहरुको संरक्षण, सम्वर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने, प्रतिफलहरुको न्यायोचित वितरण गर्ने," नविकरणीय उर्जाको उत्पादन र विकास गर्दै नागरिकहरुका आधारभूत आवश्यकता पूरा गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदि व्यवस्थापन गर्ने, जैविक विविधताको संरक्षण, सम्वर्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा बन क्षेत्र कायम राखे, प्राकृतिक प्रकोप वाट हुने जोखिम न्युनिकरण गर्न पूर्व सूचना, तयारी, उद्दार, राहत एवं पुनर्स्थापना गर्ने नीतिहरु राखेको पाइन्छ। यसरी संविधानले नै प्रकृति र सम्पदाको संरक्षणवादी अभिमुखिकरण राख्दै र वर्तमान एवम् भावी पुस्ता समेतको लागि वातावरण संरक्षणमा विशेष संवेदनशीलता देखाउदै प्राकृतिक स्रोत, साधन, उर्जा र जैविक विविधता समेतको संरक्षण, दीगो उपयोग र लाभहरुको न्यायोचित वितरण (Conservation, sustainable use and equitable sharing of benefit)को सिद्दान्तलाई अङ्गिकार गरेकोबाट विकास र समृद्दिको आकांक्षा पूरा गर्ने संविधानद्वारा तय गरिएको माध्यम "पर्यावरणीय दिगो विकास" नै हो भन्ने सपष्ट हुन्छ।

१३. दिगो विकासको सिद्दान्त सन् १९८० को दशकमा व्रन्टलेण्ड कमिसनको प्रतिवेदनमा पहिलो पटक प्रयुक्त र तत्पश्चात १९९० को दशकवाट अन्तराष्ट्रिय कानूनमा आधारभूत सिद्दान्तकोरुपमा स्वीकार गरिएको सिद्दान्त हो[5]। वातावरणको रक्षासंग सम्वन्धित विषयहरुमा नेपालका नीति निर्माता र अदालतहरुले पटक पटक यो सिद्दान्तको उल्लेख गरेका छन। अदालतवाट पनि यो सिद्दान्तलाई स्वीकार गर्दै आदेशहरु भएका छन्। संविधानमा नै एउटा छाता सिद्दान्तकोरुपमा दिगो विकासलाई स्वीकार गरिएको र त्यसमा पनि "दिगो" भन्ने

[4] हेर्नुहोस नेपालको संविधान, धारा ५१(छ)

[5] Rio Declaration on Environment and Development, 1992, Principle I; Paris Agreement Preamble, and Art 2

विशेषणमा "वातारणीय" भन्ने क्रियायोग जोडिएकोवाट यो तथा माथि उल्लेखित अन्य अवधारणात्मक शब्दावलीहरुको निर्देशलाई गहिरिएर अध्ययन र मनन् गर्दै यी अवधारणाहरुलाई नागरिक अधिकारको रक्षा र मुलुकको सुरक्षा एवं हितमा प्रयोग गर्नु आवश्यक देखिन्छ।

१४. "पर्यावरणीय दिगो विकास" भन्ने अवधारणात्मक शब्दावली संविधानमा उल्लेख भएको प्रसङ्गमा यो पनि स्पष्ट गर्न जरुरी छ कि यो शब्दावलीले यस्तो विकास प्रकृयाको खोजि गर्दछ जसले वर्तमान पुस्ताको आवश्यकता पुर्ति गर्नको लागि भावी पुस्ताले आफ्नो आवश्यकताको पुर्ति गर्ने सामर्थ्यमा कुनै संकुचन आउन दिदैन[6]। हामीसंग एउटा मात्र पृथ्वी छ र यो पृथ्वीमा नविकरण नहुने सीमित स्रोत छन्। यस्ता स्रोतहरुको दोहन अनियन्त्रित रुपमा हुँदा वातावरणमा अपूरणीय क्षति र विनास हुन पुग्दछ। प्राकृतिक स्रोतको परिचालन गर्दा वातावरणलाई वाह्य तत्वको रुपमा हेरिनु हुँदैन। यो त प्रकृतिको अस्तित्व र गतिशीलताको आन्तरिक आधार हो। त्यसैले दिगो विकासको अवधारणा अन्तरगत सामाजिकरुपमा स्वीकार्य, आर्थिकरुपमा सम्भाव्य र वातावरणीयरुपमा दिगो हुन सक्ने विकासलाई मात्र स्वीकार गरिनु पर्दछ भन्ने कुरालाई जोड दिइन्छ[7]। दिगो विकासको सिद्दान्तको अरु व्याख्या गर्दै प्रोफेसर इडिथ ब्राउन वाइस(Edith Brown Weiss) ले भनेकी छन:

Sustainability requires that we look at the earth and its resources not only as an investment opportunity, but as a trust passed to us by our ancestors for our benefit, but also to be passed on to our descendants for their use.[8]

अर्थात दिगो विकासको सिद्दान्तले विकासमा अन्तरपुस्ता सहकारिता(Intergenerational partnership) को मान्यतालाई आत्मसात गर्दछ। वर्तमानमा हामीले पाएको प्रकृति र वातावरण, हाम्रा पूर्वजले दिएको नासो हो; यसलाई हामीले जे जस्तो अवस्थामा पाएका छौं

---

[6] Brundtland, G, Report of the World Commission on Environment and Development: Our Common Future. United Nations General Assembly document A/42/427, 1987 ले पर्यावरणीय दिगो विकासलाई "Sustainable development is development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs." भनी परिभाषित गरेको छ।

[7] See generally, IUCN, *Guide on Preparing and Implementing National Sustainable Development Strategies and Other Multi-Sectoral Environment and Development Strategies* 1993, Bonn, Germany.

[8] Edith Brown Weiss, *In Fairness to Future Generations and Sustainable Development*, 8 AM. U.J. INT'L L. & POL'Y at 19-20 (1992)

सके त्यसमा सुधार गरी अझ राम्रो अवस्थामा, त्यसो गर्न नसकेमा पनि यो भन्दा नबिग्रेको अवस्थामा भावी पुस्तालाई हस्तान्तरण गरौं भन्ने यसको अभिप्राय र मान्यता हो। दिगो विकासको सिद्दान्तको लोकप्रियता वर्तमानमा मानव मात्रले सामना गर्न परिरहेको संकट संगै वढिरहेको र वाताबरणीय न्याय(Environmental Justice) तथा जलवायु न्यायको (Climate Justice) आधारभूत सिद्दान्तको रुपमा विकसित भैरहेको छ। सन् २००२ मा जोहेनसवर्गमा भएको न्यायाधीशहरुको सम्मेलनले पारित गरेको सिद्दान्त (The Johannesburg Principles on the Role of Law and Sustainable Development) ले दागो विकास, मानव अधिकार र विधिको शासन अन्तरसम्बन्धित विषय हुन् भन्ने घोषणा गरेको थियो भने संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद (UN Human Rights Council)ले अक्टोवर ८, २०२१ मा सफा, स्वस्थ र दिगो वातावरणको पहुँचलाई मानव अधिकारको रुपमा स्वीकार गरेको छ।

१५. मानव अधिकारहरु अहस्तान्तरणीय, अन्तरसम्वन्धित र अविभाज्य रहेको कुराको विशेष स्मरण गर्दै परिषदले सफा, स्वस्थ र दिगो वातावरणमा मात्र सवै मानव अधिकारहरुको उपभोग हुन सक्छ। हामीले खाने खाना, पिउने पानी, हामीले सास फेर्ने हावा, हाम्रो स्वास्थ्य आदि सवै स्वच्छ वातावरणमा निर्भर रहन्छन्। त्यसैले वर्तमान र भावी पुस्ताद्वारा समेत मानव अधिकारको उपभोगमा र ती अधिकारहरुको सम्मान, संरक्षण र संवर्धनमा चुनौतीहरु थपिएको समेत सन्दर्भमा अन्तराष्ट्रिय तहबाट सफा, स्वस्थ र दिगो वातावरणलाई मानव अधिकारकोरुपमा स्वीकार र अनुमोदन गरिनुवाट नेपालको संविधानले प्रत्याभूत गरेको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार र पर्यावरणीय दिगो विकासको अवधारणाको मजवुतिकरण भै कार्ययान्वयनमा सहायता पुगेको छ।

१६. प्रकृति र पारिस्थितिकी प्रणाली विगार्न जति सजिलो छ, वातावरणीय दिगो विकासको मार्ग अनुशरण गर्दै स्वच्छ तथा स्वस्थ वातावरणको हक सहितका मानव अधिकारको उपभोग गर्ने दिगो विकासको मार्ग अनुशरण गर्न त्यति नै कठिन छ। तर वातावरण विनासवाट कसैले जित्दैन, यसले निम्त्याउने अकल्पनीय परिणामवाट अन्ततः सवै हार्छन् भन्ने पनि स्पष्ट छ। त्यसैले हाम्रा संविधान निर्माताहरुले वातावरण संरक्षणमा राखेको दुरदृष्टि र विकासको मार्गलाई गहिरोसंग वुझ्न जरुरी छ। संविधानले गरेको विकास र समृद्दिको रुपान्तरणकारी आकंक्षाको कार्यान्वयन गर्नको लागि पनि हामीले अधिकार संरक्षण, सम्मान र उपभोगको सुनिश्चितताको लागि दिगो विकासको मोडललाई नै अनुशरण गर्न आवश्यक छ।

१७. सैद्धान्तिकरुपमा दिगो विकासको सिद्धान्त भित्र माथि उल्लेखित अन्तरपुस्ता समन्याय[9], पुर्व सावधानी[10], प्रदुषकले तिर्नुपर्ने[11] र पुर्व सुचित सहमतिका सिद्धान्तहरुका अतिरिक्त वातावरणको उचित संरक्षणवाट प्रवाह वा प्रास हुने सेवा (Ecosystem service) समेत पर्छन्। प्रकृतिले प्रदान गर्ने सेवा समेतलाई दृष्टिगत गर्दै वर्तमान र भावी पुस्ताको लागि वातावरणीय अखण्डता (environmental integrity)[12] कायम गर्ने, वातावरणलाई पहिलेको भन्दा विग्रन नदिने (non-regression) दायित्व र राज्यको तहमा प्रकृति र सम्पदा संरक्षणमा राज्यले जनताको न्यासी दायित्व (responsibility of public trust) को सिद्धान्त[13] र द्वीपक्षीय र क्षेत्रीय क्षेत्रीय सहयोगको सन्दर्भमा प्राकृतिक स्रोतउपर मुलुकको सार्वभौम अधिकार (Sovereignty over natural resources)[14] र साझा तर पृथकिकृत दायित्व(Common but differentiated responsibility)[15], क्षेत्रीय सहयोगका सिद्धान्तहरु (Principle regional cooperation)[16]समेतका

[9] See Declaration of UN Conference on Human Environment 1972 Principle 2, Rio Declaration 1992 Principle 3. Weiss explains that there are three normative principles of intergenerational equity. First, each generation must conserve options. Second, each generation should be required to maintain the quality of the planet so that it is passed on in a condition no worse than that in which it was received. Third, each generation should provide its members with equitable rights of access to the legacy of past generations and conserve this access for future generations. See supra note 8, p 22-23

[10] Rio Declaration on Environment and Development. 1992, Principle 15

[11] Rio Declaration on Environment and Development. 1992, Principle 16

[12] "The integrity of the planet requires proper care of the life support systems of the planet, the ecological processes and the environmental conditions necessary for a healthy human environment." See Weiss, supra note 8 at p 21

[13] रोमन कानूनमा रहेको सार्वजनिक न्यासीको सिद्धान्तको आधुनिक व्याख्या गर्ने स्रेय प्रो. जोसेफ स्याक्सलाई जान्छ उनका अनुसार प्राकृतिक स्रोतहरु सार्वजनिक हितका लागि राखिएका नीधिहरु हुन त्यसैले केहि व्यक्ति वा समुदायमात्रको उपयोगको लागि यिनको दुरुपयोग गरिनुहुदैन भनेका छन। विस्त्रित जानकारीको लागि हेर्नुहोस, Joseph Sax, The Public Trust Doctrine in Natural Resource Law, Effective Judicial Intervention, 68 Mich. L. Rev 471(1970); Joseph Sax, The Limits of Private Rights in Public Waters 19 Envt. L Rev. 473(1989); Joseph Sax, Liberating the Public Trust Doctrine from its Historical Shackles, 14 U.C. Davis L. Rev. 185(1980) यो सिद्धान्तको अदालती प्रयोग को लागि हेर्नुहोस अधिवक्ता नारायणप्रसाद देवकोटा विरुद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत नेकाप २०६७ निन ८५२१ पृ २०५३ र भारतमा MC Mehta v Kamalnath and Others (1997) 1 SCC 388

[14] General Assembly Resolution 1803 of 14 Dec. 1962 accepts principle of permanent sovereignty over natural resource as a constituent right of self-determination; See also Rio Declaration Principle 2

[15] Rio Declaration, Principle 7; Paris Agreement to UNFCCC, Preamble and Art 2

कुराहरु दिगो विकासको सिद्धान्त भित्र समाहित हुन्छन। जलवायु परिवर्तन समेतको कारण वातावरणीय जटिलता वढिरहेको वर्तमान अवस्थामा वैज्ञानिक वर्ग, नीति निर्माता तथा सरकारले पर्यावरणीय दिगो विकास तथा यस अन्तरगत समाहित सिद्धान्तहरुको अनदेखा गर्न कदापि मिल्दैन।

१८. वातावरणीय दिगो विकास भित्र वातावरणको संरक्षण, संवर्धन र दिगो उपयोगको सिद्धान्त समेत सन्निहित छ। त्यसैले संरक्षणको नाममा प्रकृतिको उपयोग नै गर्न नमिल्ने भन्ने होइन तर जहाँ अमुक दोहनको कार्यले प्रकृतिको विनास गर्छ भन्ने आशंका गरिन्छ यस्तो स्थितिमा अवस्था अनुसार वैज्ञानिक तथ्य, सर्वजनिक सुनुवाई र वावारणीय प्रभाव मुल्याङ्कन समेतको आधारमा वातावरण विनास हुदैन वा भएको छैन भनी स्थापित गर्ने दायित्व पनि राज्यसंग रहन्छ र जहाँ वैज्ञानिक तथ्याङ्कहरुको आधारमा वातावरणमा अपूरणीय क्षति पुग्छ भन्ने निस्चित आशंका गरिन्छ, त्यस्तो क्षति नहोस भनी राज्यले पुर्वसावधानी अपनाउनुपर्छ भन्ने हो। राज्यको न्यासी कर्तव्य र संवैधानिक सरकार सञ्चालनको आधारभूत नियम पनि यही हो। तसर्थ संक्षेपमा माथि उल्लेख गरे जस्तो जुन भौगोलिक, भौगर्भिक र वातावरणीय जटिलताका बीच नेपाल अवस्थित छ र संविधानले मुलुकको विकासको सन्दर्भमा विकास र वातावरणको प्रश्नलाई सन्तुलित रुपमा हेर्नुपर्ने जुन दायित्व राज्य उपर सुम्पेको छ, सो कुरालाई दृष्टिगत गर्दा पनि नेपाली नागरिकको विकास र समृद्दिको आकंक्षा भनेको नै पर्यावरणीय दिगो विकासको आकंक्षा रहेछ भनी वुझ्नुपर्ने र यहि अवधारणाको अनुशरण मार्फत स्वच्छ, स्वस्थ र दिगो वातावरण सहित जनताका आधारभूत अधिकारहरुको सम्मान गर्ने दायित्वको निर्वाह राज्यले गर्नुपर्ने देखिन्छ।

१९. प्रस्तुत विवादको सन्दर्भमा अर्थ मन्त्रालयको लिखित जवाफमा उल्लेखित केहि कुराहरु तर्फ पनि दृष्टि दिनु परेको छ। लिखित जवाफमा विकास र वातावरण वीच समुचित सन्तुलन कायम राख्नुपर्ने राज्यको दायित्व रहेको सन्दर्भमा राज्य नीतिका सिद्धान्त अन्तरगत धारा ५१ को देहाय खण्ड (घ) मा वर्णित अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गतको उपखण्ड (२) मा अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक सम्वृद्धि हासिल गर्ने, त्यसै गरी उपखण्ड (१०) मा राष्ट्रिय

---

[16] "No single country or group of countries has the power to ensure a healthy environment for the future. Thus, even when each country cares only about its own people, all nations must cooperate in order to guarantee a robust planet in the future." Weiss supra note 7 at p 22; Rio Declaration, Principle 2

हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन सम्बन्धी नीति निर्धारण भएको भएको भन्ने कुराको जिकिर गर्दै त्यसै गरी धारा ५५ मा यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको कुराको पनि स्मरण गरिएको छ। उक्त जिकिर सम्वन्धमा के कुरा स्पष्ट गरिनु जरुरी देखिन्छ भने राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्वहरुको अध्ययन गर्दा, यसमा खोजेको नपाइने कुरा के नै छ, जे पनि पाइन्छ, जस्तो पनि अर्थ गर्न सकिन्छ भन्ने पनि कसै कसैलाई लाग्न सक्छ। तर त्यसो होइन। यथार्थमा मौलिक अधिकार वा राज्य नीतिको कुरा गर्दा केहि अधिकार र नीतिहरु एक आपसमा वाझिएको, नमिलेको, खप्टिएको वा समन्वय नभएको जस्तो पनि देखिन सक्छ। अधिकार र नीतिहरुले वहु विषयलाई समेटेको परिप्रेक्ष्यमा यस्तो देखिनु स्वभाविक पनि हुन्छ। यस्तो देखिएको वा लागेको स्थितिमा निति निर्माताहरुले अधिकारहरु मध्ये कुन अधिकार आधारभूत अधिकार हुन् वा नीतिहरु मध्ये पनि कुन नीति आधारभूत नीति हो भन्ने नै हेर्ने हो। उदारणको लागि, जसरी प्रतिष्ठापूर्ण जीवनको अधिकारलाई मौलिक अधिकारमध्ये सवैभन्दा आधारणूत अधिकार(The most fundamental right) मान्न सकिन्छ। यसै गरी मुलुकको भौगोलिक, भौगर्भिक, वातावरणीय संवेदनशीलता, हाल भैरहेका गतिविधि, तिनले पारेका प्रभाव र संभावित चुनौती समेतको सन्दर्भमा पर्यावरणीय दिगो विकासको सिद्दान्तलाई पनि राज्य नीतिका सिद्दान्तहरु मध्ये सबैभन्दा आधारभूत सिद्दान्त (The most fundamental principle)को रुपमा स्वीकार गरिनु अनिवार्य देखिन्छ। यो सिद्दान्तलाई आत्मसात गरेर यससंग नवाझिने गरी विकास र वातावरण वीच उचित सन्तुलन कायम गरिनुपर्ने, अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिहरु निर्धारण गरिनुपर्ने र सरोकारवालाहरुको भूमिका खोजिनु नै नेपालको संविधानको शव्द, भावना र मर्म अनुरुप हुन्छ।

१०. जहाँसम्म लिखित जवाफमा धारा ५५ मा यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको भन्ने कुराको पनि स्मरण गरिएको प्रसङ्ग छ, राज्यका निर्देशक सिद्दान्तहरुको कार्यान्वयन भएको नभएको विषयमा अदालतमा प्रश्न उठाउन पाइदैन भनी संविधानमा लेखिएको कुरा सत्य हो र यसमा विवाद गरिनु आवश्यक नै छैन। तर निर्देशक सिद्दान्त र नीतिहरु अर्थहिन व्यवस्था होइनन्; यी भन्नको लागि भनिएका वा देखाउनको लागि लेखिएका व्यवस्था होइनन्; यी राज्य सन्चालनको सन्दर्भमा निति निर्माताहरुलाई पथ प्रदर्शनको लागि राखिएका आधारभूत

व्यवस्थाहरु हुन्। त्यसैले राज्य सञ्चालनको क्रममा यी नीतिहरुको उपेक्षा गर्न मिल्दैन। यी नीतिहरुले मौलिक अधिकारलाई अर्थपूर्ण, उद्देश्यमूलक र जीवन्त वनाउन मद्दत गर्छन। तसर्थ यी सिद्दान्तहरुलाई मौलिक अधिकारकै परिपूरक रुपमा लिइनु पर्ने हुन्छ[17]। संविधानले मौलिक हकहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार कानूनी व्यवस्था गर्ने दायित्व राज्य उपर सुम्पिएको वर्तमान परिप्रेक्ष्यमा मुलुकमा स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने, विकास र वातावरण वीच उचित सन्तुलन कायम गर्ने र सोही माध्यमवाट विकास र समृद्दिको आकंक्षा पुरा गर्ने सन्दर्भमा मौलिक अधिकारलाई जीवन्त र प्रभावकारी वनाउनको लागि जहाँ यी सिद्दान्तहरुको अनुशरण आवश्यक र अपरिहार्य रहन्छ त्यहाँ यस अदालतले उपयुक्त निर्देशन दिन सक्ने नै हुन्छ[18]। त्यसैले संक्षेपमा, नेपालको भौगोलिक, भौगर्भिक र वातावरणीय अवस्थिति र संवेदनशीलताको सन्दर्भमा संविधानले अङ्गिकार गरेको वातावरण संरक्षण र विकास सम्वन्धी नीतिहरु वारे विवेचना र विश्लेषण गर्दा वर्तमानमा देखिएका विकास र वातावरण सम्वन्धी चुनौतीहरुलाई मौलिक अधिकार र राज्य नीतिका सिद्दान्तहरुको समन्वयात्मक व्याख्या गर्दै र पार्यावरणीय दिगो विकासका सिद्दान्तलाई आधारभूत सिद्दान्तकोरुपमा स्वीकार गर्दै गरिनु आवश्यक देखिन्छ।

२१. सविधानले अङ्गिकार गरेको मौलिक हकको संरक्षण, सम्मान र तिनको उपभोग सुनिश्चित गर्न अनुशरण गरिनुपर्ने विकास र वातावरण संरक्षण सम्वन्धी नीति वारेमा यति कुरा राखेपछि अव विकास र वातावरणको संरक्षणमा यस अदालतले हालसम्म खेलेको भूमिका के कस्तो छ? विशेष गरेर ढुङ्गा गिटी वालुवाको उत्खनन, दोहन तथा निकासीको विषयलाई यस अदालतले के कसरी हेरेको रहेछ भन्ने दोस्रो प्रश्न वारेमा पनि केहि चर्चा गर्नुपर्ने हुन आयो। विशेषतः २०४७ सालमा लोकतन्त्र पुनर्स्थापित भएपछि यस अदालतले वातावरण संरक्षणको मुद्दालाई गम्भीरतापूर्वक लिएको देखिन्छ। "मानिसको जीवन साध्य हो, विकास सुखपूर्वक जीउने माध्यम हो। स्वच्छ र स्वास्थ्य वातावरण विना मानिस स्वच्छ र स्वास्थ्य तवरले जीउन

---

[17] भारतीय अदालतहरुले पछिल्लो समयमा राज्यनीतिका निर्देशक सिद्दान्तहरुलाई मौलिक अधिकारको परिपुरक रुपमा लिदै यी दुई बीच सन्तुलन गरिनुपर्ने दृष्टिकोण लिएको पाइन्छ। हेर्नुहोस Minerva Mills Ltd v Union of India (1980) 2 SCC 591; Kasturi Lal Laxmi Reddy v State of J&K (1980) 4 SCC1; AIR 1980 SC 1992, 2000; Hashmattullah v State of MP (1996) 4 SCC 391

[18] यस अदालतले यस अघि पनि त्यसो गरेको छ। हेर्नुहोस, योगी नरहरीनाथसमेत विरुद्ध सम्माननीय प्रधानमन्त्री श्री गिरीजाप्रसाद कोइरालासमेत, नेकाप २०५३ निनं ६१२७ पृ ३३।

सक्तैन, त्यसैले वातावरण सुरक्षा साध्य हो यस तथ्यलाई मध्यनजर राखी वातावरण विनास हुनबाट जगाउने उपायहरु परिचालन गर्नुपर्ने"[19] भन्ने दृष्टिकोण राख्दै अदालतले सम्मानपूर्वक गुस्तणरीय जीवन यापन गरी बाच्नको लागि अर्थोपार्जन गर्ने माध्यम र स्तरीय वातावरण दुवैको उतिकै महत्वपूर्ण स्थान छ। स्वच्छ र स्तरीय वातावरण जीवजन्तु र वनस्पतिलाई नभई नहुने तत्व हो र यसको अर्को कुनै विकल्प छैन। स्तरीय वातावरणको उपलब्धता नभएको अवस्थामा सो क्षेत्र बसोवास योग्य हुन सक्दैन[20] भन्ने उद्घोष गरेको छ। स्वच्छ, स्वस्थ वातावरण मानव जीवनको अभिन्न तथा समग्रताको अंग हो। वातावरण बिग्रन गयो भने यसको प्रत्यक्ष प्रभाव र असर मानव जीवन, वनस्पति तथा पशुपंक्षीमा पर्दछ। मानवको बाच्ने अधिकारभित्र स्वच्छ र स्वस्थ वातावरणको हक पनि अन्तरनिहित हुँदा बिग्रदै गएको वातावरण संरक्षणका लागि आज विश्व नै चिन्तित रहेको छ।[21] अहिले वातावरण एउटा स्थान वा देशको मात्र सरोकारको विषय नरही विश्वब्यापी चासोको विषय भएको छ। वातावरण प्रदूषणले एक स्थानका मानिस मात्र होइन जनावर र विरुवा वनस्पतिसमेतलाई असर पार्दै त्यसको दायरा फराकिलो हुँदै जाने कुरामा दुईमत हुन सक्दैन। वातावरणसम्बन्धी अन्तराष्ट्रिय महासन्धि तथा विभिन्न सम्मेलनहरुबाट चासो दिइनुको कारण पनि यही नै हो।[22] वस्तुतः वातावरण संरक्षणको प्रश्न कुनै राष्ट्रको सीमा र राष्ट्रियताको परिधि भन्दा पनि परका आवश्यकतासँग सम्बन्धित छ। यो बहुआयामिक र समस्त विश्वकै साझा सरोकारको विषय भएको हुँदा हकदैया र सरोकारको सीमामा संकुचित गर्नु न्यायसंगत हुदैन। आजका पुस्ताको आवश्यकता पूर्ति गर्दा भावी पुस्ताको आवश्यकता पूरा गर्ने प्रकृतिको क्षमतामा कुनै किसिमले पनि ह्रास आउनु हुँदैन र आजका पुस्ताले भोलिका पुस्ताको स्वच्छ वातावरणमा बाँच्न पाउने

---

[19] सूर्यप्रसाद शर्मा ढुंगेल विरुद्ध गोदावरी मार्वल इण्डष्ट्रिज प्रा.लि.समेत, स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) भाग ८ पृ ७

[20] धरमबहादुर लामिछानेसमेत विरुद्ध विपक्षीः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत नेकाप २०७५ नि.नं १००८५ पृ १६१५

[21] अधिवक्ता तुलसी सिंखडा विरुद्ध विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत नेकाप २०७५ निनं १०१०९ पृ १८२०

[22] अधिवक्ता पदमबहादुर श्रेष्ठ विरुद्ध विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत नेकाप २०७५ निनं १०१०१ पृ २०२६

अधिकारमा अतिक्रमण गर्न हुदैन। विकास निर्माणका कार्यले वातावरणमा अतिक्रमण गर्दैन अर्थात कुनै नकारात्मक असर पुऱ्याउँदैन भनी पुष्टि गर्ने दायित्व त्यस्तो कार्यको प्रस्तावकमा रहन्छ। वातावरणमा क्षति भैसकेपछि नियन्त्रण गर्नुभन्दा क्षति हुनुपूर्व नै नियन्त्रणको लागि पूर्व सावधानी अपनाउने दृष्टिकोणलाई अवलम्बन गरिनुपर्छ। वातावरण संरक्षण विकासको बाधक अवधारणा होइन। तर विकास र वातावरण विनास दुवैमा सन्तुलन कायम हुन नसक्दा अकल्पनीय क्षति हुन पुग्छ। यसबाट समस्त जगतलाई जोगाउन नै कानूनहरुको तर्जुमा गरिनुपर्छ; नेपाल कानून वातावरण संरक्षणका पक्षमा उभिएका तथा वातावरण संरक्षण सम्बन्धी सन्धि र महासन्धिको नेपाल हस्ताक्षरकर्ता समेत रहेबाट विकासको नाममा कुनै पनि रुपमा वातावरण संरक्षणको प्रश्नलाई गौर्ण मात्र सकिदैन[23] भन्ने सिद्दान्तहरु यस अदालतले प्रतिपादन गरेको छ। हाम्रो देशले जीवजन्तु, वनस्पति र प्राकृतिक स्रोत साधन र वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरुलाई अनुमोदन गरी पक्ष राष्ट्रसमेत भइसकेको अवस्थामा ती महासन्धिहरुबाट उत्पन्न दायित्वहरुः सिमसार क्षेत्रको संरक्षण गर्ने, दुर्लभ हुँदै गएका बोटविरुवा तथा जीवजन्तुको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्ने, जैविक विविधताको संरक्षण गर्ने जस्ता दायित्वबाट नेपाल पछि हट्न मिल्ने हुँदैन भन्दै नेपाल सरकारले कुनै खास किसिमको वन पैदावारको विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्छ[24] भन्ने दृष्टिकोण पनि अदालतले राखेको पाइन्छ। अवधारणात्मक दृष्टिकोणको अतिरिक्त यस अदालत वातावरण संरक्षणका विभिन्न विषयहरु जस्तै प्रदुषणको नियन्त्रण[25] प्रदुषण

[23] वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्च विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६९ निन८९४२ पृ४७

[24] तारावहादुर बुढाथोकी विरुद्ध विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिंहदरबार, काठमाडौंसमेत नेकाप २०७५ निनं १०१५४ पृ २२५१

[25] केदारभक्ता श्रेष्ठ विरुद्ध यातायात ब्यवस्था बिभागसमेत, सु.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) पृ ८८; शत्रुघनप्रसाद गुप्तासमेत विरुद्ध एभरेष्ट पेपर मिल्स प्रा.लि.समेत नेकाप २०६१ निन ७४२७ पृ १०४०; अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, वागदरवार, काठमाडौंसमेत नेकाप २०७२ निन ९५७७ पृ ६८८; अधिवक्ता अर्जुनकुमार अर्यालसमेत वि.नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषद कार्यालय समेत नेकाप २०७३ निन ९६८६ पृ१७९८; टुल्कमान लामा विरुद्ध मन्त्रीपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयसमेत, नेकाप २०६१ निन ७३९४ पृ

मापदण्डको निर्माण[26], फोहर मैला[27], इटाभट्टा[28], प्लाष्टिक[29] बिषादि[30] आदिको व्यवस्थापन, सम्पदा[31], ताल तलैया[32], राष्ट्रिय निकुन्जको संरक्षण, वातारणीय प्रभाव मुल्याङकनमा देखिएको सतहिपन र लापरवाहिको विषयमा प्रश्न गर्ने[33]; वातावरणीय असल शाशनको प्रवर्धन गर्ने[34] आदि विषयमा समेत महत्वपूर्ण फैसलाहरु गरेको छ। यी सवै विषयमा गरिएका

---

७३१; जिल्ला बारा लिपनीमाल गा.वि.स. विरुद्ध रामाज्ञा साह कलवार नेकाप २०६७ निन ८४९० पृ १७७३

[26] अधिवक्ता थानेश्वर आचार्यसमेत विरुद्ध भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेडसमेत, स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) भाग ८ पृ १०८; भोजराज ऐर विरुद्ध जनसंख्या तथा वातावरण मन्त्रालय, स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) भाग ८ पृ १२१; अधिवक्ता प्रकाशमणी शर्मासमेत विरुद्ध प्रधानमन्त्रीको कार्यालयसमेत स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) पृ ९५; प्रकाशमणी शर्मासमेत विरुद्ध जनसंख्या तथा वाताबरण मन्त्रालयसमेत, स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) भाग ८ पृ ३७१

[27] नविन्द्रराज जोशी विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत नेकाप २०६७ निन ८६१६ पृ ८१२

[28] प्रकाशमणि शर्मासमेत विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत, स.अ., सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-२०६२) भाग ८ पृ ३५५

[29] संतोषकुमार महतो विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत नेकाप २०६१ निनं ७४३० पृ १०७५

[30] राजुप्रसाद चापागाई विरुद्ध कृषि तथा सहकारी मन्त्रालयसमेत नेकाप २०६६ निन ८२३९ पृ १६२०

[31] प्रकाशमणी शर्मासमेत विरुद्ध स्थानीय विकास मन्त्रालय, हरीहरभवन ललितपुरसमेत, सर्वोच्च अदालत सार्वजनिक सरोकार भाग २ दोस्रो भाग (२०६६) पृ ६२; योगी नरहरीनाथसमेत विरुद्ध सम्माननीय प्रधानमन्त्री श्री गिरीजाप्रसाद कोइरालासमेत, नेकाप २०५३ निनं ६१२७ पृ ३३; अधिवक्ता प्रकाशमणी शर्मा विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालसमेत, नेकाप २०५४ निन ६३९१ पृ ३१२; अधिवक्ता प्रकाशमणी शर्मासमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत नेकाप २०५६ निन ६७८९ पृ ७००

[32] अधिवक्ता खगेन्द्र सुवेदीसमेत विरुद्ध विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौंसमेत नेकाप नेकाप २०७५ निन. १००८६ पृ.१६२६

[33] अधिवक्ता रामचन्द्र सिंखडा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत नेकाप २०७६ निनं १०२०४; अधिवक्ता रामकुमार आचार्य विरुद्ध विपक्षी/वादी : नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत नेकाप २०६९ निनं ८९४२ पृ ४७;

[34] भोजराज ऐर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत नेकाप २०६१ निन ७४५३ पृ १३६१;

फैसलाहरुको विस्तृत चर्चा र विश्लेषण प्रस्तुत विवादको निरुपणको सन्दर्भमा वान्छित देखिँदैन।

२२. प्रस्तुत विवादमा प्राकृतिक स्रोत को दोहन तथा निकासीको विषयलाई निरुपणको लागि पेश गरिएको र सरकारबाट अध्यादेश मार्फत प्रस्तुत गरिएको माननीय अर्थमन्त्रीद्वारा आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको वुदा नं १९९ मा "वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिनेछ। निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था मिलाएको छु" भन्ने उल्लेख भएको सो वक्तव्यको मूल विषय ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन दोहन तथा निकासी रहेको र सो गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई आधार मानिने भनिएकोवाट यी दुई विषयलाई यस अदालतले कें कसरी लिएको रहेछ भनी हेर्नु सान्दर्भिक हुने देखिन आएको छ।

२३. सो सन्दर्भमा हेर्दा ढुङ्गा, गिट्टि, वालुवाको उत्खनन र निकासीको विषयले यस अदालतमा पटक पटक प्रवेश पाएको देखिन्छ। विशेषतः चुरे र तराई क्षेत्रका नदिहरुवाट अनियन्त्रितरुपमा ढुंगा, गिट्टि, वालुवाको उत्खनन र निकासी समेतको विषयमा *अधिवक्ता नारायण देवकोटाले* दर्ता गर्नु भएको सार्वजनिक सरोकारको रिट निवेदनमा[35] मुलतः चुरेक्षेत्रको जङ्गल, चारकोशे झाडिवाट दिनरात ढुङ्गा गिट्टि वालुवा गैरकानूनी तवरवाट उत्खनन् गरी गैरकानूनी तवरवाट खोलिएका क्रसर उद्योगहरुले भारत निकासी गर्दै आएको, यस्तो कार्यलाई समयमै नरोक्ने हो भने तराई मधेश तथा राष्ट्रलाई भविष्यमा ठूलो क्षति हुने प्रवल आशंका रहेको भन्दै सो रोक्नको लागि परेको रिट निवेदनमा[36] यस अदालतले सो सम्वन्धमा

---

[35] अधिवक्ता नारायणप्रसाद देवकोटा विरुद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत नेकाप २०६७ निन ८५२१ पृ २०५३

[36] सो रिट निवेदनमा तराइका रुपन्देही, कपिलवस्तु, नवलपरासी, बारा, पर्सा, रौतहट, सर्लाही, सिराहा, महोत्तरी, धनुषा, ससरी, मकवानपुर, कैलाली, कञ्चनपुर, दाङ्ग लगायत र तराई नजीकका करिव २५ जिल्लाहरूमा वनक्षेत्र भित्र, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र र वनक्षेत्र नजीकमा रहेका वस्ती र खोलाहरूमा, चारकोशे झाडीको शीरमा र जंगल भित्रका खोलाहरूमा केही मुठ्ठीभर व्यापारीहरूले क्रसर उद्योगहरू स्थापना गरी डोजर, लोडर र टिपरहरू लगि ढुंगा, गिट्टी उत्खनन् संकलन गरी त्यसबाट ढुंगा क्रसर गरी वा नगरी ढुंगा, गिट्टी, बालुवा आदि विगत दशौं वर्षदेखि भारतमा लगी विक्री वितरण गरी आइरहेको कुरा उल्लेख छ।

गरिएका अध्ययनहरु[37] र विशेषतः व्यवस्थापिका संसदको "प्राकृतिक स्रोत र साधन समिति" वाट भएको "*चुरे भावर लगायतका क्षेत्रवाट ढुङ्गा, गिट्टी वालुवा उत्खनन र निकासी सम्वन्धी प्रतिवेदन २०६६*[38]" को अध्ययन र विश्लेषण पश्चात नेपालको संविधान र कानूनको रोहमा "*नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार न्यासी (Trustee) सम्म मात्र हुने*[39] *र नेपालको प्राकृतिक स्रोतको कुनै कानूनी आधारवेगर छाडा रुपले केवल नाम मात्रको राजश्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिन नहुने... प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कत्ति पनि प्रतिकूल असर नपार्ने गरी मात्र उत्खनन र प्रयोग गर्नुपर्ने भन्ने व्याख्या गरेको पाइन्छ। सोही क्रममा ढुङ्गा, गिट्टि, वालुवाको उत्खनन् र निकासीको विषयमा अध्ययन गर्न एउटा प्राविधिक समिति*[40] *गठन गर्नुपर्ने निर्देशनात्मक आदेश जारी*

---

[37] फैसलामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको २३ औं कार्यकारी विकास कार्यक्रमद्वारा तयार गरीएको प्राकृतिक स्रोत ढुङ्गा गिट्टी बालुवाको नियमन तथा व्यवस्थापन मकवानपुर जिल्लाको स्थलगत अध्ययनको सुर्वजितप्रसाद महतो सहितको छ सदस्यीय टोलीले उद्योग विभागमा पेस गरेको ढुङ्गा क्रसिङ उद्योगको स्थलगत निरीक्षण प्रतिवेदन पनि अध्ययन गरेको कुरा परेको छ।

[38] सो प्रतिवेदनले उत्खनन निम्ति प्रयोग गरिएका तराई र चुरिया क्षेत्रका विभिन्न खोलाहरु र ढुङ्गा गिट्टी वालुवा निकासीको लागि प्रयोग गरिएका १० वटा मार्गहरु र तिनको दुरावस्था, राज्यले प्राप्त गर्ने राजस्ववारे समेत उल्लेख गरेको कुरा निर्णयमा परेको देखिन्छ।

[39] अदातलले "नेपालको अन्तरिम संविधान, २०६३ ले पनि Incorporate गरेको देखिन्छ । धारा ३३(ण) र धारा ३५(४) को व्यवस्था र प्राकृतिक स्रोतका सम्बन्धमा भएका अन्य कानूनहरू Public Trust Doctrine बाट Guided व्यवस्था हो"... प्राकृतिक स्रोतसम्बन्धी अन्य नेपाल कानूनहरू जलस्रोत ऐन, २०४९ को दफा ३, वन ऐन, २०४९ को दफा १७, १८, खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ३ र नेपाल पेट्रोलियम ऐन, २०४१ को दफा ३ को व्यवस्थाहरू जसले तत् तत् ऐन अन्तर्गतका प्राकृतिक स्रोतहरूमा व्यक्तिको स्वामित्व प्रदान नगरी राज्यको स्वामित्तता प्रदान गर्छ । ती व्यवस्था नेपालका प्राकृतिक स्रोतहरूका सम्बन्धमा Public Trust Doctrine बाट Guided हुने व्यवस्थाहरू हुन्" भन्ने धारणा व्यक्त गरेको पाइन्छ।

[40] आदेशमा त्यस्तो समिति नेपाल सरकारको सम्बन्धित निकायको संयोजकत्वमा १) वातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक ,२) भू-गर्भशास्त्री ३) माइनिङ्ग इन्जीनियर ४) उद्योग विभागको प्रतिनिधि ५) स्थानीय निकायको प्रतिनिधि र ६) नेपाल सरकारले तोकेको आवश्यक अन्य सदस्य तथा वातावरणविद् भएको एक समिति गठन गर्न भनिएको छ।

गर्दै निवेदकको माग वालुवा रोडा ढुङ्गा भारत निकासी रोकि पाउँ भन्ने रहेको सन्दर्भमा वातावरण नै प्रदुषण गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, वस्ती, सडक, पानीको मुहान, वन, वन्यजन्तु, प्राचीन स्मारक आदिलाई प्रतिकुल असर पर्ने भए त्यसलाई रोक्नुपर्छ। त्यसैगरी क्षमता भन्दा वढि निकाल्न पनि हुँदैन भन्दै *"हाललाई ढुङ्गा गिटि वालुवा निकासी गर्ने कार्य रोकी यस अदालतको आदेश अनुसार गठित प्राबिधिक समितिले तत् तत् उद्योग वाट अझै रोडा, ढुङ्गा वालुवा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो वमोजिम निकासी गर्नु"* भन्ने समेत आदेश जारी गरेको पाइन्छ।

२४. माथि उल्लिखित *नारायण देवकोटा* को रिट निवेदनको अतिरिक्त अन्य केहि रिट निवेदनमा पनि यस अदालतले ढुङ्गा गिट्टि बालुवाको उत्खननको विषयमा आफ्नो धारणा व्यक्त गरेको छ। उदाहरणको लागि, *कपिलचन्द्र पोखेरल* को रिट निवेदनमा यस अदालतले *"मानव जीवनको प्रमुख आधारको रूपमा रहेका प्राकृतिक स्रोतहरू माथि सर्वसाधारण सबैको पहुँच एवं अधिकार सुनिश्चित गरिनुपर्दछ। कुनै एक वर्ग, क्षेत्र र समुदाय एवं पुस्ताका मानिसहरूको मात्र यस्ता स्रोतमाथि पहुँच हुने नभई पुस्तौं पुस्तासम्म सार्वजनिक प्रयोजनको लागि सबैको समान पहुँच र उपभोगको प्रत्याभूति गर्न यसको संरक्षणको जिम्मेवारी न्यासी (Trustee) को रूपमा राज्य वा सरकारले लिनुपर्ने... राज्यले कसैलाई प्राकृतिक स्रोतको प्रयोग गर्ने अनुमति सार्वजनिक हितको निम्ति मात्र दिन सक्छ। निजी हितको निम्ति सार्वजनिक स्रोतको दोहन हुनबाट रोक्नु राज्यको दायित्व हो। पृथ्वी राजमार्गको दायाँबायाँ सञ्चालित बालुवा उद्योगहरू निजी व्यक्तिद्वारा सञ्चालनमा रहेको देखिएको अवस्थामा त्यस्ता उद्योगलाई सार्वजनिक पर्ति जग्गाबाट बालुवा उत्खनन् गर्न रोक्नु सरकारको संवैधानिक र कानूनी दायित्वभित्र पर्ने"* भन्ने व्याख्या गरेको छ। त्यसैगरी *शिव प्रसाद पौडेल* ले दर्ता गरेको अर्को रिट निवेदनमा[41] यस अदालतले *"प्राकृतिक स्रोत साधनको क्षमताभन्दा बढी उत्खनन् एवम् प्रयोग, औद्योगिकीकरण, अव्यवस्थित शहरीकरण, वनविनाश, वातावरणसँग तादात्म्यता नराखी गरिने विकास निर्माण आदि नै वातावरण प्रदूषण गर्ने, वातावरणीय ह्रास*

---

[41] शिवप्रसाद पौडेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, नेकाप २०७० निन ९०३० पृ ८६८

*ल्याउने र वातावरणमा असन्तुलन ल्याउने मुख्य कारक तत्त्व भएकोले प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा र आर्थिक विकास आदि गर्दा वातावरण विनाश नहुने गरी विकास निर्माण र वातावरण संरक्षणबीच सन्तुलन कायम हुने गरी गरिनु पर्ने.... प्राकृतिक स्रोत साधन जस्तो ढुङ्गा, गिटी, बालुवा आदि उत्खनन्, दोहन, सङ्कलन र निकासी गर्ने क्रसर उद्योगहरुको स्थापना र सञ्चालन प्रचलित कानूनको सीमाभित्र गर्नुपर्ने* भन्ने व्याख्या गरेको छ। राज्यको न्यासी कर्तव्यवारे समान प्रकृतिको *खगेन्द्र के.सी.* को रिट निवेदनमा पनि विवेचना भएको छ[42]। यसरी यी निर्णयहरु मार्फत यस अदालतले स्पष्टरुपमा प्राकृतिक स्रोतको संरक्षण र उपयोगको विषयमा राज्यको जिम्मेदारी न्यासी (Trustee) को रुपमा रहने, यस्ता स्रोतको उपयोग सार्वजनिक हितको निम्ति र वातावरणमा विनास नहुने गरी गरिनुपर्ने, उपयोगको सीमा निर्धारण, नियमन र वातावरणीय मूल्याङ्कनको आधारमा प्राविधिक पक्ष र अन्तरपुस्ता समन्याय समेतलाई हेरी गरिनुपर्ने वारे स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ।

२५. वजेट भाषणको वुदा नं १९९ मा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा निकासी गरिने भन्ने कुरा उल्लेख भएको सन्दर्भमा हेर्दा, हालसम्म वातावरणीय प्रभाव मूल्याङ्कनको विषयमा यस अदालतसमक्ष पेश भएका विवादहरुको रोहमा भन्दा अनुभव सुखप्रद छैन। उदाहरणको लागि वर्दिया राष्ट्रिय निकुन्ज चिर्दै भुरिगाँउ तेलकोट सडकको विषयमा गरिएको वातावरणीय प्रभाव मुल्याङकन प्रतिवेदनको विषयलाई लिएर *रामकुमार आचार्य* समेतले दायर गरेको रिट निवेदनमा[43] यस अदालतले "*वातावरणीय प्रभाव मूल्याङ्कन कानूनद्वारा निर्धारित प्रक्रियाबाट सम्पन्न हुनु पर्दछ । कानूनद्वारा व्यवस्थित कुरा मनोगत हुन सक्दैन । विविध विकल्पमध्ये छनौट गरिएको विकल्प वातावरण संरक्षणका दृष्टिकोणबाट अति उपयुक्त छ भन्ने कुराका वस्तुगत आधार प्रतिवेदनमा हुनुपर्दछ। ती वस्तुगत आधार कानूनसम्मत छन् वा छैनन् अदालतका परीक्षणका विषय हुन्छन्। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का अन्तरवस्तुभित्र अदालतले प्रवेश गर्नु हुँदैन भन्ने कथनसँग सहमत हुन नसकिने* " भन्ने दृष्टिकोण राख्दै

---

[42] खगेन्द्र केसि (खडका)समेत विरुद्द जिल्ला प्रशासन कार्यालय, उदयपुर समेत नेकाप २०७३ निन ९७११ पृ २२८५

[43] वातावरणीय विकास तथा संरक्षण कानूनी मन्चको तर्फवाट रामकुमार आचार्य वि प्रधान मन्त्री तथा मन्त्री परिषद सचिवालय समेत ने.का.प. २०६९ निनं ८९४२ पृ ४७

प्रस्तावित भुरीगाउँ-तेलपानी-सुर्खेत सडकको केही भाग बर्दिया राष्ट्रिय निकुञ्जभित्रबाट पनि निर्माण हुने भएकोले मुख्य सरोकारवाला निकाय वन मन्त्रालयसमेतका सम्बन्धित विशेषज्ञहरू समेत राखी समिति गठन हुनुपर्ने देखिन्छ। तर वातावरण मन्त्रालयबाट त्यसरी वन मन्त्रालय समेतका सम्बन्धित विशेषज्ञहरू राखी समिति बनाई उक्त सडक बन्दा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा राय सुझावहरू लिएको भन्ने नदेखिएकोले प्रस्तावित भुरीगाउँ-तेलपानी-सुर्खेत सडक आयोजनासम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने गरेको वातावरण मन्त्रालयको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्दै सडक आवश्यक भए पुनः कानूनको प्रकृया पुरा गरी विकल्पहरुको पहिचान गर्नू भनी परमादेशको आदेश समेत जारी गरेको पाइन्छ। यस्तै परिस्थिति चितवन राष्ट्रिय निकुन्ज भित्रवाट सडक निर्माण गर्ने सन्दर्भमा गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनको पनि रहेको देखिन्छ। *अधिवक्ता रामचन्द्र सिंखडा समेतले* दायर गरेको सो रिट निवेदनमा[४४] एकाकिरुपमा सडक निर्माण गरिनुपर्छ भन्ने अभिप्रायका साथ निकुन्जका प्रमुख वा कर्मचारीहरुसंग परामर्श नगरी र विश्व सम्पदा सुचिमा रहेको सो निकुन्जको हकमा युनेस्को वा IUCN प्रतिकृयाको समीक्षा सम्म नगरी तयार गरिएको वातावरण मूल्याङ्कन प्रतिवेदन र सो प्रतिवेदन स्वीकार गर्ने वन तथा वातावरण मन्त्रालयको मन्त्रीस्तरीय निर्णय त्रुटिपूर्ण देखिँदा सोलाई उत्प्रेषणको आदेशले बदर गर्दै कानूनद्वारा स्थापित चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, युनेस्कोलगायत सरोकारवाला निकायहरूको परामर्श र सहमतिमा गरिएको वातावरणीय प्रभाव अध्ययनले अनुमति नदिएसम्म चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने गरी सडक निर्माणसम्बन्धी कुनै कार्य नगर्नु नगराउनु भनी परमादेशको आदेश जारी गरेको अवस्था छ। वातावरणीय प्रभाव मुल्याङकनको नाममा एउटा आयोजनाको लागि तयार भएको प्रतिवेदन अर्को आयोजनाको लागि सारिएका, सरोकारवालाहरु नबुझिएका, नाममात्रको सार्वजनिक सुनुवाई गरिएका अरुपनि वग्रेल्ती उदाहरणहरु फेला पर्छन। यिनै कुराहरुलाई दृष्टिगत गरेर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई यस अदालतले एउटा पुर्वनिर्धारित गन्तव्यमा पुग्ने औपचारिकता पुर्‍याउने दस्तावेजकोरुपमा नहेरी वा वास्तवमा यसका मूल मान्यता र विध्यमान कानून समेतको परख गरी वातावरणमा क्षति नहुने वा भएपनि न्युनतम क्षतिहुने

---

[४४] अधिवक्ता रामचन्द्र सिंखडा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय समेत नेकाप २०७६ निन १०२०४ पृ १४५०९

विकल्प पहिल्याउने वैज्ञानिक तथ्यमा आधारित र वातावरण सम्वन्धी जटिल निर्णयमा पुग्न सहायक हुने प्रतिवेदनको रुपमा हेर्न खोजेको देखिन्छ। आ-आफ्नो क्षेत्रका स्वनामधन्य विद्वान र विज्ञहरुको संलग्नतामा तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरु वातावरणीय विध्वंशलाई खुला निमन्त्रणा दिने कागजी दस्तावेज कदापि बन्नु हुँदैन। यसो गरिनु नेपालको संविधानले अङ्गिकार गरेको वातावरणीय दिगो विकासको सिद्वान्तको विपरित एवं प्रकारान्तरले स्वच्छ तथा स्वस्थ वातावरणमा जिउन पाउने मानव मात्रको प्रतिष्ठापूर्ण जीवनको हक विपरित हुने देखिन्छ। त्यसैले वर्तमानमा भैरहेको गतिविधिहरुलाई निरुत्साहित गर्न गलत प्रतिवेदन तयार गरिएको कारण वातावरण विकास हुन गएमा त्यस्तो व्यक्तिहरु उपर कानूनी कारवाही हुने सम्मको व्यवस्था गरिनु आवश्यक हुने देखिन्छ।

२६. वातावरण संरक्षणमा यस अदालतले लिएको दृष्टिकोण वारे चर्चा गरिसकेपछि अव वर्तमानमा नदिजन्य र खानीजन्य प्राकृतिक स्रोत तथा ढुंगा गिट्टि वालुवाको उत्खनन, उपयोग र निकासीको सन्दर्भमा वढि चाप भएको क्षेत्र कुन हो, उत्खनन, उपयोग र निकासीको सन्दर्भमा आकर्षित हुने कानूनी संरचना तथा नितिगत व्यवस्थाहरु के हुन्? तिनको कार्यान्वयनको अवस्था के छ? भन्ने तेस्रो प्रश्नबारे चर्चा गरौं।

यद्दपि वुदा नं १९९ मा मुलुकको कुन क्षेत्रवाट खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिने हो स्पष्ट गरिएको देखिदैन। तर निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्ने कुराको पनि उल्लेख गरिएवाट यो कार्य चुरिया वा महाभारत क्षेत्र, यी क्षेत्रमा रहेका उपत्यका, वा तिनैको खोंच तथा नदि किनारा वा नदिको भूई सतह होला र रोपवे नै प्रयोग गर्ने भने पछि यसको स्केल पनि ठूलो नै होला भन्ने लखकाट्न सकिन्छ। यो कुरालाई विपक्षी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको लिखित जवाफमा स्पष्टतः इन्कार गरिएको पनि छैन। वरु लिखित जवाफमा यो नितान्त नीतिगत विषय हो भन्दै ढुङ्गा, गिट्टी, बालुवालाई निकासी गर्ने भन्दै निकासीको कानूनी प्रक्रिया पूरा भएको अवस्थामा मात्र हुने हो; ढुङ्गा, गिट्टी तथा बालुवा विदेश निर्यात गर्ने सम्बन्धमा आ.व. २०७८/०७९ को बजेटमा गरिएको व्यवस्था नयाँ होइन। विगतमा जिल्लागत क्षमताको आधारमा गरिएकोमा यसले राष्ट्रिय रुपमा नै एउटा व्यवस्थित निकासीजन्य उद्योगको रुपमा सञ्चालन र व्यवस्थापन गर्न नै बजेटमार्फत सो नीतिगत व्यवस्था गरिएको हो; सबै ठाउँको ढुङ्गा, गिट्टी निरपेक्ष रुपमा

निकासी हुने नै होइन। निकासीको लागि रोप-वेको स्थापना हुँदा वातावरण संरक्षण हुने र प्रदुषण कम हुने गरी गरिने हो। यो नेपालको आवश्यकतालाई नजरअन्दाज गरेर हुने पनि होइन; सो संकलित पदार्थलाई मुलुकको आवश्यकता पूर्ति गरी बाँकी हुने वस्तुलाई निकासी गर्न दिंदा त्यसबाट मूलुकको वर्षेनि बढ्दै गएको व्यापार घाटा कम गर्न सकिने अभिप्रायले नै प्रस्तुत व्यवस्था गरिएको हो भन्ने जस्ता जिकिरहरु लिइएको देखिन्छ। यति धेरै कुरा लिखित जवाफमा उल्लेख गर्ने सरकारले वुदा नं १९९ मा नै यो यहाँ, यस क्षेत्रवाट यो रोह रितमा यति परीमाणमा उत्खनन गरी निकासी गर्ने हो भन्न किन नसकेको हो, सो चाहिं वुझिदैन। नत यस्तो निर्णय गर्नुअघि विद्यमान ऐनले वाध्य गरे जस्तै वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका अध्ययन पश्चात यस्तो निर्णय गरिएको हो भन्ने नै कतै उल्लेख गरिएको देखिन्छ। विपक्षी मन्त्रीपरिषदको लिखित जवाफ हेर्दा यो नितान्त नीतिगत विषय हो; नीति विश्लेषण भई नीतिगत विषय कार्यान्वयन हुनेमा सो पूर्व नै अदालतबाट हस्तक्षेप गरी कार्यकारिणी अधिकारलाई संकुचन गर्ने गरी कुनै आदेश जारी हुन मिल्दैन; त्यसै गरी र आध्यादेश स्वीकार गर्ने वा नगर्ने संसदको क्षेत्राधिकारको विषय हो भन्ने उल्लेख भएबाट परोक्षरुपमा अदालतको भूमिकालाई अस्वीकार गर्न खोजिएको वा यो अदालतले हेर्ने विषय होइन भन्न खोजिएको हो कि भन्ने संकेत मिल्दछ। अदालतको उद्देश्य कार्यपालिका वा विधायिकाको कार्यक्षेत्रमा हस्तछेप गर्ने कदापि होइन। संविधानले व्यवस्था गरेको शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको रेखालाई अदालतले सदा चनाखो भई हेर्दछ। तर जँहा संविधानका व्यवस्थाहरुको सम्मान हुदैन र परिणामतः वावावरणीय असन्तुलनको एउटा भयावह स्थिति तर्फ मुलुक उन्मुख भई रहेको देखिन्छ, त्यस्तो स्थितिमा अदालत चुप लागेर वस्ने भन्ने हुँदैन। यसो गर्नु संविधान तथा मुलुक र जनताको नाममा लिएको सपथको विरुद्द हुन्छ।

२७. लिखित जवाफ हेर्दा हाल जिल्ला तहमा भैरहेको कार्यलाई नीति निर्माताले जानकारीमा राखेको देखिएको र मन्त्रिपरिषदको बैठक संख्या १७।०७०, मिति २०७०।३।२७ को निर्णयको पनि उल्लेख गरेको पाइन्छ। सो निर्णयमा "प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, दोहन र उत्खनन् गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने, चुरे क्षेत्र, निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिट्टी,

बालुवा विदेश निकासी गर्न नदिने, सो क्षेत्रबाहेक अन्यत्रका वनजन्य र नदीजन्य पदार्थका हकमा मूल्य अभिवृद्धि गरी कम्तिमा एक तह प्रशोधन गरेर मात्र निकासी गर्न दिने, अप्रशोधित रुपमा ढुङ्गा (Boulder) गेग्रान विदेश निकासी नगर्ने भनिएकोवाट चुरे क्षेत्र, निकुन्ज र आरक्षको वा त्यस्को मध्यवर्ती क्षेत्रवाट उत्खनन गर्न नदिने भनिएको रहेछ कि भनी तर्क गर्न सकिन्छ। साथै सरकार आफैले २०७१।०३।१६ मा "छत्तिस जिल्लाका विभिन्न गा.वि.स र सो ले ओगटेको क्षेत्रफलको चुरे क्षेत्र, यसको जलाधार र नदी प्रणालीलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण संरक्षण क्षेत्र कायम गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ"[45] भनी चुरे-तराई क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरेको अवस्था समेत यँहा छ भने राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति द्वारा तयार गरिएको चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा "*नदिजन्य पदार्थको वाह्य निकासी खुला गर्दा यस्ता पदार्थको अत्यधिक दोहन हुन पुगी वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्नुको साथै राज्यले प्राप्त गर्ने राजस्वभन्दा त्यस्ता पदार्थ उत्खनन, प्रशोधन र ढुवानीको सिलसिलामा क्षति पुगेका भौतिक संरचना मर्मत सुधार गर्न कैयौं गुणा बढी खर्च लाग्ने अध्ययन प्रदिवेदनले देखाएको छ। त्यसको साथै नियमन गर्न समेत कठिनाई परेको प्रशस्त अनुभव छ। तसर्थ नदीजन्य पदार्थ कच्चा पदार्थको रुपमा वाह्य निकासी गर्न प्रतिवन्ध गर्न सिफारिस गरिएको छ*" भन्ने उल्लेख भएको र उक्त गुरुयोजना नेपाल सरकार मन्त्री परिषदवाट मिति २०७४।०२।०४ वाट स्वीकृत गरिएको पनि देखिएको छ। तर तराई र महाभारत क्षेत्र, उपत्यकाका नदिहरु, तिनका वगर र आसपासका क्षेत्रमा भैरहेको अनियन्त्रित उत्खननलाई हेर्दा र सरकारले २०७७ सालमा स्वीकृत गरेको **"ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७"** को दफा ६ मा "वन तथा चुरेक्षेत्रवाट *सामान्यतया* ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरिने छैन, उक्त क्षेत्रवाट सो कार्य गर्नुपर्ने भएमा सम्वन्धित निकायको सहमतिमा सम्वन्धित गाँउपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, संकलन विक्री गर्न सक्नेछ भन्ने उल्लेख भएको र सो मापदण्डको दफा १९ को उपदफा (१) मा नेपाल सरकारले ढुङ्गा, गिट्टि वालुवा जस्ता साधारण निर्माण मुखी पदार्थको कम्तिमा

---

[45] नेपाल राजपत्र, खण्ड ६४, संख्या ९ ,भाग ५, मिति २०७१।०३।१६

एकतह प्रशोधन गरी निकासी गर्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था रहेवाट चुरेक्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गर्दा गर्दै र गुरुयोजनामा नदीजन्य पदार्थको बाह्य रुपमा निकासी गर्न प्रतिबन्ध लगाउदा लागाउदै पनि चुरे क्षेत्रवाट उत्खननलाई पूर्णतया रोकिएको रहेछ भनी वुझ्न मिल्ने अवस्था देखिएन। त्यसमाथि संकलित पदार्थलाई मुलुकको आवश्यकता पूर्ति गरी बाँकी हुने वस्तुलाई निकासी गर्न दिंदा त्यसबाट मूलुकको वर्षेनि रुपमा बढ्दै गएको व्यापार घाटा कम गर्न सकिने अभिप्रायले नै बुँदा नं १९९ को प्रस्तुत व्यवस्था गरिएको हो भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको लिखित जवाफ रहेवाट सारमा सरकार ढुङ्गा, गिट्टी वालुवाको विदेश निकासी तर्फ सरकार अग्रसर नै रहेको पाइयो।

२८. यथार्थमा चुरे वा महाभारत क्षेत्रवाट नदिजन्य वा खानीजन्य ढुङ्गा, गिट्टि, वालुवाको उत्खनन, संकलन र निकासी गर्ने कुरा अत्यन्त संवेदनशील विषय हो। यो नै उत्खनन र दोहनको अत्यधिक चापमा परेको क्षत्र पनि हो। वि.सं २०६० कै दशंकमा नै नेपालको मेची देखि महाकालीसम्म नै चुरे तथा महाभारत क्षेत्रवाट अव्यवस्थित, अनियन्त्रित र अनधिकृत तवरवाट डोजर तथा एस्काभेटर समेत प्रयोग गरी ठूलो मात्रामा ढुङ्गा, रोडा, ग्याभेल तथा बालुवाको उत्खनन, संकलन र स्वदेश तथा विदेशमा विक्री गर्ने कार्यले तराईको उर्वर भूमिमा असर परेको तथा चुरे क्षेत्रको पारिस्थितिकी प्रणालीमा समेत प्रतिकुल असर परी चुरेवाट भूस्खलन भई तराईमा रहेको उत्पादनशील र उर्वर भूमि वगरमा परिणत भएको विषयमा व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिद्वारा २०६६।०९।२० मा ढुङ्गा, रोडा, ग्याभेल तथा बालुवाको उत्खनन, संकलन र विदेश निकासी रोक्न मन्त्री परिषद सचिवालय र नेपाल सरकारका विभिन्न सरोकारवाला मन्त्रालयलाई निर्देशन दिएको र तत्पश्चात प्राप्त प्रतिकृया समेतलाई मध्यनजर गर्दै सो विषयमा उपसमिति गठन गरी[४६] स्थलगत अध्ययन र सरोकारवालासंग परामर्ष समेत गरी २०६६ सालमा विस्त्रित प्रतिवेदन दिएको देखिन्छ। सो प्रतिवेदनवारे *नारायण देवकोटा*को रिट निवेदनमा यस अदालतले विस्त्रित रुपमा उल्लेख गरिसकेको हुँदा यहाँ त्यसको पुनरावृत्ति आवश्यक छैन। यहाँ जोड दिन खोजिएको कुरा

---

[४६] यो उपसमिति सांसद चन्द्रदेव जोशीको संयोजकत्वमा गठन गरिएको। समितिले तिनवटा टोली वनाई पुर्वी क्षेत्रका धनुषा, सिराह, ससरी, उदयपुर सुनसरी, मध्य क्षेत्रका धादिङ, मकवानपुर, वारा पर्सा र पश्चिम क्षेत्र अन्तरगत रुपन्देही र कपुलवस्तु समेतका जिल्लाहरुको स्थलगत अध्ययन गरेको र विभिन्न नदिहरुवाट भएका उत्खनन, क्रसर उद्योग को सञ्चालन वारे अवलोकन गरेको थियो।

कतिसम्म हो भने समितिको उक्त प्रतिवदेनमा जुन परिमाणमा ढुङ्गा, रोडा, ग्र्याभेल तथा बालुवाको उत्खनन तथा विदेश निकासी भैरहेको छ त्यसमा गम्भीर प्रश्न उठाएको, उत्खनन् र विदेश निकासीको कारण वातावरणमा गम्भीर असर परेको, सो कार्य वातावरणीय अध्ययन मुल्याङ्कन प्रतिवेदन(IEE/EIA) नगरी गरिएको, नदिहरुमा एक्साभेटरको प्रयोग लगायतले उत्खनन् गर्दा वाढि पहिरो तथा भूक्षय हुन गएको, सरकारका विभिन्न मन्त्रालयहरु वीच समन्वयको अभाव देखिएको, राजनीतिक दलसंग आवद्द व्यक्तिहरु संगठितरुपले ठेक्कापट्टामा अंशियारकोरुपमा रहेकोवाट स्थानीय तहमा भएका संझौताहरु पनि उल्लंघनमा सहयोग पुगेको कुरा उल्लेख छ। साथै अनियन्त्रित र तिव्ररुपमा ढुङ्गा, रोडा, ग्र्याभेल तथा बालुवाको भारत निकासी र चोरी निकासी भइरहेको परिप्रेक्षमा अनुगमनको प्रभावकारी संयन्त्र नभएकोमा चिन्ता प्रकट गर्दै सो विषयमा कानूनमा रहेको रिक्तता, जटिलता र दोहरोपनलाई समग्रतामा अध्ययन गरी आगामी दिनमा यस विषयमा विस्वित रुपमा समयानुकुल नयाँ कानूनको निर्माण, मौजुदा कानूनमा संशोधन र एकिकृत कानूनको मस्यौदा तयार गरी दीर्घकालीनरुपमा यसको समाधान खोज्नेगरी विभिन्न चार प्रकारका सुझाव र निर्देशनहरु दिएको पाइन्छ[47]। सो प्रतिवेदनमा दीर्घकालीनरुपमा कार्यान्वयन गर्नुपर्ने सुझावको दफा १३ मा "प्राकृतिक स्रोतको सम्वन्धमा दीर्घकालीन असर पर्ने कुनैपनि विषयमा कुनैपनि तहमा निर्णय गर्दा दीगो विकासका आधारभूत मान्यता र प्राकृतिक स्रोत व्यवस्थापनका अन्तराष्ट्रिय सिद्दान्तलाई ध्यानमा राखेर मात्र यसका लागि बन तथा भू-संरक्षण मन्त्रालय, वातावरण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र उद्योग मन्त्रालयलाई निर्देशन दिने" भन्ने उल्लेख भएको पाइन्छ। ढुङ्गा, गिट्टि, वालुवाको जुन परिमाणमा उत्खनन भएको छ सो मात्रामा राजस्व नआएको समेत जानकारी लिई संसदीय समतिले विवादित विषयको वातावरणीय पक्ष र दीगो विकासलाई दृष्टिगत गरेर यस विषयमा सोच समझका साथ कदम चाल्नुपर्ने कुरामा जोड दिएको पाइन्छ।

२९. साथै सोहि प्रतिवेदनको अनुसुचि ९ मा संलग्न सचिव लिलामणी पौडेलको प्रतिवेदनमा भने "ढुङ्गा माटो वास्तव मै राष्ट्रिय वस्तु हो। यसको निकासी कुनैपनि मूल्यमा हुन सक्दैन" तराईमा नदिको सतह माथि उठेका क्षेत्रमा नदिले थुपारेको माटो वालुवा र ढुङ्गा थुपारेको

---

[47] व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समिति, चुरे भावर लगायतका क्षेत्रवाट ढुङ्गा, गिट्टि वालुवा उत्खनन र निकासी समवन्धी प्रतिवेदन २०६६ पृ २८

सतहसम्म वर्षेनी उठाई नदिलाई प्राकृतिक र परंपरागत वाटोवाटै वग्ने अवस्था सिर्जना गर्नु पर्यावरणीय दृष्टिले र वाढि नियन्त्रणका दृष्टिले अनिवार्य हो तर त्यसको नाममा अहिले भैरहेको उत्खनन अत्यन्त अस्वभाविक, जोखिमयुक्त र अप्राकृतिक छ भन्दै ढुङ्गा, गिट्टि, वालुवाको निकासी प्रतिवन्ध लगाउने गरी कानूनी तथा संरचनागत व्यवस्था गरी मन्त्री परिषदमा छिटो भन्दा छिटो सिफारिस गर्न लगाउने; यो कार्य नहुँदासम्म प्रहरी, प्रशासन, वातावरण मन्त्रालय र स्थानीय विकास मन्त्रालय सवैलाई निकासी रोक लागाउन निर्देशन दिने, ढुङ्गा, वालुवा वा माटो झिक्दा वातावरण संरक्षण ऐनको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण विधिको अनिवार्य पालना गर्ने गराउने भन्ने समेतका सुझाव पेश गरेको पाइन्छ।

३०. ढुङ्गा गिट्टी वालुवाको अनियमित र अनियन्त्रित उत्खननवाट बढी चापमा परेको क्षेत्र चुरे र सोभन्दा दक्षिणको भावर क्षेत्रहो भन्ने कुरा माथि उल्लेख भई सकेको छ। रिट निवेदनमा चुरे आफै वोल्न सक्दैन, उ स्वयंमा अमुक छ भन्दै यसको भूजैविक र भौगोलिक संवेदनशीलताको साथै यसले तराई मधेसको रक्षा कवचको रुपमा खेलिरहेको भूमिका र यसको तीव्र दोहन हुँदा तराईका जनताले प्रति वर्ष वेहोरिरहेको वाढी पहिरो, पानीको समस्या र कृषिमा परेको प्रभाववारे प्रश्न उठाइएको छ। यी कुराहरु अत्यन्त गम्भीर छन्। घरेलु आवश्यकता र निकासीको लोभमा जुन तिव्रताका साथ चुरे र तराई क्षेत्रमा वातावरणीय विध्वंश भैरहेको छ त्यसलाई अत्यन्त गम्भीरताका साथ लिइनु पर्छ र यसो भन्नुमा भौगोलिक, भौगर्भिक र पारिस्थिकीय कारणहरु छन। नेपालको पश्चिम महाकाली देखि पुर्वमा मेची नदीसम्म झण्डै ८०० कि.मी. तन्केर रहेको हिमालय पर्वतमालाको सवै भन्दा दक्षिणमा अवस्थित र सवै भन्दा होचो, सवैभन्दा कमजोर[४८] र संवेदनशील यो पर्वतमालाले नेपालका

---

[४८] चुरिया मुख्यतया वलौटे ढुङ्गा (Sandstone) माटे ढुंगा(Mudstone) संगुटिका(Conglomerate), क्लेस्टोन (claystone)सेल (Shale) खुकुलो गरी वसेको गेग्र्यानजन्य थेगर(unconsolidated gravel dominated sedimentation) समेतले वनेको क्षेत्र हो। हेर्नुहोस, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, "चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४" पृ १०; "The major geomorphic process in the Churia is rapid fluvial erosion. The weak geology, heavy rainfall and tropical weathering are the common features of the Churia range. This area consists of humid tropical climatic zone. During monsoon period Churia becomes quite hazardous for landslides and flash flood"- See Dr. B.K. Pokharel, Rabin Raj Niraula, Niroj Timalsina, Rakshya Neupane(eds) CHANGING FACE OF THE CHURIA RANGE: Land and Forest Cover in 1992 and 2014, (HELVETAS/Nepal, Jan. 2015) at file:///C:/Users/user/Downloads/Changing_Face_of_the_Churia_Range_of_Nep2.pdf.

३६ जिल्लाहरुलाई समेटछ। यस भित्र नदीले वनाएका केहि खोंचहरु, केहि दुन उपत्यकाहरु छन[49]। कतिपय जिल्लाको त अधिकांश भुभाग नै चुरिया क्षेत्रमा पर्छ[50]। चुरेले नेपालको १२.७८ प्रतिशत भूभाग ओगटेको छ भने चुरे भावर र तराई मधेशमा नेपालको करिव आधा जनसंख्याको वसोवास छ। चुरिया क्षेत्रमा उत्पत्ति हुने र चुरिया क्षेत्रलाई छिचोलेर वग्ने १६४ नदि प्रणालीहरु[51]को चाप र प्रभावमा रहेको र यसै पनि भौगर्भिक रुपमा अस्थीर यस क्षेत्रमा पछिल्लो ४०-५० वर्षमा भएका अव्यववस्थित वसोवास, वन पैदावारको अव्यवस्थित दोहन, भूक्षमता अमैत्री कृषि प्रणाली, घरपालुवा चौपायाको खुला चरिचरन, वन डढेलो, वातावरण अमैत्री भौतिक पुर्वाधार विकास जस्ता कारणले समस्त चुरे क्षेत्रको वातावरणीय अवस्था नाजुक रहेको छ[52]।चुरे र तराईक्षेत्रको भू-आवरण र भू-उपयोग परिवर्तन (land cover and land use change - LCLUC) वातावरणीय विनाशको प्रमुख कारण बनेको छ। यथार्थमा नेपालको सन्दर्भमा चुरे क्षेत्र भू-आवरण र भू-उपयोग परिवर्तनको खुला पुस्तक हो भने पनि हुन्छ। भूमिको उपयोग र भूमिको आवरणमा परिवर्तन (Land use and land cover change) हुँदा जल, वायुको गुणमा ह्रास आउने, जलाधार संरक्षण, जैविक विविधतामा प्रतिकुल असर पर्ने, फोहर मैला बढ्न जाने, कृषि, पशुपालन, वन्यजन्तुको संरक्षणमा र मानव स्वास्थ्य र मौसम परिवर्तनमा समेत गम्भीर प्रतिकुल असर पर्ने हुन्छ।

---

[49] उदाहरणको लागि, सिन्धुलीको मरिन खोंच, कमला खोंच, डडेलधुराको रङ्गुन खोंचका साथै केहि दुन उपत्यकाहरु जस्तो उदयपुर(त्रियुगा, कटारी), चितवन, दाङ, देउखुरी, सुर्खेत चुरिया क्षेत्रमा पर्छन्।

[50] केहि जिल्लाहरु जस्तो झापा, धनकुटा, भोजपुर, काभ्रे, ललितपुर, तनहुँ, प्युठान र डोटिको १% भन्दा कम भूभाग चुरियाक्षेत्रमा पर्छ भने उदयपुर, सिन्धुली, मकवानपुर, चितवन, नवलपरासी, दाङ र कैलाली जस्ता जिल्लामा चुरिया क्षेत्र सापेक्षिकरुपमा वढि पर्छ। चितवन र दाङको हकमा भने क्रमशः ८४% र ८२.५% भूभाग चुरिया क्षेत्रमा पर्छ, हेर्नुहोस पुर्व नोट ४७।

[51] नेपालमा उच्च हिमाल र हिमालवाट उत्पत्ति भई वाह्रै महिना पानी वग्ने २७ वटा, मध्यपहाडवाट उत्पत्ति भई वाह्रैमहिना पानी वग्ने ७६ वटा, चुरेवाट उत्पात्रे भई वर्षायाममा मात्रेपानी वग्ने ४८ वटा र तराई मधेशमा उत्पत्ति भई प्राय वाह्रै महिना पानी वग्ने १३ वटा सहित १६४ नदी प्रणालीहरुको पहिचान गरिएको छ हेर्नुहोस राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरु योजना २०७४ पृ १५

[52] राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरु योजना २०७४ पृ १२

पछिल्लो समयमा भूमिको उपयोगमा हुने परिवर्तन र मौसम परिवर्तन वीच गहिरो सम्वन्ध रहेको कुरा वैज्ञानिक अध्ययनहरुले देखाएका छन्।[53] कृषिमा आधारित अर्थतन्त्रको प्रधान्य रहेको वर्तमान अवस्थामा वढदो जनसंख्या, गरिवी, उपायवहिनता र शहरीकरण समेतले भूमिमा परिरहेको चाप, सुसासनको अभावमा सीमित वर्गले भूमिको दिगो उपयोगमा गर्ने तोडमोड र मौसम परिवर्तनको कारण मुलुक गरिवीको दुष्चक्रमा फसिरहने जोखिमलाई पनि नजर अन्दाज गर्न मिल्ने देखिंदैन। त्यसैले नेपालको सन्दर्भमा हामीसंग सीमित जमिन उपलव्ध छ; त्यो मानवीय चापमा परेको छ; हाम्रो प्रकृति, वातावरण र पारिस्थितिकी प्रणाली जोखिमपुर्ण संवेदनशीलतामा छ, यो प्रणालीमा वेपर्वाह हस्तछेप गरिंदा यसमा सम्हाल्नै नसकिने क्षति पुग्न सक्छ भन्ने संझेर सतर्कतापुर्वक कार्य गर्नु आवश्यक छ। प्राकृतिक, भौगर्भिक र वातारणीय रुपले समस्त चुरे क्षेत्र नै अत्यन्त संवेदनशील रहेकोमा पछिल्लो समयमा नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन, संकलन र निकासीले यस क्षेत्र र समस्त भावर र तराई मधेश क्षेत्रको जनजीवन अस्तव्यवस्त वनेको छ[54]। यद्दपि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिले विधिवतरुपमा गुरुयोजना मार्फत समेत काम शुरु गरेपछि चुरे क्षेत्रमा वनक्षेत्र वढ्न गएको छ, तर चुरे क्षेत्रमा कृपिक्षेत्र नासिएको र भावर क्षेत्रमा भएको नदिजन्य ढुङ्गा गिट्टि वालुवाको उत्खनन नरोकिएको कारण चुरे क्षेत्रका नदीहरुको चौडाई वढी कृषिक्षेत्र वगरमा परिणत भएको अध्ययनहरुले देखाएका छन, जसले नदिक्षेत्रमा किनारा भासिने, भू-क्षय र भू-स्खलन हुने कार्य नरोकिएको संकेत गर्छन[55]। जसको प्रभाव समस्त तराई क्षेत्रको खेतीयोग्य जमिनमा बालुवा भरिने, जमिनको सतह बढी घरभित्र पानी पस्ने आदी विभिन्न रुपमा प्रभाव परिरहेको देखिन्छ। त्यसैले वातावरणीय रुपमा स्वस्थ र स्वच्छ

[53] Basanta Paudel, Yi-Li Zhang, and Narendra Khanal, **Review of studies on land use and land cover change in Nepal,** Journal of Mountain Science, (October 2016) browsed in https://www.researchgate.net/profile/Basanta-Paudel See also Zahra Hassan Rabia Shabbir , Sheikh Saeed Ahmad, Amir Haider Malik , Neelam Aziz , Amna **Butt and Summra Erum, Dynamics of land use and land cover change (LULCC) using geospatial techniques: a case study of Islamabad Pakistan** in Hassan et al. Springer Plus (2016) 5:812 DOI 10.1186/s40064-016-2414-z

[54] गुरुयोजनामा हाल २४२ क्षेत्रमा नदिजन्य पदार्थको उत्खनन भैरहेको देखाइएको छ, हेर्नुहोस ऐऐ पृ ३८

[55] चुरिया क्षेत्रमा करिव २०,००० हेक्टर कृपिक्षेत्र नासिएको र नदिहरुको भुइसतह १२,३०० हेक्टरले वढेको अध्ययनले देखाएको छ, हेर्नुहोस **Changing Face of the Churia of Nepal: Land and Forest Cover in 1992 and 2014** (Dr. B.K. Pokharel, Rabin Raj Niraula, Niroj Timalsina, Rakshya Neupane eds), Helvetas Nepal Jan 2015 पृ ३१

चुरे यो सहित तराई मधेश र अझ समस्त मुलुकको जनजीवन र जनजीविकाको लागि महत्वपूर्ण रहेको कुरा विर्सन मिल्दैन। चुरेको विध्वंश हुँदा समस्त मुलुकको विध्वंश हुन्छ, चुरे सकिँदा अरु क्षेत्र जोगिएर रहन सक्ने अवस्था हुँदैन।

३१. यद्दपि वजेट भाषणको बुँदा न १९९ ले उत्खनन हुने स्थान स्पष्ट गरिएको छैन तर रिट निवेदनमा मोरङ देखि डडेलधुरासम्म १४ जिल्ला ५२ स्थानबाट खानी उत्खनन गरेर ढुंगा गिट्टि बालुवाको निर्यात योजना बनाइसकेको छ भन्ने समाचार सार्वजनिक भएको कुरा उल्लेख गर्दै यस्तो कार्य रोक्न माग गरिएको छ र लिखित जवाफमा सो कुरालाई इन्कार पनि गरिएको छैन। अर्थ मन्त्रालयको लिखित जवाफमा चुरे बाहेकका क्षेत्रमा प्राविधिक, भौगोलिक र पर्यावरणीय रुपमा उपयुक्त स्थानमा खानी तथा भूगर्भ विभागको अध्ययन प्रतिवेदन समेतका आधारमा छनौट गरिएका स्थानमा उत्खनन् गरिने हो सम्म भनिएको र ढुङ्गा, गिट्टि, वालुवाको निकासीमा रोप-वेको व्यवस्था गरिने समेत संकेत गरिएवाट उत्खनन गर्न खोजिएको क्षेत्र चुरे भन्दा उत्तरको महाभारत क्षेत्र रहेछ कि भनी अनुमान गर्न सकिन्छ। तर भौगोलिक, भौगर्भिक, नदि प्रणालीको प्रवाह तथा वातावरणीय रुपमा चुरेसंग अन्योन्याश्रित रुपमा जोडिएको महाभारत पर्वत सृङ्खलामा भैरहेका सडक विस्तार, जलविद्युत आयोजना सहितका विकास संरचना, करिव पाँच दर्जन भन्दा वढि सिमेन्ट उद्योगको लागि भइरहेको उत्खननका[56] साथै पछिल्लो समयमा कतिपय क्षेत्र भूकम्पले क्षति पुर्याएको अवस्था र मौसम परिवर्तनको कारण थपिएको चापले गर्दा सो क्षेत्र पनि सुरक्षित रहेको अवस्था छैन। महाभारत क्षेत्रको भिरालोपनको कारण यस क्षेत्रवाट नदिहरु जुन वेगका साथ वग्छन त्यसलाई हेर्दा नदि, वगर र आसपासका क्षेत्रमा गरिएको सानो उत्खननको पनि गम्भीर परिणाम निस्कन सक्छ। यस्तोमा राज्यले अनुशरण गर्ने भनेको पुर्व सावधानीको सिद्दान्त नै हो। जहाँ कुनै कार्यवाट वातावरणमा उल्लेखनीय क्षति पुग्ने प्रचुर सम्भावना रहन्छ राज्यले पुर्व सावधानी अपनाउदै त्यस्तो कार्य रोक्नुपर्छ। हाम्रो छिमेकी भारतमा चाहे देहरादुन वरिपरिका पहाडमा गरिएको चुन ढुङ्गाको उत्खनन् होस वा अरावल्ली पर्वत सृङ्खलामा (Aravalli Range) गरिएको उत्खननको करण वातावरणमा प्रतिकुल असर परेको भन्ने सवाल होस पुर्व सावधानीको

---

[56] एउटा प्रतिवदनले विभिन्न समयखण्डमा गरी ६५ वटा सिमेन्ट उद्योगहरुले नेपाल स्टान्डर्डवाट अनुमति लिई उत्पादन शुरु गरेको जनाएको छ। हेर्नुहोस GON/Department if Industry, Detailed Study of Cement Indistry, 2019 (Study Conducted by Deepak Neupane et al) Executive Summary II

सिद्दान्तको नै अनुशरण गरेको पाइन्छ। एउटा मुद्दामा भारतीय उच्चतम न्यायालयले भनेको छ:

"The natural sources of air, water and soil cannot be utilized if the utilization results in irreversible damage to environments. The most vital necessities, namely, air, water and soil, having regard to the right of life under the Constitution, cannot be permitted to be misused and polluted so as to reduce the quality of life of others.... If an activity is allowed to go ahead, there may be irreparable damage to the environment and if it is stopped, there may be irreparable damage to economic interest. In case of doubt, however, protection of environment would have precedence over the economic interest." [57]

यसरी छिमेकमा महाभारत र चुरिया क्षेत्र लगायत नदि जोगाउनं भैरहेको प्रयासबाट पनि हामीले केहि न केहि पाठ सिक्नै पर्छ।

३२. हाम्रो सन्दर्भमा भन्दा चाहे नदिजन्य होस वा खानी जन्य नै किन नहोस, कम जोखिम युक्त सम्भाव्य उत्खननवाट देशको विकासको आवश्यकता नै पुर्‍याउन मुस्किल भैरहेको अवस्थामा मुलुकको आवश्यकता यो यति हो, हाल सुरक्षित रुपमा उत्खनन् गर्न सकिने र नदीनालाहरुबाट वर्षेनि रुपमा बग्ने ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण यो यति हुन्छ, सो संकलन नगरिदा नदिले वाटो वदलेर यस्तो क्षति पार्न सक्छ, वा सीमा परि यसै वगेर जान्छ वा गईरहेको छ, यसरुपवाट खेर जान्छ, विगतको इतिहास यस्तो छ भन्ने आदि विषयमा पूर्वानुमान सहितको कुनै तथ्याङ्क इजलास समक्ष पेश हुन सकेको छैन। तसर्थ के आधारमा नदीजन्य पदार्थको व्यवस्थित रुपमा उत्खनन् गर्दा नेपालको आन्तरिक खपतका लागि भन्दा धेरै गुणा बढी प्राप्त हुन सक्ने प्राविधिक रुपमा आँकलन भएको छ भनी विपक्षी मन्त्री परिषदको लिखितजवाफमा उल्लेख गरिएको हो स्पष्ट हुँदैन। प्राकृतिक स्रोत र साधनहरुको के कस्तो परिचालन गरी के कस्तो तीब्र आर्थिक समृद्दि हासिल गर्न खोजिएको हो सो पनि सहज रुपमा वुझ्न सकिदैन। हो, ढुङ्गा गिट्टि वालुवा नेपालका महत्वपूर्ण प्राकृतिक स्रोत मात्र नभै विकास निर्माणका लागि अनिवार्य सामाग्रीसमेत हुन्। यो पनि सत्य हो कि विशेषत: पहाडवाट तराईमा वग्ने नदि प्रणालीले भावर र तराईको समथर भुभागमा वर्षेनी वागाई ल्याउने ढुंङ्गा, गिटि वालुवाको निश्चित परिमाण उत्खनन् हुँदा नदिले वाटो वदल्ने कार्य एवं

[57] M.C. Mehta v. Union of India & Others (March 18, 2004) AIR 2004 SC 4016; See also Rural Litigation And Entitlement vs State Of U.P. & Ors ( 12 March, 1985) AIR 1985 SC 652, 1985 SCR (3) 169; See also National Green Tribunal, Himmat Singh Shekhawat v. State Of Rajasthan (26 February, 2021)

धनजनको क्षति रोकिने र स्थानीय वातावरणको संरक्षण हुने हुन्छ। तर यसको पनि त तथ्याङ्क हुन्छ नि, विज्ञान र प्रविधिको यो युगमा भौगोलिक सुचना प्रणाली (GIS), स्याटलाइट इमेजिङ वा अन्य त्यस्तै प्रणालीद्वारा यसको सर्वेक्षण गर्न पनि त सकिन्छ होला। कुनै वैज्ञानिक तथ्याङ्क वेगर र विना कुनै पुर्वयोजना, मुलुकको भौगोलिक, भौगर्भिक र वातावरणीय संवेदनशीलतालाई विर्सेर, केवल आर्थिक वा राजनीतिक स्वार्थको लागि हाल जे भैरहेको छ सबै ठिक भइरहेको छ, जे कुरा स्थानीय रुपमा भैरहेको छ हाल केन्द्रिय रुपमा गर्न खोजिएको हो भन्ने जस्तो हलुका तर्क गरी ढुङ्गा, गिट्टि वालुवाको निकासी मार्फत व्यापार घाटाको सपना देख्नु वा देखाउनु नत वर्तमान पुस्ताको नत भविष्यका पुस्ताको हितमा हुन्छ। ढुङ्गा, गिट्टि वालुवाको लागि प्रकृति दोहन कदापि प्रिय हुँदैन। एक हिसाववाट भन्दा यसले आमाको हाड मासु लुछेर क्षत विक्षत पारेको जस्तै तसवीर मन मस्तिस्कमा पैदा गर्छ। यो पारिस्थितिकी प्रणालीको विच्छेदन (ecocide) हो।[58] त्यसैले हामी सवै मिलेर हाम्रा हिमाल, पहाड र चुरिया एवं हाम्रा नदि प्रणालीलाई जोगाइ यिनलाई स्वच्छ र स्वस्थ राख्नु पर्छ। प्रकृति हामीले पुर्खावाट हाम्रा सन्ततिलाई वुझाउनको लागि पाएको नासो हो। अन्तरपुस्ता समन्याय र सहकारितालाई हामीले कदापि भुल्न हुँदैन। यो राज्यको न्यासी कर्तव्य पनि हो। त्यसैले प्रकृतिको दोहन गर्ने कार्य गर्दा पुर्व सावधानी सवैको मुलमन्त्र वन्नुपर्छ। यो संविधानले प्रत्याभूत गरेको स्वच्छ तथा स्वस्थ वातावरणमा रहन पाउने जनताको मानव अधिकार तथा पर्यावरणीय दिगो विकासको नीति हो। तसर्थ व्यापार घाटालाई देखाएर प्रकृतिलाई लुछ्ने, नांगो र क्षत विक्षत पारी कहिल्यै पूर्वावस्थामा फर्कन नसक्ने अवस्थामा पुर्‍याउने अधिकार कसैलाई हुँदैन। वरु व्यापार घाटा बढ्नुको कारक तत्वको सम्बन्धमा विगत तीन चार दशकमा राज्यले अवलम्बन गरेको नीति, वातावरण सम्बन्धमा देखिएको कार्यान्वयनको अवस्था एवं जे जुन कारण व्यापार घाटा बढेको हो त्यस्को पहिचान तथा न्यूनिकरणको सम्भावना बारे बृहत अनुसन्धान गरी हाम्रो जैविक विविधताको दिगो उपयोग र नविकरणीय उर्जाको विकास मार्फत घाटा पूर्ति तर्फ लाग्नु पर्ने देखिन्छ।

---

[58] Independent Expert Panel for the Legal Definition of Ecocide, June 2021 ले Ecocide लाई "unlawful or wanton acts committed with knowledge that there is a substantial likelihood of severe and either widespread or long-term damage to the environment being caused by those acts." भनी परिभाषित गरेको छ। हेर्नुहोस् https://www.stopecocide.earth/legal-definition.

३३. ढुङ्गा गिट्टि वालुवाको उत्खनन, उपयोग र निकासी सरकारले हालसम्म लिएका नीतिहरुको वारेमा माथि चर्चा गर्ने क्रममा के देखियो भने यसमा मुलतः मन्त्रीपरिषदले मिति २०७०।०३।२७ मा गरेको निर्णय, मिति २०७१।०३।१६ को चुरे तराईक्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गर्ने निर्णय, त्यसैगरी चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना स्वीकृत गर्ने मन्त्री परिषदको मिति २०७४।२।४ को निर्णय तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७" पारित गर्ने मन्त्री परिषदको निर्णय समेत चारवटा निर्णयहरु विद्यमान रहेको देखियो। यी निर्णयहरुले ढुङ्गा, गिट्टि वालुवाको निकासीलाई पुर्णतः रोक्दैनन। सो कार्य कानूनी व्यवस्थाले गर्छन कि भनी ढुंगा गिट्टि वालुवाको उत्खनन, उपयोग र निकासीको सन्दर्भमा के कस्तो कानूनी व्यवस्था र संरचना रहेछ भनी चर्चा गर्दा यो कार्य स्थानीय सरकार सञ्चालन ऐन २०७४, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ वातावरण संरक्षण ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, भू तथा जलाधार संरक्षण ऐन, २०३९, तथा जलस्रोत ऐन, २०४९ को विरुद्द हुने कुरा निवेदकले उठाएको पाइन्छ भने विपक्षीहरुको लिखित जवाफमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३, र वातावरण संरक्षण ऐन २०७६ का कुराहरु उठाइएका छन। उल्लेखित ऐनहरुले ढुङ्गा, गिट्टि वालुवाको निकासीमा कस्ता सर्तहरु राख्छन, यिनले अनियन्त्रित निकासीलाई रोक्न सक्छन वा सक्दैनन। संविधानले संघीयता अनुशरण गरेको वर्तमान सन्दर्भमा यी कानूनहरु पर्याप्त छन वा छैनन, सो पनि हेर्नुपर्ने हुन आएको छ।

३४. संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल तथा साझा सुचिको सर्वमान्यतामा असर नपर्ने गरी गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा गाँउपालिका तथा नगरपालिकालाई प्रास अधिकारहरु वारे व्यवस्था गर्दै सो दफाको उपदफा (२)को खण्ड (घ) मा "स्थानीय कर, सेवा शुल्क तथा दस्तुर" भन्ने शिर्षक अन्तरगत देहाय (६) मा ढुङ्गा, गिट्टि, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक तथा खनिजजन्य वस्तुहरुको विक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलन गर्ने अधिकार बारे व्यवस्था गरेको देखिन्छ।[५९]। त्यसै गरी दफा ११ कै उपदफा (४) मा पँनि खण्ड (घ)को देहाय (२) मा

---

[५९] त्यसैगरी सोहि दफाको खण्ड (ञ) को देहाय (१२) मा वातावरण संरक्षण र जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानून र मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन, त्यसैगरी

प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टि संकलन, समन्वय र नियमन गर्ने अधिकार, देहाय (३) मा खनिज पदार्थको उत्खनन, सो सम्वन्धी रोयल्टि सङ्कलनको अधिकार, त्यसै गरी खण्ड (ञ)मा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टिको विषयमा अधिकारहरु प्रदान गरिएको र कर्तव्यहरु सुम्पिएको पाइन्छ[६०]। यसरी हेर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का माथि उल्लिखित व्यवस्थाहरुले निकासी शुल्क, दस्तुर, रोयल्टि लिने अधिकार स्थानीय तहलाई दिएको देखिएतापनि त्यसो गर्दा वातावरणीय पक्षलाई दृष्टीगत गर्नु पर्ने दायित्व पनि स्थानीय तहलाई सुम्पेको देखिन्छ। तसर्थ, वावावरणीय चुनौतिहरुलाई विर्सेर निरपेक्षरुपमा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा गिट्टि वालुवाको निकासीको अधिकार स्थानीय सरकार सञ्चालन ऐनले दिन्छ भनी संज्ञान मिल्ने देखिंदैन।

३५. विपक्षी मन्त्रिपरिषदको लिखितजवाफमा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) को पनि जिकिर गरिएको छ। दफा ३(१) मा नेपाल सरकारले सूचित आदेशद्वारा कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन सक्ने तथा उपदफा (२) मा उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्ने व्यवस्था रहेको, सोही व्यवस्था बमोजिम कुनै नदीजन्य पदार्थको निकासीमा अव्यवस्था भएको वा निकासी गर्न दिंदा अधिक दोहन हुन गई मानव, पशु, पन्छी वा वनस्पतिको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएको अवस्थामा नेपाल सरकारले आवश्यक नियन्त्रण गर्न सकिहाल्छ भन्ने जिकिर लिइएको पाइन्छ। तर यसवारेमा स्पष्ट हुनुपर्ने कुरा के छ भने निकासी पठारी (नियन्त्रण) ऐन २०१३ "मालसामान"(product) को निकासी पैठारीसंग सम्वन्धित ऐन हो। यो कुरा सो ऐनको दफा २ मा निकासी पैठारीवारे गरिएको परिभाषावाट स्पष्ट हुन्छ। विपक्षीले उल्लेख गरेको दफा ३ हेर्दा पनि सो दफाले कुनै "वस्तु" को निकासी

---

देहाय (१३) मा स्थानीयस्तरमा वातावरणीय जोखिम न्युनिकरण वारे व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी सोहि उपदफाको खण्ड (न) मा विपद व्यवस्थापन, खण्ड (प) मा जलाधार, वन्यजन्तु, खानी र खनिज पदार्थको संरक्षण वारे विभिन्न व्यवस्थाहरु पनि गरिएका छन्।

[६०] दफा ११ को उपदफा (४) कै खण्ड (ङ) मा वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण, तथा जैविक विविधतावारे व्यवस्था पनि छ।

वा पैठारीमा वन्देज लगाउने वारे व्यवस्था गरेको, "वस्तु" भन्ने शव्दले मालसामान वा तयारी वस्तु (product or finished product) नै बुझाउने देखिदा र सो ऐन अधिकार दिने ऐन भन्दा पनि अधिकारमा नियन्त्रण गर्ने ऐन देखिँदा सो ऐन अन्तरगत सुचित आदेश ननिकालेसम्म ढुङ्गा गिट्टि वालुवाको उल्खनन गरी यावत स्थिति मै निर्वाध निकासी गर्ने अधिकार सरकारलाई हुन्छ भनी अर्थ गर्न मिल्ने देखिदैन।

३६. अर्कोतर्फ, वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ट) वमोजिम विध्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव भए वा दफा २(ध) वमोजिमको प्राकृतिक सम्पदाको हकमा वातावरणीय अवस्थामा परिवर्तन ल्याउने भौतिक क्रियाकलाप वा भू-उपयोगमा परिवर्तन ल्याउने आयोजनाको विषयमा दफा ३ वमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने, दफा ७ वमोजिम वातवरणीय मुल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनुपर्ने, वातावरणीय प्रभाव मुल्याङ्कन वेगर वा प्रतिवेदनको सर्त विपरित कार्य गरेमा दफा ३५ ले सजाय समेतको व्यवस्था गरेको पाइन्छ। साथै सोही ऐनको दफा ३० ले वातावरण संरक्षणका दृष्टीले अति महत्वपूर्ण मानिने स्थलहरुलाई वातावरण संरक्षण क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको पाइन्छ।[61] त्यसैगरी भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १० ले जलाधार क्षेत्रभरको जग्गा मध्ये बाढी वा पैहो आउने वा आउन सक्ने वा भू-क्षय वा भू-कटान हुने वा हुन सक्ने जग्गा भनी जलाधार संरक्षण अधिकृतले तोकिदिएको जग्गामा जलाधार संरक्षण अधिकृतको अनुमति नभई (क) र (घ) अन्तरगत खोलाको प्रवाहमा हस्तक्षेप हुने विभिन्न कार्य गर्ने र (ङ) अन्तरगत ढुङ्गा बालवु, वा अन्य प्रकारको माटो खन्ने, झिक्ने वा लैजाने कार्यलाई निषेध गरेको पाइन्छ। त्यसैगरी जलस्रोत ऐन, २०४९ को दफा १९ मा तोकिएको सहन सीमा भन्दा वढने गरी जलस्रोत प्रदुषित गर्न नहुने, त्यसैगरी दफा २० मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा अरू यस्तै कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी बन ऐन २०७६ को दफा २ (द) ले बनमा रहेका

[61] यो व्यवस्था साविकको वातावरण संरक्षण ऐन, २०५३ को दफा १० मा पनि रहेको पाइन्छ र सोही व्यवस्था अन्तरगत सरकारले २०७१।०३।१६ मा चुरे क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरेको पाइन्छ।

वा बनवाट ल्याइएका चट्टान, माटो, नदिजन्य वा खनिज जन्य पदार्थलाई "वन पैदावार" भन्ने परिभाषा गरेको, त्यसैगरी दफा २(फ) ले बन भित्र रहेको घाँसे मैदान,खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार,नदी, खोलानाला, बगर, पर्ति, ऐलानी जग्गाले ओघटेको क्षेत्रलाई "बन क्षेत्र" भन्ने परिभाषा गरेको पाइन्छ भने दफा ४१ ले पुर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय वमोजिम कुनै आयोजनालाई उपलव्ध गराएको वाहेक राष्ट्रिय बनको कुनैपनि भाग वनक्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी प्रयोग गर्न निषेध गरेको पाइन्छ। त्यसैगरी दफा ४२(१) ले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनैभाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति प्रदान गर्न सक्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी खानी तथा खनिज पदार्थ ऐन २०४२ ले निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (inorganic) पदार्थलाई खनिज पदार्थ भनी परिभाषा गर्दै दफा ३ ले त्यस्तो खनिज पदार्थको स्वामित्व नेपाल सरकारमा रहने, दफा ४ ले त्यस्तो खनिज पदार्थको खनिज कार्य (अर्थात खोज र उत्खनन) कार्य गर्ने अधिकार नेपाल सरकारमा रहने, दफा ५ अनुसार अनुमति प्राप्त व्यक्तिले मात्र खनिज कार्य गर्न सक्ने र सो गर्दा पनि दफा ११क ले त्यस्तो अनुमति प्राप्त व्यक्तिले खनिज कार्य (अर्थात खोज तलास वा उत्खनन) गर्दा पनि वातावरणमा उल्लेखनीय प्रतिकुल नपर्ने गरी गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। यी समस्त कानूनी व्यवस्थाहरुले बातावरणको प्रदुषण, वातावरणीय ह्रास र भू-उपयोगको परिवर्तनलाई गम्भीर विषयको रुपमा हेरेको, विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगमा परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम भएमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन विधिपूर्वक स्वीकृत हुनु वेगर अघि वढन नसक्ने, बाढी वा पैह्रो आउने वा आउन सक्ने वा भू-क्षय वा भू-कटान हने वा हुन सक्ने जग्गा, वा बनक्षेत्रको जग्गालाई विशेष जतनका साथ हेर्दै भू-उपयोगमा परिवर्तन ल्याउने कार्यहरुलाई निरुत्साहित गरेको पाइन्छ। राष्ट्रिय गौरवको

आयोजना सञ्चालन गर्दा पनि वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य सर्तकोरुपमा लिएर नेपाल कानूनले विकास र वातावरणको संरक्षणलाई विशेष महत्वकासाथ हेरेको पाइन्छ।

३७. संक्षेपमा, प्रस्तुत रिट निवेदनमा उठाइएको विषयमा विद्यमान कानूनी व्यवस्थाहरुको पूर्णता वा पर्याप्तता छ वा छैन भन्ने विषयमा विवाद गर्न सकिएला तर, माथि चर्चा गरिएका कानूनहरु सरसर्ति हेर्दा यी कानूनी व्यवस्थाहरुले मुलुकको भौगोलिक, भौगर्भिक र वातावरणीय संवेदनशीलतालाई गौण विषय मान्दै विकास वा व्यापार घाटाको पुर्ति गर्ने नाममा प्राकृतिक सम्पदा उपर प्रहार गर्ने वा लुट मच्चाउने कार्यलाई छुट दिन्छन् भनी निष्कर्षमा पुग्ने अनुमति दिँदैनन्। अर्थात नेपालको विद्यमान कानून मोटामोटिरुपमा प्रकृतिको अनियन्त्रित वा स्वार्थपूर्ण दोहनको विपक्षमा नै रहेको देखिन्छ। नदिजन्य र खानीजन्य प्राकृतिक स्रोत तथा ढुंगा, गिट्टि, वालुवाको उत्खनन, उपयोग र निकासीको सन्दर्भमा आकर्षित हुने नितिगत व्यवस्थाहरुले निकासीलाई पूर्णतः निषेध नगर्दा नगर्दै त्यसमा पनि वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता शव्दावली प्रयोग भएका र कानूनी व्यवस्थाहरु सारमा वेपर्वाहं निकासीको विपक्षमा नै रहेका देखिन्छन। ती व्यवस्थाहरुको चुनौति भनेको नै विभिन्न कानूनहरुको खण्डीकृत उपस्थिति **(fragmented presence)**, कानूनी व्यवस्थाहरु विच लक्ष्यगत समन्वयको अभाव रही कार्यान्वयनको फितलोपन, कानूनको दोहरोपन, कानूनी छिद्रहरुको विद्यमानता हो। यी कानूनहरुको प्रयोग संविधानले अङ्किकार गरेको निति अनुरुप उदेश्यमूलक ढंगबाट हुन सकेको छैन। परिणामतः जिम्मेदार निकाय वीच समन्वयको अभाव र स्थानीय तहमा हुने स्वार्थपूर्ण गतिविधि वा पदिय कर्तव्यको विपरित स्वार्थ राख्नाले संविधानले निर्देश गरेको पर्यावरणीय दिगो विकासको सिद्दान्तलाई गम्भीरतापूर्वक नलिइएको र राष्ट्रियरुपमा नै शुसासनको माध्यमले वातावरणीय विनासलाई रोक्न नसकिएको स्थिति उत्पन्न भएको देखिन्छ।

३८. कानूनी र नितिगत व्यवस्था र तिनको कार्यान्वयनको अवस्था वारे विवेचना गरिसकेपछि अव राज्यको स्वरुप संघीय रहेको सन्दर्भमा ढुङ्गा गिट्टि वालुवाको उत्खनन र त्यसले पार्ने असर समेतको सन्दर्भमा के कस्तो कानूनी संरचना आवश्यक हुन्छ भन्ने चौथो प्रश्न वारे विवेचना गरौं। बिपक्षीहरुको लिखित जवाफ हेर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तरगत ढुङ्गा गिट्टि वालुवाको उत्खननको विषय पर्ने भनी वुझिएको पाइन्छ। सो ऐन अन्तरगत गाँउपालिका र नगरपालिकाको अधिकारको सुचि तयार गर्दा दफा ११(२) मा अनुसुचि ८ अर्थात स्थानीय तहको एकल अधिकार सुचि र दफा ११(४) मा अनुसुचि ९ अर्थात स्थानीय

तह समेतको साझा अधिकार सुचिमा उल्लेखित विषयहरुलाई विस्वितरुपमा राखिएको पाइन्छ। ढुङ्गा, गिट्टि, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा, आदि प्राकृतिक तथा खनिजजन्य वस्तुहरुको विक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलनलाई दफा ११(२)(घ)को देहाय(६) मा राखिएको कुरा माथि चर्चा भईसकेको छ।[62] स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा अनुसुचि ८ र ९ लाई आधार गरी गरी गाँउ पालिका वा नगरपालिकाले गर्न सक्ने कार्यहरुको विस्वित सूचि दिइएको कारण उनीहरुले वा उनीहरुको अनुमतिमा भएका प्रकृतिको अनियन्त्रित दोहनका कार्य संविधानसम्मत छन भन्ने भान कसै कसैलाई पर्न सक्छ। तर वुझ्नुपर्ने कुरा के छ भने अनुसुचि ८ र ९ मा ती कुराहरु मात्र होइन, विपद व्यवस्थापन[63], वातावरण संरक्षण र जैविक विविधता[64] वारे पनि व्यवस्थाहरु राखिएका छन् भन्ने कुरा पनि विर्सन मिल्दैन। यथार्थमा विपद व्यवस्थापन र वातावरण संरक्षण यस्ता विषय हुन जुन संघ र प्रदेशका एकल र साझा सुचिमा उल्लेख भएका अन्य कैयौं व्यवस्थाहरुसंग जोडिन्छन्। उदाहरणको लागि, अनुसुचि ५ अन्तरगत संघको अधिकार क्षेत्र भित्र जलस्रोतको संरक्षण, वहुआयामिक उपयोग सम्वन्धी नीति र मापदण्ड, केन्द्रिय स्तरका ठूला विद्युत, सिंचाई र अन्य आयोजना तथा परियोजना, खानी उत्खनन, राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरण व्यवस्थापन, भू-उपयोग नीति[65] आदि पर्छन। त्यसैगरी, अनुसुचि ६ अन्तरगत प्रदेशको अधिकारमा भूमि व्यवस्थापन, प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन[66] पर्दछन। त्यसैगरी, अनुसुचि ७ अन्तरगत संघ र प्रेदशको साझा सुचिमा प्रदेश सीमा नदि, वातावरण संरक्षण, जैविक विविधता, प्राकृतिक तथा गैर प्राकृतिक विपद पुर्व तयारी, उद्दार तथा राहत र पुनर्लाभ, भूमि निति र सो

---

[62] दफा ११ कै उपदफा (४) को खण्ड (घ) मा पनि प्राकृतिक स्रोत वाट रोयल्टि उठाउने कुरा परेको छ। स्थानीय सरकार सञ्चालन ऐन दफा ११ले आधार गरेको संविधानको अनुसुचि ८ को क्रमसंख्या (२१) मा "जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण वारे व्यवस्था छ भने अनुसुचि ९ को क्रमसंख्या (८) मा खानी तथा खनिज र क्रमसंख्या (१४)मा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टिवारे व्यवस्था छ।

[63] अनुसुचि ८ क्रमसंख्या २०; अनुसुचि ९ क्रमसंख्या ९

[64] अनुसुचि ८ क्रमसंख्या १०

[65] अनुसुचि ५ क्रमसंख्या११,१४,२६,२७ २९

[66] अनुसुचि ६ क्रमसंख्या१६, १९

सम्वन्धी[67] कुराहरु पर्दछन। विवादित ढुंगा गिट्टि वालुवाको उत्खनन, पहाड, वगर, नदि वा आवादि कहाँ कसरी कुन परिमाणमा गर्ने, तिनको निकासी गर्न दिने वा नदिने भन्ने कुरा गर्दा संघ, प्रदेश र स्थानीय तहको अधिकार सुचिमा रहेका माथि उल्लिखित समस्तकुराहरु हेरी विधि र प्रकृया समेत तय गरिनुपर्ने हुन्छ। ढुङ्गा, गिट्टि, वालुवाको उत्खननले भू-उपयोग, वातावरण र जैविक विविधतामा समेत असर गर्न सक्ने हुँदा विभिन्न अनुसुचिका व्यवस्थाहरु र नेपालको भौगर्भिक, भौगोलिक र वातावरणीय संवेदनशीलतालाई हेर्दा नेपालले अपनाएको वर्तमान संघीय संरचनामा यो केवल स्थानीय तहको अधिकारको विषय हो भनी सम्झनु संविधान अनुकुल हुने देखिदैन। ढुङ्गा, गिट्टि, वालुवा प्राकृतिक वस्तु हुँदा नदि वगर, वनजङ्गल, व्यक्तिगत वा सार्वजनिक भूमि कहाँवाट र कुन परिमाणमा निकालियो र त्यसले वातावरण एवं पारिस्थितिकी प्रणालीमा के कस्तो असर परेको छ वा पर्ने सम्भावना छ भन्ने कुरा नहेरी ढुङ्गा, गिट्टि, वालुवा, आदिको विक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलन गर्ने स्थानीय निकायको अधिकार छ भन्दैमा प्रकृति नै विनास हुने वा वातावरणमा उल्लेखनीय रुपमा प्रतिकुल असर वा पारिस्थितिकी प्रणाली नै ध्वंश हुने गरी त्यस्ता वस्तुहरुको उत्खनन, संकलन वा विक्री र निकासी समेत गर्न मिल्छ भनी निरपेक्ष रुपमा भन्न मिल्ने देखिदैन। हाम्रो संघीय संरचनामा स्थानीय तहका निकायहरु जनताको घरदैलोमा रहेर काम गर्ने सुख शान्ति र विकासका सम्वाहक र सारथी हुन्; यी निकासी वा पैठारी गर्ने कर्पोरेसन होइनन् ; यिनीहरु देशको प्रकृति मास्ने र वातावरणीय विनासका कारक वन्न सक्दैनन। यिनीहरुको सिर्जना त्यस निम्ति भएको होइन र यस्तो गर्ने छुट संविधानले स्थानीय तहलाई दिंदा पनि दिदैन। तसर्थ संविधानले कानून निर्माणमा अवसिष्ट अधिकार संघलाई नै प्रदान गरेको[68] समेत संदर्भमा ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, विक्री वितरण र निकासी जुन रुपमा भैरहेको छ, यस्ता कार्यलाई संघीय तहवाट नै उचित विधि र प्रकृया मार्फत नियन्त्रण र नियमन गरिनु पर्यावरणीय दिगो विकासको मान्यता अनुकुल हुने देखिंदा यो विषयको नियमन सोहि अनुरुप गरिनु वान्छनीय हुने देखियो।

[67] अनुसुचि ७ क्रमसंख्या १३,१७ २४

[68] अनुसुचि ५ क्रमसंख्या ३५

३९. अन्त्यमा अब प्रस्तुत विवादमा निवेदकको माग बमोजिम आदेश जारी गर्नुपर्ने अवस्था छ वा छैन। विपक्षीहरुको नाममा कुनै आदेश वा निर्देश जारी गर्नुपर्ने अवस्था छ वा छैन भन्ने पाचौं प्रश्न बारेमा हेर्दा संक्षेपमा माथि विभिन्न खण्डमा नेपालको भौगोलिक, भौगर्भिक र वातावरणीय अवस्थिति र संवेदनशीलताको सन्दर्भमा संविधानले अङ्गिकार गरेको वातावरण संरक्षण र विकास सम्वन्धी नीतिहरु बारे विश्लेषण गरिएको छ। सो सन्दर्भमा वर्तमानमा देखिएका विकास र वातावरण सम्वन्धी चुनौतीहरुलाई मौलिक अधिकार र राज्यका निर्देशक सिद्दान्तहरुको समन्वयात्मक व्याख्या गर्दै र पार्यावरणीय दिगो विकासका सिद्दान्तलाई आधारभूत सिद्दान्तकोरुपमा स्वीकार गर्दै संविधानको रुपान्तरणकारी शक्तिलाई प्रयोग गरिनु र वर्तमानका चुनौतीहरुलाई संवोधन गर्नु आवश्यक देखिन्छ। नेपालको संविधानमा उल्लिखित मौलिक अधिकार र राज्यका नीति र सिद्दान्तहरुको बारेमा चर्चा गर्दा जसरी **प्रतिष्ठापूर्ण जीवनको अधिकारलाई** मौलिक अधिकारमध्ये सबैभन्दा आधारभूत अधिकार (The most fundamental right) मान्न सकिन्छ, मुलुकको भौगोलिक, भौगर्विक, वातावरणीय संवेदनशीलता, हाल भैरहेका गतिविधि, तिनले पारेको प्रभाव र संभावित चुनौती समेतको सन्दर्भमा "पर्यावरणीय दिगो विकासको सिद्दान्तलाई पनि राज्यका नीति र सिद्दान्तहरु मध्ये सबैभन्दा आधारभूत सिद्दान्त (The most fundamental principle)को रुपमा स्वीकार गरिनु अनिवार्य देखिन्छ। यो सिद्दान्तलाई आत्मसात गरेर यस संग नबाझिने गरी विकास र वातावरण वीच सन्तुलन कायम गरिनु र अर्थ, उद्योग एवं बाणिज्य सम्बन्धी नीतिहरु निर्धारण गरिनु र त्यसमा सरोकारवालाहरुको भूमिका खोजिनु संविधानतः वान्छनीय हुन्छ।

४०. प्रस्तुत विवादको निरुपण गर्ने क्रममा विकास र वातावरणको संरक्षणमा यस अदालतले हालसम्म खेलेको भूमिका र विशेष गरेर ढुङ्गा, गिटी, वालुवाको उत्खनन, दोहन तथा निकासीको विषयलाई यस अदालतले के कसरी हेरेको रहेछ भन्ने बारेमा प्रतिपादित सिद्दान्तहरुको रोहमा हेर्ने कोशिश पनि गरिएको छ। सो गर्ने क्रममा स्वच्छ तथा स्वस्थ वातावरणमा मात्र स्वस्थ र प्रतिष्ठापूर्ण जीवन सम्भव हुन्छ; वातावरण संरक्षणको विषय एक राष्ट्रको मात्र नभई सम्पूर्ण विश्वको साझा चासो र सरोकारको विषय हो; त्यसैले वातावरण संरक्षणको विषयलाई संविधानले अङ्गिकार गरेको अन्तरपुस्ता समन्याय, पुर्व सावधानिको सिद्दान्त लगायतका सिद्दान्तहरुको कसिमा हेर्नु पर्ने हुन्छ। विकासको नाममा कुनै पनि रुपमा वातावरण संरक्षणको प्रश्नलाई गौण वा बाह्य विषय मान्न सकिदैन भनी प्रतिपादित

सिद्दान्तहरुको पनि स्मरण गरिएको छ। प्राकृतिक स्रोतको संरक्षण र उपयोगको विषयमा राज्यको जिम्मेदारी न्यासी (Trustee) को रुपमा रहने, यस्ता स्रोतहरुको उपयोग सार्वजनिक हितको निम्ति र वातावरणमा विनास नहुने गरी गरिनुपर्ने, उपयोगको सीमा निर्धारण, नियमन र वातावरणीय मुल्याङ्कनको आधारमा प्राविधिक पक्ष र अन्तरपुस्ता समन्याय समेतलाई दृष्टिगत गरिनुपर्नेवारे यस अदालतबाट स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको अवस्था छ। यहि सिद्दान्त समेतलाई मध्येनजर गरेर तराई मधेश, चुरिया, भावर क्षेत्रका नदिहरुमा भएको अनियन्त्रित दोहनको विषयमा *नारायण देवकोटाको* रिट निवेदनमा[६७] "हाललाई ढुङ्गा गिटि वालुवा निकासी गर्ने कार्य रोकी यस अदालतको आदेश अनुसार गठित प्राबिधिक समितिले तत् तत् उदयोग वाट अझै रोडा, ढुङ्गा वालुवा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो वमोजिम निकासी गर्नु" भनी आदेश गरेकोमा उक्त निर्णय पश्चात पनि नत फैसलाले संकेत गरे वमोजिम कुनै प्राविधिक समिति बनेको नत कुनै अध्ययन नै गरिएको भन्ने जानकारी पाइएवाट यस अदालतको आदेशलाई समेत उपेक्षा गरी वर्तमानमा तराई मधेश, चुरे, भावर समेतका देशका विभिन्न नदिहरुवाट अनियन्त्रित रुपमा नदिजन्य र खानीजन्य प्राकृतिक स्रोत तथा ढुंगा, गिट्टि, वालुवाको उत्खनन, उपयोग र निकासी भइरहेको अवस्था देखियो। ढुङ्गा, गिट्टि वालुवाको उत्खनन, विक्री वितरण र निकासी समेतको सन्दर्भमा सरकारले अनुशरण गरेका नितिहरु हेर्दा हाल भईरहेको अनियन्त्रित उत्खनन र निकासी रोक्ने तर्फ स्थूलरुपमा केन्द्रित रहेको पाइएन। विभिन्न कानूनमा रहेका छिटपुट व्यवस्थाहरु पनि उचित समन्वयको अभावमा कार्यान्वयन हुन सकेको देखिएन। साथै यस्तो गम्भीर विषयलाई एकिकृत ऐनको माध्यमवाट साङ्गोपाङ्ग रुपमा संवोधन गर्न खोजेको पनि पाइएन। विध्यमान कानून र नीतिहरु हेर्दा ढुङ्गा, गिट्टि, वालुवाको उत्खनन र निकासीको विषय स्थानीय तहको एकाधिकारको विषय हो भन्ने जस्तो वुझाई संघीय, प्रदेश र स्थानीय तहमा रहेको पाइयो; यस्तो वुझाई त्रुटिपुर्ण देखिन्छ र नेपालको संविधानको मर्म र भावना अनुकुल देखिंदैन। नेपालको संविधानको अनुसुचि ५, ८, ७ ८ र ९ मा रहेका विभिन्न व्यवस्थाहरु हेर्दा र मुलुकले अङ्गिकार गरेको सहकारी सरकारको सिद्दान्त (Principle of cooperative government), संघीय सरकारमा रहेको अवशिष्ट

---

[६७] अधिवक्ता नारायणप्रसाद देवकोटा विरुद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत ने.का.प. २०६७ नि.न. ८५२१ पृ २०५३.

अधिकारलाई मध्येनजर गर्दा यसवारेमा बृहत रुपमा वस्तुनिष्ठ अनुसन्धान तथा स्वतन्त्र विज्ञहरु समेतसंग छलफल गरि एउटा छाता ऐन निर्माण गरी ढुङ्गा गिट्टी वालुवा लगायत नदिजन्य र खानीजन्य पदार्थहरुको उत्खनन र दोहन मुलुकभित्र निजी र सार्वजनिकरुपमा निर्माण हुने भौतिक संरचनाहरुको निर्माण र सम्भारको लागि मात्र गरिनुपर्ने देखिन्छ। प्राकृतिक स्रोत उपर राज्यको सार्वभौम अधिकारको प्रयोग मुलुक र जनताको हितमा हुनुपर्छ; यसलाई अन्य राष्ट्रले पनि सम्मान गर्नुपर्छ [70] र यो कुरालाई वातावरणीय सुशासन मार्फत सुनिस्चित गरिनुपर्छ। स्थानीय तहमा विध्यमान ढुङ्गा, गिट्टि वालुवा लविले राजनीतिलाई प्रभावित गरिरहेको कुरालाई व्यवस्थापिका संसदको समितिको प्रतिवेदनले समेत औंल्याई रहेको वर्तमान परिप्रेक्षमा यो कुरालाई विधि, प्रकृया र सवल संस्थागत संरचना मार्फत नियन्त्रण गर्न सकिएन भने नदि प्रणालीहरु अनियन्त्रित भई नेपालमा सालिन्दा वाढि पहिरो र धन जनको क्षति गरिरहने; चुरे, महाभारत र अन्य पर्वत श्रृङखलाहरु भू-स्खलनको चपेटमा पर्ने र सालिन्दा वगेर जाने र मुलुकको वातावरण र पारिस्थितिकीय प्रणाली स्वार्थ समुहको चेपुवामा परी क्षतविक्षत हुने अवस्था देखिदा वर्तमान र भावी पुस्ताको हकको संरक्षण र स्वस्थ रहन पाउने स्वयं प्रकृतिको अधिकार समेतको संरक्षण र सम्मान गरिनु अति आवश्यक देखियो।

४१. तसर्थ, उपर्युक्त समस्त सन्दर्भमा विवादित विषयमा सरकारले अध्यादेश मार्फत ल्याउन खोजेको आर्थिक वर्ष २०७८।०७९ को वजेट वक्तव्यको वुदा नं १९९ मा उल्लेख भएका कुराहरुलाई हेर्दा वजेट पेश गर्ने सन्दर्भमा संविधानको प्रावधान तथा यस अदालतका पुर्व आदेशहरु समेतको पालना भए गरेको नपाइदा सो गराउने तर्फ सरकारको ध्यानाकर्षण हुनु आवश्यक छ भन्ने यस अदालतले ठानेको छ। जहासम्म वजेट वक्तव्यको दफा १९९ को कुरा छ तत्पश्चात पेश गरिएंको सरकारको पुरक वजेटमा सो प्रावधानले निरन्तरता नपाएको भई निस्कृय भैसकेको देखिंदा सोलाई वदर गर्न उत्प्रेषणको आदेश जारी गर्नु परेन। तर माथि विभिन्न खण्डमा गरिएको विश्लेषणको आधारमा हेर्दा खानीजन्य वा नदिजन्य प्राकृतिक स्रोतको दोहन गरी ढुङ्गा, गिट्टी वालुवा आदि निकासी गर्ने सम्वन्धमा संविधानका व्यवस्था, भावना र मर्म समेत अनुकुल हुने गरी संघीय विधायिकाद्वारा निर्मित कानूनले अन्यथा व्यवस्था नगरेसम्म नेपालको कुनै पनि क्षेत्रबाट ढुङ्गा, गिट्टि वालुवा आदिको निकासी गर्ने

[70] Principle 2, 18 and 19 of Rio Declaration on Environment and Development, 1992.

गराउने कार्य नगर्नु नगराउनु; मुलुकको भौगोलिक, भौगर्भिक र वातावरणीय संवेदनशीलता समेतलाई दृष्टिगत गरी प्रशासन र सुरक्षा निकायहरु समेतको परिचालन गरी हाल भैरहेको विदेश तर्फको निकासीलाई रोक्नु र वातावरण संरक्षणमा प्रभावकारी व्यवस्था मिलाउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। साथै सालिन्दा नदिले बगाएर ल्याउने नदिजन्य पदार्थहरुको उपयोग नहुँदा नदिले बाटो बदल्ने र धनजनको अरु क्षति हुन्छ भन्ने प्राविधिक अध्ययन, भौगोलिक अध्ययन प्रणाली(GIS), रिमोट सेन्सिङ, इमेजिङ समेतको माध्यमबाट स्पष्टसंग देखिएका स्थान र क्षेत्रमा मुलुकको विकासको आवश्यकतालाई केन्द्रित गरी नदिको सतह गहिरो नहुने, किनारा नभासिने कुरा सुनिस्चित गरी नदीको सापेक्षित रुपमा स्थीर प्रवाह हुने स्थानमा आवश्यक छाँद बाध समेत गरी सो स्थानमा थिग्रन वा जम्मा हुन पुगेका ढुङ्गा, गिट्टी वालुवा समेतका प्राकृतिक स्रोतहरु देशभित्रको पुर्वाधार निर्माणमा मात्र प्रयोग हुने व्यवस्था गर्न विध्यमान नीतिहरुमा पुनरावलोकन गर्नु र वातावरण संरक्षणको सन्दर्भमा दक्ष जनशक्ति सहितको प्रभावकारी संयन्त्र निर्माण गरी वातवारणीय सुशासनको माध्यमले यस विषयको नियमन गर्नू गराउनू भनी विपक्षीहरुका नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

प्रस्तुत रिट निवेदन जारी हुने ठहरेकोले रिट निवेदन दर्ता गर्दा निवेदक शैलेन्द्र प्रसाद अम्वेडकरले र.नं. ५७१७, डा. पुण्य प्रसाद खतिवडाले र.नं. ५७१६, दिनेश त्रिपाठीले र.नं. ५७१९, राम बहादुर शाहीले र.नं.५७२०, हरिराम लवजूले र.नं. ५७१८, आतिस कार्कीले र.नं. ५७२१ मार्फत मिति २०७८।२।२४ मा, बिक्रम नगरकोटीले र.नं. ५७२३ मार्फत मिति २०७८।२।२५ मा र धनन्जय खनालले र.नं. ५७३४ मार्फत मिति २०७८।३।२४ मा यस अदालतमा धरौटी बापत राखेको रकम रु.५,०००।– (पाँच हजार रुपैया) सर्वोच्च अदालत (संवैधानिक इजलास संचालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम निवेदकले कानून बमोजिम दरखास्त दिएमा नियमानुसार फिर्ता दिनू भनी यस अदालतको आर्थिक प्रशासन शाखालाई जानकारी दिनू ....................................१

प्रस्तुत आदेशको प्रति संवैधानिक इजलासको नियम २४ बमोजिम यस अदालतको फैसला कार्यान्यवन निर्देशनालयलाई दिनू ....................................२

सरोकारवालाले नक्कल मागेमा नियमानुसार नक्कल उपलब्ध गराउनू..................................३

यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई आदेश अपलोड गरी निवेदनको दायरी लगत कट्टा गरी नियमानुसार मिसिल बुझाईदिनू ..................................४

न्यायाधीश

उक्त रायमा सहमत छौं।

न्यायाधीश न्यायाधीश न्यायाधीश का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृत : नविन आचार्य

अनुसन्धान सहयोगी: श्रेया संजेल (शाखा अधिकृत), दीक्षा धिताल (इन्टर्न)

कम्प्युटर अपरेटर : हर्क माया राई

इति संवत् २०७९ साल वैशाख ७ गते रोज ४ शुभम ...............................................।